# ग्रामीण कन्दरा

**चारतारे युवा क्लव सिवाईसी नेपाल**

**संरक्षक**
चण्डिप्रसाद शर्मा पौडेल
**सल्लाहाकार**
जगन्नाथ आचार्य
**प्रधान सम्पादक**
गोपाल कुमार शर्मा
**सम्पादन मण्डल**
लक्ष्मण खड्का
सीता शर्मा
रोशन कुमार अधिकारी
**कम्प्यूटर ले-आउट**
सुमन जि.सी

**व्यवस्थापन**
संगिता शर्मा पौडेल
मुक्तिप्रसाद शर्मा पौडेल
प्रतिभा शर्मा
प्रतिमा आचार्य
**प्रकाशक**
**चारतारे युवा क्लव सिवाईसी नेपाल**
बा.न.पा.-३, समिक्षालयरोड,

# यसभित्र..............................


| शिर्षक | पेज नं. |
|---|---|
| साधारण सभाको चिठी | १ |
| संस्थागत परिचय | २ |
| अध्यक्षको कलम | १०- |
| आ.व. ०७४।०७५ को वार्षिक प्रगति प्रतिवेनद र आ.व. ०७५।०७६ को प्रस्तावित नीति तथा कार्यक्रम | १२ |
| आ.व. ०७४।०७५ को आर्थिक प्रगति प्रतिवेदन र ०७५।०७६ को प्रस्तावित आय-व्यय विवरण | ३१ |
| ०७३।०७४ को लेखापरिक्षण प्रतिवेदन | ३६ |
| सभा सञ्चालन कार्यविधि | ४२ |
| सिवाईसी लघुवित्त कार्यक्रम नयाँ संरचनामा | ४५ |
| सिवाईसी नेपाल विगतदेखि आगतसम्म | ४७ |
| आत्मनिर्भरता | ५० |
| सफलताका कथाहरु | ५२ |
| लेख रचनाहरु | ६१ |
| समचारहरु | ६३ |
| नोट | ७२ |

ईमेलः- cycbgl@ntc.net.np
सम्पर्कः-०६८-५२०१४६
"सामाजिक एकता, आजको आवश्यकता"
जि.प्र.का.द.नं. ५४, स.क.प.आ.नं. ११६९, नेपाल राष्ट्र बैंक आ.नं. ०५

# चारतारे युवा क्लव सिवाईसी, नेपाल
# CHARTARE YOUTH CLUB, CYC NEPAL

मूख्य कार्यालय बागलुङ

प.सं- ०७५/०७६
मितिः- २०७५/०७/११
च.नं- ८७

**विषयः- २७ औं वार्षिक साधारण सभामा आमन्त्रण गरिएको सम्वन्धमा ।**

श्री

महोदय,

प्रस्तुत विषयमा मिति २०७५।०७।१० गते बसेको यस संस्थाको कार्यसमितिको ३४५ औं बैठकको निर्णयानुसार **"सामाजिक एकता, आजको आवश्यकता"** भन्ने मुल नाराका साथ तपसिलमा उल्लेखीत विषयवस्तुहरुमा छलफल गरी निर्णय गर्न निम्न मिति, समय र स्थानमा २७ औं वार्षिक साधारण सभाको आयोजना गरिएकाले उक्त साधारण सभामा उपस्थित भईदिनु हुन अनुरोध गरिन्छ । संस्थाको संस्थागत विकासमा सदस्यहरुको महत्वपूर्ण भूमिका रहने भएकाले कार्यक्रममा समयमै उपस्थित भई सक्रीय सहभागिताको अपेक्षा गरिएको छ। साथै कार्यक्रममा उपस्थित हुँदा आफ्नो अटोसाईजको दुईप्रति फोटो र फोटोको पछाडि नाम र फोन नं. समेत लेखी साथैमा लिएर आउनुहुन अनुरोध छ।

**कार्यक्रम हुने मिति, समय र स्थान**

मितिः- २०७५ मंसीर ८ गते शनिवार।

सयमः- विहान ठिक १०:३० बजे ।

स्थानः- गल्कोट बहुमुखी क्याम्पसको प्राङ्गण ग.न.पा.-३ हटिया बजार।

**साधारण सभामा कार्यसमितिबाट प्रस्तुत प्रस्तावहरुः**

१) साधारण सभाको निर्णय पुस्तिका प्रमाणित गर्न प्रतिनिधिको मनोनयन सम्वन्धमा।
२) आ.व. २०७४।०७५ को प्रगति प्रतिवेदन, आ.व. २०७५।०७६ को प्रस्तावित नीति तथा कार्यक्रम प्रस्तुती छलफल र पारीत सम्वन्धमा।
३) आ.व. २०७४।०७५ को आर्थिक प्रगति प्रतिवेदन , लेखा परीक्षण प्रतिवेदन आ.व. २०७५।०७६ को प्रस्तावित आय व्यय विवरण प्रस्तुती छलफल र पारीत सम्वन्धमा।
४) आ.व. २०७५।०७६ को लागि लेखा परीक्षकको नियुक्ती र पारीश्रमीक निर्धारण सम्वन्धमा।
५) संस्थाको नीति नियम र निर्देशिका सम्वन्धमा ।
६) कार्यक्रम हस्तान्तरण सम्वन्धमा।
७) विविध ।

(चण्डिप्रसाद शर्मा पौडेल)
अध्यक्ष

# संस्थाको परिचय

**संस्थाको ऐतिहाँसीक पृष्ठभुमी**

चारतारे युवा क्लव नेपाल, सम्पूर्ण राष्ट्रप्रेमी समाजसेवी, विकास प्रेमी सवै प्रकारको अन्याय अत्याचारको विरुद्ध दृढताका साथ अघि बढ्ने न्यायपूर्ण सु-संस्कृत समानतामा आधारित सुदृढ र आत्मनिर्भर समाजको निर्माण गर्ने चाहना भएका नेपालीहरुको साझा संस्था हो । साविकको तित्याङ्ग गा.वि.स वडा नं ९ अदुवावारी स्थीत पं रवि प्रसाद उपाध्यायको ऐतिहाँसीक घरमा २०४९।०६।२० का दिन भएको भेलावाट यो संस्था स्थापनाको परिकल्पनालाई वर्तमान अध्यक्ष चण्डि प्रसाद शर्मा पौडेलको पहलमा साकार पारिएको हो ।

**परिकल्पना (Vision) :**

मानवीय श्रोतको उच्चतम परिचालन भएको स्वस्थ सामाजिक, आर्थिक शिक्षित, स्वावलम्वी र आत्मनिर्भर समाज ।

**ध्येय (Mission) :**

- पिछडिएका वर्गहरुको सामाजिक र आर्थिक अवस्थामा सुधार ।
- समुदायमा आधारित संस्थाहरु (CBO), स्थानीय गैर सरकारी संस्थाहरु र (LNGO) को क्षमता अभिबृद्धि गर्ने र सरकारी गैर सरकारी निकाय संग समन्वय गरी प्राप्त श्रोत साधनको उपयोग एवं सदुपयोग गर्दै स्थानीय श्रोत साधनको अधिकतम परिचालन तथा  व्यबस्थापनबाट दिगो र संस्थागत विकास ।
- संस्थाद्वारा संचालित कार्यक्रमहरुलाई अन्य संघसंस्थाहरुसंग प्रभावकारी समन्वय गरी प्रजनन् स्वास्थ्य तथा सामुदायिक विकासका कार्यक्रमहरु संचालन गरी जनस्वास्थ्यमा सुधार ल्याउन पहल गर्ने ।

**लक्ष्य : (GOAL)**

- उत्प्रेरणा स्वावलम्बन एवं सशक्तिकरणका लागि प्राप्त हुने वा हुन सक्ने अवसर र वातावरण सृजना गर्ने ।
- विद्यमान ज्ञान, सीप र धारणामा समयानुकुल परिवर्तन गर्ने ।
- सामाजिक परिचालनबाट सहभागितामा आधारित विकास प्रक्रियालाई अगाडी बढाई दिगो र संस्थागत विकासका लागि सरकारी, गैह्र सरकारी र सहकारी संघ संस्थाहरुलाई विकासका लागि अभिप्रेरित गर्ने ।
- सामुदायिक परिचालन कार्यक्रम मार्फत उच्च बाल तथा मातृमृत्युदर घटाउने राष्ट्रिय अभियानलाई सहयोग पुऱ्याउने ।

**उद्धेश्यहरु : (OBJECTIVES)**

- शिक्षाको महत्व दर्शाउँदै सामाजिक विकासका लागि जनचेतना अभिबृद्धि गर्ने ।
- महिला सशक्तिकरण  सम्बन्धि कार्यहरु गर्ने ।
- आयमुलक, रोजगारमुलक र सिपमुलक कार्यक्रमहरु सञ्चालन गर्ने गराउने लगाएतका पछाडि पारे पारिएका वर्गहरुको उत्थानका लागि विविध कार्यहरु गर्ने गराउने ।
- बालबालिका, युवा, महिला जेष्ठ नागरीक र फरक क्षमता भएका हरुका लागि विविध कार्यक्रमहरु संचालन गर्ने, गराउने ।
- सरकारी गैह्र सरकारी संघ संस्था र सञ्जालहरुको क्षमता अभिबृद्धि गर्ने ।
- वातावरणीय सन्तुलन र सवै प्रकारको उर्जा प्रवर्धनमा सक्रीय भई काम गर्ने, गराउने ।

- विकास निर्माणका कार्यहरु जस्तो - बाटो, घाटो, बनजंगल, देवालय, सार्वजनिक जग्गा, सिंचाई, कुलो, शौचालय, स्वास्थ्य शिक्षा, उर्जा विकास, सामाजिक संस्कृति, खेलकुद, संचार जस्ता विविध सामाजिक कार्यहरुमा सक्रिय सहभागि भै काम गर्ने, गराउने
- विभिन्न सरकारी, गैह्र सरकारी, राष्ट्रिय अन्तर्राष्ट्रिय संघ संस्थाहरु संग भाईचाराको सु-सम्बन्ध अभिबृद्धि गर्दै सहयोगको आदान प्रदान गर्ने ।
- समुह, व्यक्ति र सदस्यहरुको क्षमता अभिबृद्विका लागि वित्तिय कारोवार संचालन गर्ने, गराउने ।
- दिगो भू -व्यबस्थापनका प्रकृयाहरु अवलम्वन गरी आत्मनिर्भर व्यवसायीक कृषि विकासका कार्यक्रमहरु सञ्चालन गर्ने ।
- सामाजिक परिचालनको माध्यमबाट गरिवी न्यूनिकरण, सामाजिक सुरक्षा र प्रजनन् स्वास्थ्य लगाएतका कार्यहरु गर्ने गराउने ।
- जलवायु परिवर्तनवाट हुने असरहरु न्युनिकरण सम्वन्धि कार्यहरु गर्ने ।
- समुदाय तथा संस्थाका सदस्यहरुलाई उपभोग्य सामाग्री उपलब्धताका लागि आवश्यक कार्यहरु गर्ने ।
- भविष्यका कर्णधार र वर्तमानका साझेदार युवाहरुको विकाससंग सम्वन्धित कार्यहरु सञ्चालन गरी सामाजिक पुँजीको अभिबृद्धि गर्ने, गराउने ।
- सुचना सञ्चार, प्रकाशन र प्रसारणको माध्यमवाट समुदायको शशक्तिकरण गर्ने ।

**मुख्य नारा, मन्त्र, काम, रणनीति, समन्वय, सहजिकरण, कार्यशैलि र प्रतिवद्धता**

- **मुख्य नारा** : सामाजिक एकता, आजको आवश्यकता ।
- **मुख्य मन्त्र** : सुचना, संगठन, बचत र सीप ।
- **मुख्य काम** : माटो, बाटो, पानी खाल्टो ,"शिक्षा, स्वास्थ्य, लघुवित्त वाट उज्यालो भविष्य" ।
- **रणनिती** : राम्रो काम फैलाउने, नराम्रो काम औंल्याउने ।
- **समन्वय** : १२ महिना १२ भेट विकास सुचना अप टु डेट ।
- **सहजिकरण** : विकासमा महिला, सहजिकरण, सहभागिता र पारदर्शितामा पहिला
- **कार्यशैलि** : रहरले काम गर्छौ, हाँसेर सेवा गर्छौ ।
- **प्रतिवद्धता** : काम वाडौं, आजको काम आजै गरौं, भोलि भन्न छाडौं ।

**कार्यक्षेत्र**

- नेपाल अधिराज्यभर ।
- हाल ६ जिल्लामा प्रत्यक्ष कार्यरत ।
- अप्रत्यक्ष रुपमा ३५ जिल्लामा कार्यरत ।

**संस्थाका कार्यालयहरुको विवरण**

| क्र.स | कार्यालयको नाम | ठेगाना | सम्पर्क नं |
|---|---|---|---|
| १. | मुख्य कार्यालय | बा.न.पा.-२, बागलुङ बजार | ०६८-५२०१४६ |
| २. | बागलुङ शाखा | बा.न.पा.-२, बागलुङ बजार | ०६८-५२२९८२ |
| ३. | हटिया शाखा | ग.न.पा.-हटिया-३, लोकतन्त्र चोक | ०६८-४१२०४६ |
| ४. | तम्घास शाखा | रेसुङ्गा न.पा.-८, खानीगाउँ | ०७९-५२११२८ |
| ५. | बेशीसहर शाखा | बेशिसहर न.पा.-३, पुराना बैंक चोक | ०६६-५२०६८३ |

| | | | |
|---|---|---|---|
| ६. | सुन्दरबजार शाखा | सुन्दरबजार न.पा.-७, भिमसेन चोक | ०६६-४०२१९२ |
| ७. | खर्वाङ शाखा | बडिगाढ गाउँपलीका-२, खर्वाङ | ०७९-४१२०८२ |
| ८. | बुर्तिवाङ शाखा | ढो.न.पा.-१, बुर्तिवाङ बजार | ०६८-४१००७१ |
| ९. | कुश्मिसेरा शाखा | जैमीनी न.पा.-१, कुश्मिसेरा | ०६८-४२१०५७ |
| १०. | शान्तिपुर शाखा | चन्द्रकोट गा.पा.-१, शान्तिपुर | ९८५७६४६२११ |
| ११. | तानसेन शाखा | ता.न.पा.-२, वडिगानटोल | ०७५-५२१०४० |
| १२. | बेलवगर शाखा | जैमीनी न.पा.-८, बेलवगर | ०६८-६२००४६ |
| १३. | बरेङ शाखा | बरेङ गा.पा.-२, बागलुङ | ०६८-६२००८९ |
| १४. | अक्षते शाखा | काठेखोला-२, भिमापोखरा अक्षते | ९८५७६४६२१४ |
| १५. | दमौली शाखा | व्यास न.पा.-२, तनहु | ०६५-५६२५६९ |
| १६. | खैरेनीटार शाखा | शुक्लागण्डकी न.पा.-७, खैरेनीटार तनहु | ०६५-४१२३६४ |
| १७. | रामपुर शाखा | रामपुर न.पा.-७, पाल्पा | ०७५-४००४५९ |
| १८. | भोर्लेटार शाखा | मध्यनेपाल न.पा.-६, भोर्लेटार | ०६६-४१०१६३ |
| १९. | वामी शाखा | मुसीकोट न.पा.-७, वामी | ०७९-४१२०८१ |
| २०. | पुर्तिघाट शाखा | कालीगण्डकी गा.पा.-४ पुर्तिघाट गुल्मी | ०६८-६२००८५ |
| २१. | छत्रगञ्ज शाखा | छत्रदेव गाउँपालीका- ५, अर्घखाँची | ०६८-६२००५४ |
| २२. | सीमलटारी शाखा | मालिका गा.पा.-८, गुल्मी | ९८५७६४६२२१ |

**मानवीय श्रोत**

- संरक्षक, सल्लाहकार र संचालक गरी १४ जनाको संचालक समिति ।
- आजीवन र विशिष्ठ गरी २००० जना संस्थाका सदस्यहरु
- विभिन्न विषयमा विज्ञ १२१ जना पूर्णकालिन कर्मचारीहरु ।
- ३७५६० सहयोगि सदस्यहरु ।

**संस्थाको पहलमा स्थापीत संस्थाहरु**

- सिवाईसी बचत तथा ऋण सहकारी संस्था लि. बागलुङ
- सिर्जनशिल युवा काउन्सील
- सिवाईसी एग्रोभेट
- विपद व्यवस्थापन कार्यदल
- सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्था
- मुक्तिनाथ स्वास्थ्य सहकारी संस्था लि.


**सामाजिक सुरक्षा तथा मानविय समवेदनाका लागि संस्थाद्धारा सञ्चालीत कार्यक्रमहरु**

- जीवन सुरक्षा योजना
- आवास सुरक्षा योजना
- सुत्केरी भेटघाट तथा सहयोग


- शैक्षिक सहयोग
- विरामी भेटघाट
- समवेदना तथा श्रदाञ्जली
- कर्जा सुरक्षण तथा कर्जा मिनाहा
- स्टेचर तथा आकस्मीक कोष सहयोग
- आवाश्यक तालिम, गोष्ठिहरु वाट क्षमता अभिवृद्वि सेवा तथा समन्वय

## सिवाईसी लघुवित्त कार्यक्रमको विगत ५ वर्षदेखिको विकासक्रम

### सदस्य संख्या र ऋणी संख्या




### बचत परिचालन र लगानीमा वाँकी ऋण



# समिती तथा उपसमितिहरुको विवरण

## कार्यसमिति

| क्र.स | संचालकको नाम | ठेगाना | पद | सम्पर्क फोन |
|---|---|---|---|---|
| १ | पद्मनाथ शर्मा | बा.न.पा २, वागलुङ | संरक्षक | ९८५७६२००६९ |
| २ | चण्डिप्रसाद शर्मा पौडेल | बा.न.पा. - ९ बागलुङ | अध्यक्ष | ९८५७६२०१४६ |
| ३ | लक्ष्मण खड्का | बा.न.पा. - ९ बागलुङ | उपाध्यक्ष | ९८४७६६७७२२ |
| ४ | वीर वहादुर किसान | बा.न.पा -२, माझकोट | सचिव | ९८४७६२००१२ |
| ५ | गण्डकी थापा अधिकारी | वडिगाड गा.पा.-७ भिमगिठे | सह-सचिव | ९८५७६२९१२६ |
| ६ | बिमला गुरुङ | बा.न.पा. - २, बागलुङ | कोषाध्यक्ष | ९८४७६२२२०५ |
| ७ | गोपाल कुमार शर्मा | बा.न.पा. - ८, बागलुङ | सदस्य | ९८५७६२०७५४ |
| ८ | सीता शर्मा | बा.न.पा. - ९, बागलुङ | सदस्य | ९८५७६२०७१८ |
| ९ | ओमप्रकाश पौडेल | बा.न.पा. - ९, बागलुङ | सदस्य | ९८४७६३१०४८ |
| १० | कीरण थापा | बा.न.पा. - ९ बागलुङ | सदस्य | ९८५७६२५५५८ |
| ११ | रेशमवहादुर के.सी. | बा.न.पा.-११, वागलुङ | सदस्य | ९८५७६२०१३१ |
| १२ | देव वहादुर श्रेष्ठ | बा.न.पा -२, बागलुङ | सल्लाहाकार | ०६८५२०१९२ |
| १३ | जगन्नाथ आचार्य | बा.न.पा -४, बागलुङ | सल्लाहाकार | ९८५७६२०७९४ |
| १४ | ईन्द्रराज पौडेल | जैमीनी न.पा.-८, बागलुङ | सल्लाहाकार | ९८४७७२९५३६ |

## उप-समितिहरुः-

### लघुवित्त कार्यक्रम समन्वय उपसमिति

| क्र.स | शाखाको नाम | शाखा संयोजक | पद | फोन/मोवाईल |
|---|---|---|---|---|
| १. | चण्डिप्रसाद शर्मा पौडल | तित्याङ-९, बागलुङ | संयोजक | ९८५७६२०१४६ |
| २. | लक्ष्मण खड्का | तित्याङ-३, वागलुङ | सदस्य | ९८४७६६७७२२ |
| ३. | वीरवहादुर किसान | वा.न.पा.-२, वागलुङ | सदस्य | ९८४७६२००१२ |
| ४. | गण्डकी थापा अधिकारी | भिमगिठे-१, वागलुङ | सदस्य | ९८५७६२९१२६ |
| ५. | विमला गुरुङ | अम्मरभुमी-८, वागलुङ | सदस्य | ९८४७६२२२०५ |
| ६. | गोपालकुमार शर्मा | सिगाना-४, वागलुङ | सदस्य | ९८५७६२०७५४ |
| ७. | सीता शर्मा | तित्याङ-९, वागलुङ | सदस्य | ९८५७६२०७१८ |
| ८. | ओमप्रकाश पौडेल | तित्याङ-९, वागलुङ | सदस्य | ९८५७६३१०४८ |
| ९. | किरण थापा | तित्याङ-७, वागलुङ | सदस्य | ९८५७६२५५५८ |
| १०. | रेशमवहादुर के.सी | तित्याङ-९, वागलुङ | सदस्य | ९८५७६२०१३१ |
| ११. | ईन्द्रराज पौडेल | जैदी-७, वागलुङ | सदस्य | ९८४७७२९५३६ |
| १२. | जगन्नाथ आचार्य | वा.न.पा.-११, वागलुङ | सदस्य | ९८५७६२०७९४ |
| १३. | रोशनकुमार अधिकारी | प्रमुख कार्यकारी अधिकृत | सदस्य सचिव | ९८५७६४६५०० |

### महिला शशक्तिकरण तथा बाल विकास उपसमिति

| क्र.स. | नाम, थर | ठेगाना | पद | सम्पर्क नम्वर |
|---|---|---|---|---|
| १ | गण्डकी थापा अधिकारी | वडिगाड गा.पा.-७, बागलुङ | संयोजक | ९८५७६२९१२६ |
| २ | विमला गुरुङ | अम्मरभुमी-८, वागलुङ | सदस्य | ९८४७६२२२०५ |
| ३ | सीता शर्मा | बा.न.पा.-९ | सदस्य | ९८५७६२०७१८ |
| ४ | किरण थापा | बा.न.पा.-९ | सदस्य | ९८५७६२५५५८ |
| ५ | अमृता थापा | बा.न.पा.-९ | सदस्य | ९८५७६२५५५८ |
| ६ | कविता थापा | बाठेखोला गा.पा.-७ | सदस्य | ९८०६१३५०९८ |

### ऋण उपसमिति

| क्र.स. | नाम, थर | ठेगाना | पद | सम्पर्क नम्वर |
|---|---|---|---|---|
| १ | विर वहादुर किसान | वा.न.पा.- ३, माझकोट | संयोजक | ९८४७६२००१२ |
| २ | प्रेमप्रसाद शर्मा | बा.न.पा.-९, तित्याङ | सदस्य | ९८५७६२०९८७ |
| ३ | संगिता शर्मा पौडेल | बा.न.पा.- ५, रात्माटा | सदस्य सचिव | ९८४७६२४५७४ |

### शिक्षा, संस्कृति, सूचना तथा प्रकाशन उपसमितिः

| क्र.स. | नाम, थर | ठेगाना | पद | सम्पर्क नम्वर |
|---|---|---|---|---|
| १ | गोपाल कुमार शर्मा | बा.न.पा.-८, सिगाना | संयोजक | ९८५७६२०७५४ |
| २ | सीता शर्मा | बा.न.पा.-९, तित्याङ | सदस्य | ९८५७६२०७१८ |
| ३ | कविराज जि.सी | बा.न.पा.-८, सिगाना | सदस्य | ९८४७६३१२४४ |

### कर्मचारी सुपरीवेक्षण अनुगमन तथा पदपूर्ति उपसमितिः

| क्र.स. | नाम, थर | ठेगाना | पद | सम्पर्क नम्वर |
|---|---|---|---|---|
| १ | लक्ष्मण खड्का | बा.न.पा.-९, बागलुङ | संयोजक | ९८४७६६७७२२ |
| २ | सीता शर्मा | बा.न.पा.-९, बागलुङ | सदस्य | ९८५७६२०७१८ |
| ३ | गोपाल कुमार शर्मा | बा.न.पा.-८, बागलुङ | सदस्य | ९८५७६२०७५४ |

### आन्तरिक लेखा परिक्षण तथा सुपरिवेक्षण उपसमितिः

| क्र.स. | नाम, थर | ठेगाना | पद | सम्पर्क नम्वर |
|---|---|---|---|---|
| १ | सीता शर्मा | वा.न.पा -२ | संयोजक | ०६८-५२०१९२ |
| २ | विमला गुरुङ | वा.न.पा -२ | सदस्य | ९८४७६२२२०५ |
| ३ | संगिता शर्मा पौडेल | वा.न.पा -३ | सदस्य | ९८५७६२४५७४ |

### संस्थाद्वारा सञ्चालन भएका कार्यक्रमहरुः

- लघुवित्त कार्यक्रम
- दीगो भू-व्यबस्थापन कार्यक्रम ।
- किसान किसान कृषी प्रसार कार्यक्रम ।
- स्वास्थ्य अधिकार तथा सुर्ति नियन्त्रण कार्यक्रम ।
- ग्रामीण खानेपानी तथा सरसफाई कार्यक्रम ।

- सुमार्ग कार्यक्रम ।
- समयदान तथा समय व्यवस्थापन कार्यक्रम
- जीवन र जीविका कार्यक्रम ।
- सामूदायिक वन विकास कार्यक्रम ।
- सुरक्षीत मातृत्व कार्यक्रम (समता र पहुँच कार्यक्रम)
- युवा आकाश कार्यक्रम ।
- हामी सक्छौं कार्यक्रम ।
- स्थानीय शासन तथा सामुदायीक विकास कार्यक्रम ।
- समुदायमा सिवाईसी कार्यक्रम
- विपद व्यवस्थापन कार्यक्रम

**काम गर्दै जाँदा संस्थामा आएका परिवर्तनहरु**

- पुरुष कर्मचारीहरुलाई सुत्केरी स्याहार विदा ।
- जनशक्ति शव्दको सट्टामा मानवीय श्रोत शव्दको प्रयोग ।
- सानो दुध खाने महिला कर्मचारीका लागि १२.१५ देखी १२.४५ वजे सम्म स्तनपान समय तोकी विशेष सहुलियत प्रदान ।
- सानो वच्चा भएको तथा घरमा कामको वोझ भएका महिला कर्मचारीहरुलाई सामान्यता कार्यालय समय भन्दा १५ मिनेट ढिलो भएपनि गयल नगर्ने गरिएको ।
- महिला कर्मचारीहरुलाई सुत्केरी अगाडि र पछाडि गरी २ महिना तलवी विदा ।
- गर्भवती कर्मचारीलाई महिनामा १ दिन गर्भ परिक्षण विदा
- सुश्री, श्रीमती, श्रीमानको सट्टा श्री मात्र लेख्ने प्रचलन ।
- सभा सम्मेलन तथा अन्य कार्यक्रमहरुमा सम्वोधन गर्दा वा वोल्दा सभापति शव्दको सट्टा अध्यक्ष र सभाध्यक्ष जस्ता शदको प्रयोग ।
- सिवाईसीका समिति उपसमितिहरुमा समावेशिकरण ।
- व्याच वितरण गर्दा महिला र पुरुष दुवैलाई सहभागि गराउने गरिएको ।
- आईमाई शव्दको सट्टामा महिला शव्दको प्रयोग ।
- सभा सम्मेलन आदिमा सम्वोधन गर्दा महिला तथा सज्जनवृन्द शव्दको सट्टामा दाजुभाई दिदीवहिनी भनेर सम्वोधन ।

**सिकाईहरु**

- संस्थाद्वारा संचालित कार्यक्रम सहयोगी निकायले सहयोग गर्ने वेलासम्म मात्र चल्ने होईन त्यस पछाडि पनि चल्ने गरी योजना तथा कार्यान्वयन गर्नुपर्दछ ।
- परनिर्भर मुखी नबनी आत्मनिर्भरताका उपायहरु संचालनमा ल्याउनु पर्दछ ।
- स्थानिय श्रोत र साधानमा आधारित कार्यक्रमहरु चिरस्थायी दिर्घजीवी हुने रहेछन्
- नेपालको विकासमा पैसाको खाँचो होईन विचारको खाँचो रहेछ ।
- संस्थाको निरन्तर संचालनका लागि Social Security मा काम गर्नु पर्दो रहेछ ।
- स्थानीय स्तरमा उठाएका सवालहरु राष्ट्रिय मुद्दा वन्न सक्ने रहेछन् ।
- युवाहरुको विदेश पलायन रोक्न कृषि क्षेत्रको समग्र विकास गर्नुपर्दछ ।
- युवा वेच्ने होईन उत्पादन वेच्नु पर्दछ ।

अध्यक्षको कलमबाट

# सिवाईसी स्थापना देखि रुपान्तरणसम्म

**चण्डिप्रसाद शर्मा पौडेल**
**अध्यक्ष**



**विपन्नका आखा भरी आसु थिए हेर्दा,**
**ती आँसु मेटाईदियो सिवाईसीले गर्दा ।**
**मर्दा पर्दा साथ दियो सिवाईसीले हाम्लाई,**
**समाजले सम्मान गर्छ सिवाईसीको कामलाई ।।**

लघुवित्त कार्यक्मको आ.व. ०७४/०७५ को बार्षिक समीक्षा तथा योजना तर्जुमा गोष्ठिका बेलामा लघुवित्त कार्यक्रममा संलग्न एक जना दिदीले भनेको उक्त कविताका हरफले मेरो मन छोयो । हामीले निरन्तर काम गरिरहेका थियौं । प्रशंसा र प्रतिफलको कहिल्यै आस गरेनौं तर उक्त भनाई सुनेपछि हाम्रा हकवालाहरुले हाम्रो कामको मुल्याङ्कन गर्नुहुने रहेछ भन्ने मलाई लाग्यो । हाम्रो टिममा रहेका साथीहरुलाई पनि मैले भने हेर्नुहोस लघुवित्त कार्यक्रम बास्तवमा महान छ । यहाँ धेरै कार्यक्रमहरु धनी र समृद्धलाई केन्द्रित गरेर सञ्चालित हुन्छन् तर लघुवित्तले चाउरिएका अनुहार भएका, छाप्रो र झुप्रोमा बस्ने केही गर्छु भन्ने सोच चाहाना र उत्साह भएका तर पैसाको अभाव भएका व्यक्तिहरु त्यसमा पनि महिला दिदीबहिनीहरुसंग काम गर्दछ । **"धनीलाई लगाएको गुन काम सकिएपछि विर्सन्छ तर गरीबलाई एकपटक सहयोग गर्ने हो भने ऊ जिन्दगीभर कृतज्ञ हुन्छ"** भनेर यि वर्ग वा हकवालाहरुसंग तपाईहरुले गरेको त्याग र जोखिमको मुल्य चुकाउन तपाईले प्राप्त गरेको तलवले नसक्ला तर तपाईका कारणले एकजना गरीवको जिन्दगीमा समृद्धि आउछ। त्यो समृद्धिले तपाईमा देखिने चमक र खुसीलाई मूल्यमा मापन गर्न सकिदैन र मिल्दैन पनि। यो त अमूल्य हुन्छ।

सामुदायिक विकास, स्वयंसेवा र लघुवित्त कार्यक्मको माध्यमबाट सिवाईसीले छोटो समयमा समाजमा एउटा बैभव छोडेको छ । बोल्न नसक्ने आफ्नो भावना राख्न नसक्ने दिदिबहिनीहरुलाई नेता बनाउन सकेको छ । नेतामा तत्व थपेर नेतृत्व विकास गराउन सकेको छ । स्थापनामा हामीले परिकल्पना गरेको स्वावलम्वन आत्मनिर्भरता र पारस्परिकताको नमुना स्थापित गर्न सकिएको छ । जतिबेला हामीले लघुवित्त कार्यत्रमको शुरुवात गरेका थियौ त्यतिबेला सर्वसाधारणको बैंकहरुमा पहुच थिएन । समुदाय स्तरमा संचालित लघुवित्त र सहकारीहरुले जनसंख्याको ठुलो हिस्सालाई वित्तीय पहुच भित्र ल्याएको कारण आज गरिवी घटेको छ।

हामीले घरदैलोसम्म पुगेर सेवा प्रवाह गर्दा संचालन खर्च बढी हुन्छ झट्ट हेर्दा व्याजदर महंगो लाग्छ तर बैंकसम्म जान आउन लाग्ने समय, यातायात खर्च, दैनिक ज्याला, खाजा, खर्च जस्ता कुराहरुलाई हिसाव गर्ने हो भने लघुवित्तको ब्याज अत्यन्त सस्तो देखिन्छ । "**आखा नहुनेलाई ऐनाको के काम भने झै**" गरीबले नपाउने पैसा सित्तैमा बिना व्याजमा दिएपनि केही अर्थ राख्दैन् । बैंकमा विना धितो ऋण लगानी हुदैन । गरीवसंग धितो

राख्ने जग्गा जमिन हुँदैन अनी उनीहरुले नपाउने पैसाको के काम । सिवाईसीले दृढताका साथ आफुलाई रुपान्तरित गरेर यसै वर्ष “घ” बर्गको वित्तीय संस्थामा लघुवित्त कार्यक्रमलाई हस्तान्तरण गदै छ । यो अवधिसम्म हाम्रो छहारीमा रहेर दुःख सुख साट्ने सम्पुर्ण दिदी बहिनी दाजुभाई सहयोगी शुभेच्छुक सबै सबैलाई म दिलैदेखि नमन गर्दै आभार प्रकट गर्ने चाहान्छु । आज मलाई एउटा बाबुले आफ्नी छोरीलाई कन्यादान गरेर दिए जस्तो पीडावोध भैरहेको छ । दिगो समृद्धि र निरन्तरताको यात्राका लागि लघुवित्त कार्यक्रमलाई बैंकिङ पद्धतिमा लग्नुपर्ने राष्ट्र बैक र सरकारको चाहाना भएपछि विधिलाई मान्नुपर्ने भयो । हामीले विधिलाई आत्मसात गदै लघुवित्त कायक्रमको संचालनलाई बैंकिङ प्रणालिमा रुपान्तरण गरेका छौं । सदा झैं सिवाईसी कार्यक्रमहरुमा यहाँहरुको सद्भाव, माया, ममता प्राप्त भैरहने बिश्वास लिएका छौं ।

रुपान्तरण सम्मको यो अवधिको यात्रालाई चियाउदा हामीले बागलुङलाई मोटरबाटोको सञ्जालमा जोड्ने महत्वपुर्ण कार्य सम्पन्न गऱ्यौं । बागलुङ, बुर्तिवाङ, बागलुङ कुश्मिसेरा क्रमश ९० कि.मी. र १९ कि.मी. सडक सञ्जालमा सामाजिक परिचालनको माध्यमवाट काम गऱ्यौं । बागलुङको चिप्लेटीदेखी भकुन्डेको मुलाबारी सम्मको ७ कि.मी. पर्यटकीय घोडेटो बाटो, दीगो कृषि कार्यक्रम, प्रजनन् स्वास्थ्य कार्यक्रम, पण्डितहरु र धामीहरुसँग अन्तरक्रिया तालिम, गुणस्तरीय शिक्षा सम्बन्धि कार्यक्रम, युवाहरुका लागि लक्षीत गरेर सुमार्ग कायक्रम, खुला दिसामुक्त कार्यक्रम, खानेपानी तथा सरसफाई कार्यक्रम, ६ जिल्लाका २१ वटा शाखा १६८१ वटा केन्द्र, ८२४६ वटा समुह, २२९२७ जना ऋणी, ८८२९१६४९३ लगानीमा बाँकी ऋण रकम, ५६३९८०३९२ बाँकी बचत १२०८७ जना दलित, १४१३१ जना जनजाति, १०९२२ जना ब्रामाण/क्षेत्री र ४०९ जना अन्य गरी ३७५६० लाई लघुवित्त कार्यक्रम मार्फत समेटेका छौ । समयदान तथा समय व्यवस्थापन कार्यक्रम मार्फत धेरै स्वयंसेवी कार्यहरुको थालनी भएको छ । संस्थालाई युवा परिषदसँग आवद्ध गराई युवा मैत्री कार्यक्रम सञ्चालन, मातृ संस्थाको रुपमा रहेर सिवाईसी बचत तथा ऋण सहकारी संस्था लि. को स्थापना “घ” वर्गको राष्ट्रिय स्तरको वित्तीय संस्थाको स्थापना, सिर्जनशील युवा परिषद Creative Youth Council स्थापना मुष्ठिदानको माध्यमबाट विपद व्यवस्थापन जलवायु परिर्वतनबाट समाजलाई बचाउन वर, पिपल रोपण, माटेपोखरी निर्माण जस्ता अनेकौ कार्यहरु गरी समाजलाई सधै क्रियाशील र जीवन्त राख्न सफल भएका छौं । संस्था स्थापनामा नामाकरणले केही समय साह्रै कठिनाई भोग्नुपऱ्यो हामीले चारतारे युवा क्लव भनिरहदा चारतारेको बैदिकतालाई पनि मनन गरेका थियौं । चारयुग- सत्य, तेत्रा, द्वापर र कली । चारवेद- ऋग्वेद, यर्जुबेद,अर्थर्वबेद, र सामबेद । चारदिसा- पुर्व, पश्चिम, उत्तर, दक्षिण । प्राणीको जन्मको चारप्रकार- गर्भबाट, जराबाट, अण्डाबाट र वीजबाट । चारपुरुषार्थ धर्म, अर्थ काम, मोक्ष । चारमन्त्र- सुचना, संगठन, वचत र सीप, चारजात-ब्रामण, क्षेत्री, बैश्य, र शुद्ध, त्यसैले सिवाईसीले साच्चिकै सवैलाई खुसी बनाएर एउटै मालामा ल्याउन सकेको होला । अहिले सिवाईसी सवैको साथी बनेको छ । धैरैले यसलाई आफ्नो साथी र सहयात्री ठानेका छन् । यो नै हाम्रो खुसी र गौरव हो ।

अबको चरणमा सिवाईसीले स्थानीय, प्रदेश र केन्द्रीय तहका कार्यक्रमहरुमा सहकार्य र साझेदारिता गर्ने, शिर्जनशील युवा परिषद Creative Youth Council विपद व्यवस्थापन समिति, समयदान, र समय व्यवस्थापन , तालिम , सचिवालय सेवा जस्ता कायक्रमबाट आफूलाई जीवन्त राख्ने व्यहोरा अनुरोध गर्दै सिवाईसीको यो यात्रामा सदा झैं यहाँहरुको माया ममता र सहयोगको अपेक्षा राख्दै संस्थालाई यो अवस्थासम्म ल्याई पुऱ्याउन सहयोग गर्ने संस्थापक, विशिष्ट, आजीवन, सहयोगी सदस्यज्यूहरु, संरक्षकज्यु, कार्यसमितिका पदाधिकारी सदस्यज्यूहरु, वर्तमान, निवर्तमान कार्य समितिका पदाधिकारी सदस्यज्युहरु, हाम्रो सेवाका हकवालाहरु, सरकारी गैर सरकारी निकायहरु, सहकारी संघसस्थाहरु, पत्रकार मित्रहरु, कर्मचारी मित्रहरु, प्रत्यक्ष परोक्षरुपमा सहयोग पुऱ्याउने, खट्ने सवै सवै प्रति आभार एवं कृतज्ञता प्रकट गदर्छु ।

अन्त्यमा, संस्थाको २७ औं वार्षिक साधारण सभाको अवसर पारी प्रकाशन हुन गैरहेको संस्थाको मुखपत्र ग्रामीण कन्दरामा प्रकाशित वार्षिक प्रतिवेदनमा ,प्रकाशित नीति तथा कार्यक्रमले साच्चै नै गरीवी निरुपण गरी शोषण रहित समृद्ध समाज निमार्णमा योगदान पुग्ने छ भन्ने अपेक्षाका साथ प्रकाशनमा खट्ने जुट्ने सबैप्रति आभार एवं कृतज्ञता व्यक्त गर्दछु ।

# चारतारे युवा क्लव नेपालको २७ औं वार्षिक साधारण सभाको अवसरमा संस्थाका सचिव श्री बीरबहादुर किसानज्यूद्वारा प्रस्तुत आर्थिक वर्ष ०७४/०७५ को प्रगति प्रतिवेदन र आर्थिक वर्ष ०७५/०७६ को प्रस्तावित नीति तथा कार्यक्रमः-

अध्यक्ष महोदय, प्रमुख अतिथिज्यू, आदरणीय संरक्षक तथा सल्लाहाकारज्यूहरु, विशिष्ठ अतिथि ज्यूहरु, अतिथि ज्यूहरु, विभिन्न कार्यालय एवं संघ संस्थावाट आउनुभएका प्रमुख एवं प्रतिनिधिज्यूहरु, संस्थाका विशिष्ठ, आजीवन र सहयोगि शुभेच्छुक सदस्यज्यूहरु, पत्रकार मित्रहरु लगायत विभिन्न तह र तप्कावाट यहाँ उपस्थित महानुभावहरु ,

सर्वप्रथम म यस चारतारे युवा क्लव सिवाईसी नेपाल बागलुङको २७ औं वार्षिक साधारण सभामा संस्थाको तर्फवाट आ.व. ०७४/०७५ को प्रगति प्रतिवेदन र आ.व. ०७५/०७६ को प्रस्तावित नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरवान्वित बनेको छु ।

**अध्यक्ष महोदय, आदरणीय सभासदज्यूहरु,**

२०४८/०६/२० मा साविकको तित्याङ ९ अदुवावारी स्थित स्व. पण्डित रविप्रसाद उपाध्यायको ऐतिहाँसिक घरमा सूचना, संगठन, वचत र सीपको चारतारालाई मूल मन्त्र बनाई माटो, वाटो, पानी, खाल्डो जस्ता कार्यक्रमहरुको उद्घोषका साथ समाज रुपान्तरणको पुनित उद्देश्यका लागी स्थापित **सिवाईसी** आज आफ्नो आयतन र आयामलाई वढाँउदै **सिवाईसी नेपाल** वन्न सफल भएको छ। प्रारम्भमा मानवीय श्रोतको उच्चतम परिचालन भएको शोषण रहित आत्मनिर्भर समाजको निर्माण गर्ने परिकल्पना राखी स्थापित यो संस्था जन्मको हिसावले २६ वर्ष पुरा भै २७ वर्षमा लागिरहेछ। यस अवधिसम्म अनेक आरोह अवरोहका वावजुद संस्थालाई यो अवस्थासम्म ल्याई पुऱ्याउन महत्वपूर्ण भूमिका खेल्ने संस्थापकहरु कोही अलविदा भै सक्नु भएको छ, कोही अझै खटीरहनु भएको छ र कोही सुस्त अवस्थामा रहनुभएको छ यस क्षणमा म उहाँहरुप्रति स्मरण र सम्मान गर्न चाहान्छु । विगत र वर्तमानका कार्यसमितिहरुका पदाधिकारी सदस्यज्यूहरु, उपसमितिहरु, सरकारी, सहकारी संघ संस्था तथा कार्यालयहरु, हाम्रो सेवाका हकवालाहरु, राजनैतिक दलका प्रमुख एवं प्रतिनिधि ज्यूहरु, पत्रकार मित्रहरु लगायत प्रत्यक्ष परोक्ष रुपमा सहयोग गर्ने सम्पूर्ण प्रति आभार एवं कृतज्ञता प्रकट गर्दछु।

**अध्यक्ष महोदय आदरणीय सभासद् ज्यूहरु,**

सिवाईसीको संस्थागत विकास र आत्मनिर्भरताका लागि हामीलाई सुम्पिएको दायित्व र जिम्मेवारी अनुरुपका कार्यहरु सम्पन्न गरीरहँदा आज हामी २७ औं वार्षिक साधारण सभाको संघारमा उभिएका छौं । यस अवधिमा हामीले संस्थालाई रुपान्तरणको अर्को चरणमा पुऱ्याउन सफल भएका छौं। सिवाईसी बचत तथा ऋण सहकारी संस्था लि. वागलुङको स्थापना र सञ्चालन, संस्थाद्वार सञ्चालित लघुवित्त कार्यक्रम “घ” वर्गको राष्ट्रिय स्तरको वित्तीय संस्थाको रुपमा रुपान्तरणको तयारीमा रहेको छ। यस अवधि सम्म आईपुग्दा सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्था लि.को नाममा कम्पनि रजिष्ट्रारको कार्यालयमा दर्ता भईसकेको अवस्था छ । संस्था सञ्चालन र दीगोपनाका लागि सदरमुकाममा आफ्नो भूमि र विभिन्न कोषहरुको स्थापना गरी संस्थालाई संस्थागत र आत्मनिर्भर बनाउदै लगिनु र हकवालाहरुको हक अधिकार र सुविधालाई ध्यान दिई समुदायमा सिवाईसी कार्यक्रम, सामाजिक सुरक्षाका कार्यक्रमवाट पुऱ्याईएको योगदान यसका केही उदाहरणहरु हुन् । संस्थाको विस्तार र वृद्धि संगै सरोकारवालाहरुको हामी प्रतिको आशा, विश्वास र चाहाना पनि वढिरहेको आभास हामीलाई भएको छ। हाम्रा हकवालाहरु अहिले सिवाईसी मार्फत नै सवै प्रकारका सेवा सुविधा लिन लालायीत भईरहेका छन् । त्यसैले अव सिवाईसीले आफ्ना सेवाहरुलाई पनि वृहत्तर र समिचीन वनाउनुपर्ने देखिन्छ र सोही अनुसार कार्य प्रकृया अगाडि वढाईरहेका छौं। संस्थाले

तालिम, समुदायमा सिवाईसी, समयदान तथा समय व्यवस्थापन लगाएतका कार्यहरु मार्फत पछि परे पारिएका वर्गहरुको सशक्तीकरणमा ध्यान केन्द्रित गरी अगाडि बढ्ने संस्थागत रणनीति लिएको छ।

**अध्यक्ष महोदय,**

नेपालमा लघुवित्त कार्यक्रमले गरीवी घटाउन ठुलो मद्धत गरिरहेको छ। मुलुकका दुरदराजका क्षेत्रमा लघुवित्त कार्यक्रम निकै प्रभावकारी रहेको पाईन्छ। वि.स २०६० मा ३१ प्रतिशत जनसंख्या गरिवीको रेखामुनी थियो। त्यसयता विस्तार भईरहेको लघुवित्त कार्यक्रमको मुख्य प्रभावले वि.स २०७५ सम्म आईपुग्दा गरिवीको रेखामुनी रहेको जनसंख्या झण्डै १० प्रतिशतले घटेको पाईन्छ। यसरी हेर्दा लघुवित्त कार्यक्रम गरिवी कम गर्ने औजारको रुपमा सावित भईरहेको छ। ग्रामीण क्षेत्रमा स-सानो रकम उत्पादनमुलक क्षेत्रमा परिचालन गरी सदस्यलाई आर्थिक क्रियाकलापमा समाहीत गरी उनीहरुको आर्थिक विकास गर्नु नै लघुवित्त कार्यक्रमको मुख्य उद्देश्य रहेको छ। खास गरेर बैंकिङ पहुँच नहुने ग्रामीण क्षेत्रका लागि वित्तीय सेवा प्रदान गर्ने साथै त्यस क्षेत्रमा रहेका साहु महाजनको चर्को व्याजलाई निरुत्साहीत गरी विना धितो सानो सानो रकम समुहमा लगानी गर्नु नै लघुवित्तको विशेषता हो। सिवाईसीले लघुवित्त कार्यक्रम मार्फत ऋण दिने र लिने कार्य मात्र नगरी सदस्यहरुको आर्थिक, सामाजिक र सास्कृतीक क्षेत्रसम्म योगदान पुऱ्याएको छ। सिवाईसीले धनी र गरिवहरु विचको खाडललाई अन्त्य गर्ने प्रयास गरिरहेको छ। विशेष गरी महिलाहरुलाई स्वावलम्वन गराउदै आत्मनिर्भर गराउने प्रयास गरेको छ। गाउँ गाउँमा गएर पछाडि पारे पारिएका गरिव, विपन्न, दलीत तथा समाजले नपत्याएका केही गर्छु भन्ने आँट भएका तर पुजीको अभाव भएका ईमान्दार महिला दिदीवहिनीहरुका लागि भरोसा वनिरहेको छ।

यहि तथ्यलाई मध्येनजर गर्दै सिवाईसी नेपालले पनि २०५८ साल देखि लघुवित्त कार्यक्रमलाई संस्थाको मुल प्रवाहमा राखी आफ्नो कार्यप्रकृया अगाडि वढाईरहेको छ। आफ्ना सदस्य तथा हकवालाहरुलाई राज्यद्वारा विनियोजित वजेटमा पहुँच पुऱ्याउन केन्द्र संजाल मार्फत सचेतना फैलाउने काम गर्ने यो संस्थाले RIGHT, VOICE, CHOICE जस्ता मूख्य मर्महरुलाई आत्मसात गराई उनिहरुलाई सचेत गराईरहेछ। समयदान, समय व्यवस्थापन, पुरुष लघुवित्त केन्द्रको स्थापना, लघुवित्त प्रवक्ता, लघुवित्त सचेतना केन्द्र, लघुवित्त संजाल सिवाईसी नेपालका नौला र नविनतम् अभ्यासहरु हुन्। पृथ्वीको धरोहर बातावरण बचाई जैविक विविधता कायम राख्न चौतारी, पोखरी, वाटोघाटो निर्माण सरसफाई, अर्गानीक खेती तथा स्थानीय स्तरमा कृषि प्राविधिक र प्रविधि प्रवर्द्धन, वालवालीका युवा तथा महिला सचेतना तथा शशक्तिकरण कार्यक्रम, समुदायमा सिवाईसी कार्यक्रम मार्फत स्थानीय स्तरमा आकस्मीक कोषको स्थापना, स्टेचर वितरण निःशुल्क स्वास्थ्य परीक्षण लगाएतका कार्यहरुलाई केन्द्रमा राख्दै आईरहेको छ। सामाजिक पुँजी निर्माण तर्फको यसको यात्रा निरन्तर र अविचलीत छ। आज लघुवित्त केन्द्रका महिला तथा पुरुषहरु विकास निर्माणमा सक्रिय सहभागी छन्। यसवाट समाजमा सकरात्मक प्रतिफलहरु देखिन थालेका छन्।

**अध्यक्ष महोदय, आदरणीय सभासद्ज्यूहरु**

अब म यस संस्थाले आ.व. ०७४।०७५ मा सम्पन्न गरेका कार्यहरुको प्रगति र हाँसील उपलव्धीहरुलाई निम्नानुसार क्रमिक रुपमा संक्षेपमा प्रस्तुत गर्ने अनुमति चाहान्छु।

## १. सांगठानिक स्वरुप :-

CYC नेपाल वर्तमानमा १ संरक्षक सहित १० सदस्यीय प्रतिनिधिमूलक कार्यसमिति र ३ सदस्यीय सल्लाहाकारको संरचनामा सञ्चालित छ। विभिन्न पदमा गरी १२१ जना कर्मचारीहरु, १ वटा मुख्य कार्यालय २१ वटा शाखा कार्यालय र ६ वटा विषयगत उपसमिति मार्फत यस संस्थाका कार्यक्रमलाई छिटो छरितो र विकेन्द्रित रुपमा संचालन गरिएको छ।

## २. सदस्यता :-

संस्था यो अवस्थासम्म आईपुग्दा आजीवन १६८५, विशिष्ट ४९९ र ३७५६० जना सहयोगी सदस्यहरु रहेका छन् । सदस्यता खुल्ला राखीएको छ।

## ३. कार्यसंचालन प्रकृया :-

संस्थाका हकवाला सदस्यहरुलाई स्थानीय स्तरबाटै संगठित संयन्त्रमा आवद्ध गराउने अभिप्रायले प्रत्येक टोल टोलमा समूह, केन्द्र, गाउँपालिका तथा नगरपालिकास्तरमा महिला र युवा विकास सञ्जाल, सहकारी र कृषि विकास समिति, अगुवा कृषक, स्थानीय संवाददाता प्रवक्ता तथा वडा स्तरमा वडा स्तरीय संजाल, गा.पा/न.पामा गा.पा.तथा न.पा.स्तरिय संजाल गरी  जिल्ला संजाल हुँदै मुख्य कार्यालयसम्मको सम्पर्क समन्वय र सहकार्यलाई प्रभावकारी वनाईएको छ। संस्थाका कार्यक्रमहरु यिनै समूह, केन्द्र समिति र संजाल मार्फत संचालन गरिएको छ।

## ४. संस्थागत आवद्धता :-

यो संस्था जिल्ला प्रशासन कार्यालय बागलुङमा मिति ०४९/०६/२६ दर्ता नं ५४, समाज कल्याण परिषद् काठमाण्डौ आवद्धता नं ११६९, नेपाल राष्ट्र बैंक दर्ता नं ५, लघुवित्त संघ नेपाल, गैर सरकारी संस्था महासंघ नेपाल दर्ता नं २०, शान्तिका लागि साझा अभियान (COCAP) काठमाण्डौ र सुरक्षित मातृत्व सञ्जाल महासंघ नेपाल, स्वावलम्वन विकास केन्द्र CSD काठ्माण्डौ, राष्ट्रिय युवा परिषद नेपाल दर्ता नं. ००३४५ लगायतका राष्ट्रिय स्तरका संस्था तथा निकायहरुमा दर्ता तथा आवद्ध भै आफ्नो संस्थागत आधारहरुलाई सवल रुपमा प्रस्तुत गरिरहेको छ।

## ५. प्रशासनिक स्वरुपः-

CYC नेपालमा हाल विकास तथा परियोजना र लघुवित्त विभागमा गरी कूल १२१ जना पूर्णकालीन कर्मचारीहरु रहेका छन् । संस्थाको दैनिक प्रशासनिक कार्यको लागि प्रमुख कार्यकारी अधिकृत तथा निज अन्तर्गत विभिन्न विभाग तथा शाखा मार्फत कार्य सञ्चालन भैरहेको छ । निर्माण तहमा वार्षिक साधारण सभा कार्यान्वयन तहमा कार्यसमिति तथा उपसमितिहरु रहेका छन् ।

## ६. संस्थाको सर्वोच्चता र कार्य समितिः-

संस्थाको साधारण सभा सर्वोच्च निकायको रुपमा रहेको छ । हरेक ५/५ वर्षमा हुने अधिवेसनबाट निर्वाचित हुने कार्यसमितिबाट संस्थाको कार्यसम्पादन हुदै आईरहेको छ भने संस्थालाई विभिन्न विषयगत क्षेत्रमा अगाडि बढाउन संस्थाका सदस्यहरुको विशेषज्ञताको आधारमा सल्लाहाकारहरुको मनोनयन र विषयगत उपसमितिहरुको गठन भएको छ । यस अवधिमा कार्य समितिको बैठक १० पटक बसी विभिन्न रचनात्मक निर्णयहरु गरी कार्यान्वयनमा ल्याईएको छ ।

## ७. संस्थागत र नीतिगत आधारहरु :-

संस्था नेताले होईन नीतिले चल्नु पर्दछ भन्ने CYC नेपालको मान्यता रहेको छ। हाम्रो सेवाका हकवालाहरुलाई आत्मनिर्भरताको बाटोमा हिंडाउनु पर्छ भन्ने हाम्रो अवधारणा हो । यही कुरालाई मध्येनजर गर्दै सिवाईसी नेपालले आफूलाई संस्थागत बनाउदै लगेको छ। हालसम्म निम्नानुसारका नीति नियम र निर्देशिकाहरु निर्माण गरी सोही नीति नियम र निर्देशिकाको आधारमा संस्था संचालित छ।

१. संस्थाको विधान-२०४९

२. कर्मचारी प्रशासन नियमावली-२०५५

३. सभा सञ्चालन कार्यविधि-२०५६

४. लघुवित्त कार्यक्रम कार्यान्वयन निर्देशिका-२०५८
५. आर्थिक प्रशासन नियमावली-२०६०
६. जीवन आवस तथा सामाजिक सुरक्षा कोष कार्यान्वयन निर्देशिका-२०६०
७. समुह प्रवेश पूर्व तालिम निर्देशिका-२०६२
८. ईलाका, शाखा, उपशाखा र सम्पर्क कार्यालय स्थापना र सञ्चालन सम्वन्धी निर्देशिका-२०६३
९. पूर्व सेवाकालीन प्रशिक्षण निर्देशिका-२०६३
१०. केन्द्र मुल्याङ्कन निर्देशिका-२०६३
११. आन्तरीक लेखा परीक्षण तथा सुपरीवेक्षण निर्देशिका-२०६४
१२. निर्वाचन निर्देशिका-२०६६
१३. सद्भाव कोष कार्यान्वयन निर्देशिका-२०६६
१४. लघुवित्त विकास कोष सञ्चालन तथा कार्यान्वयन निर्देशिका- २०६८
१५. सिवाईसी पेन्सन बचत कार्यान्वयन निर्देशिका-२०६८
१६. अक्षयकोष स्थापना तथा व्यवस्थापन निर्देशिका-२०६८
१७. संस्था विकास कोष संकलन तथा व्यवस्थापन निर्देशिका-२०६८
१८. लघुउद्यम व्यवसाय विकास ऋण कार्यान्वयन निर्देशिका-२०६९
१९. शाखा मूल्याङ्कन निर्देशिका-२०६९
२०. कर्मचारी कल्याण कोष सञ्चालन तथा व्यवस्थापन निर्देशिका-२०७२
२१. कर्मचारी संचय कोष सञ्चालन तथा व्यवस्थापन निर्देशिका-२०७२
२२. कर्मचारी सहुलीयत ऋण निर्देशिका-२०७२
२३. हकवाला हेरचाह निर्देशिका-२०७२
२४. सोधपुछ र टेलीफोन सञ्चालन निर्देशिका-२०७२
२५. पोशाक र परिचय-पत्र व्यवस्थापन निर्देशिका-२०७२
२६. गल्ती व्यवस्थापन निर्देशिका-२०७२
२७. जोखीम व्यवस्थापन निर्देशिका-२०७२
२८. निर्वाचन नियमावली-२०५६
२९. समयदान तथा समय व्यवस्थापन नीति-२०६८
३०. कर्जा अपलेखन निर्देशिका २०७३
३१. स्वयंसेवी र कर्मचारीहरुको सेवा सुविधा सम्वन्धि निर्देशिका- २०७४

## ८. सूचना प्रकाशन र प्रसारणः-

संस्था दिन प्रतिदिन विशाल बन्दै गईरहेको सन्दर्भमा सुचनालाई अध्यावधिक गर्ने कार्यमा नयाँ नयाँ प्रविधिहरुले महत्वपूर्ण भूमीका खेल्दै आईरहेका छन् यी नयाँ नयाँ प्रविधिको प्रयोग गरी संस्थाले आफुले गरेका कार्यहरुलाई प्रचार प्रसार, प्रकाशन र प्रसारण गरिरहेको छ। संस्था जीवन्तता, गतिशीलता र परिकल्पना अनुसारको लक्ष्यमा गुणात्मक फड्को मार्नका लागि निश्चित रुपमा व्यवस्थित सूचना प्रणाली, प्रकाशन, प्रसारण र सम्प्रेषणमा भर

पर्दछ यस वस्तु तथ्यलाई आत्मसात् गर्दै सिवाईसी नेपालले सूचना र प्रकाशनको छुट्टै विभाग स्थापना गरी क्रियाशील बनाएको छ। संस्थाले गरिरहेका कार्यहरुलाई आफ्नो फेसबुक पेज तथा रेडीयो टेलीभिजन,वेवसाईट, पत्र पत्रीका तथा अनलाईन पत्रीकाको माध्यमवाट प्रचार प्रसारको कार्य गरिरहेको छ। संस्थाले वार्षिक रुपमा **ग्रामीण कन्दरा** नामक मुखपत्र प्रकाशित गर्दै आईरहेको छ। यसलाई त्रैमासिक रुपमा प्रकाशन गरी सफलताका कथाहरु खोजमूलक प्रकाशन, कृषिसंग सम्बन्धित पुस्तिकाहरु र विभिन्न विषयका समसामयिक पोष्टर, भित्ते पात्रो, पम्पलेट, फल्याक्स प्रकाशन भईरहेका छन्।

## ९. तालिम तथा शिक्षा

संस्थाले आफ्नो कार्यक्रम संचालनका क्रममा संस्थाका हकवालाहरुलाई क्षमता विकास र सिप विकासका लागि मौसमी वेमौसमी तरकारी खेती गोठे/कम्पोष्टमल व्यवस्थापन, प्लाष्टिक घरमा तरकारी खेती, कृषक हक अधिकारका लागि कृषि सम्मेलन, अनुभवी अगुवा कृषक छनोट र तालिम, कृषि विकास समिति गठनमा सहजीकरण, सिलाई कटाई, व्युटी पार्लर, विद्युत जडान, च्याउँखेती, अगरवत्ति निर्माण, मुढा वुनाई, स्वास्थ्य अधिकार तथा सुर्तिजन्य वस्तु नियन्त्रण सम्वन्धि कार्यशाला, उद्यमशीलता विकास, सहकारी शिक्षा, पशुपालन, क्रिष्टल गहना निर्माण सम्वन्धि तालिम, वित्तीय साक्षरता सम्वन्धि तालिम जस्ता विविध सिपहरु प्रदान गरिएको छ। कर्मचारीहरुका लागि १५ दिने र ७ दिने पुर्वसेवाकालीन तालिम, प्रभावकारी उद्घोषण तथा समाचारलेखन तालिम लघुवित्त व्यवस्थापन तालिम, सकरात्मक अध्ययन शैली तथा नेतृत्व विकास तालिम, संस्था कार्यसमिति तथा कर्मचारीविच अन्तरक्रिया कार्यक्रम, सकरात्मक सोच विकासका लागी अन्तरक्रिया, लैंगिक हिंसा विरुद्धको १६ दिने अभियान, अन्तराष्ट्रिय युवा दिवस, सकरात्मक सोच र उद्घोषण तालिम हकवालाहरुका लागी निशुल्क स्वास्थ्य, शिविर संचालन, लघुवित्त कार्यक्रम अन्तर्गत वार्षिक केन्द्र प्रमुख उप प्रमुख गोष्ठि तथा शाखास्तरीय योजना तर्जुमा गोष्ठि, लगायतका आवश्यक तालिम तथा गोष्ठीहरु संचालन गरिएको छ। यस अवधिमा संस्थाद्वारा सञ्चालीत मुख्य तालिम कार्यक्रम तथा संस्थाको प्रतिनिधित्व गरेर अन्य संघ संस्थाले आयोजना गरेका तालिम कार्यक्रममा भएको सहभागिताको विवरण।

### संस्थाद्धारा सञ्चालित मूख्य तालिम तथा अन्तरक्रिया कार्यक्रमहरु

| क्र.स | तालिमको नाम | संख्या | | तालिम स्थल |
|---|---|---|---|---|
| | | संख्या/अवधि | सहभागि | |
| १. | सकरात्मक सोच सम्वन्धि अन्तरक्रिया | १ | २५० | वागलुङ बजार |
| २. | संस्थाको २६ औं स्थापना दिवस | १ | १३० | वागलुङ बजार |
| ३. | स्वास्थ्य अधिकार तथा सुर्तिजन्यवस्तु नियन्त्रण सम्वन्धि कार्यशाला | १ | १४० | वागलुङ बजार |
| ४. | स्वास्थ्य अधिकार सम्वन्धि पत्रकार सम्मेलन | १ | १३० | वागलुङ बजार |
| ५. | प्रशिक्षण अवधिका कर्मचारीहरुका लागी लघुवित्त व्यवस्थापन सम्वन्धि अन्तरक्रिया | २ | ३५ | वागलुङ बजार |
| ६. | कम्प्यूटर सफ्टवयर सम्वन्धि अभिमुखिकरण | १ | २३ | वागलुङ बजार |
| ७. | कर्जा व्यवस्थापन तालिम | ८ | १२४ | दमौली, तनहूँ |
| ८. | प्रशिक्षार्थी कर्मचारी तथा अभिभावक विच अन्तरक्रिया कार्यक्रम | १ | ५५ | वागलुङ बजार |

| | | | | |
|---|---|---|---|---|
| ९. | प्रशिक्षार्थी कर्मचारीहरुका लागी पूर्व सेवाकालिन तालिम | ७ | २५ | वागलुङ बजार |
| १०. | प्रशिक्षार्थी कर्मचारीहरुको अन्तरक्रिया | १ | १० | वागलुङ बजार |
| ११. | सिवाईसी नेपाल र महुली सामुदायिक विकास संस्था सप्तरीविच अन्तरक्रिया | १ | २५ | वागलुङ बजार |
| १२. | सिवाईसी नेपाल र नवप्रतिभा साकोस नवलपरासीविच अन्तरक्रिया | १ | ४६ | वागलुङ बजार |
| १३. | सकरात्मक सोच, उद्यमशिलता विकास र उद्घोषण सम्वन्धि तालिम | २ | ४४ | वागलुङ बजार |

## १०. अध्ययन अवलोकन भ्रमण

संस्थाद्वारा संचालित लघुवित्त कार्यक्रमलाई सुदृढ, थप प्रभावकारी र उत्कृष्ट रुपमा संञ्चालनका लागी संस्थामा कार्यरत २५ जना अधिकृत स्तर तथा शाखा प्रवन्धकहरुका लागी बाह्य संघ/संस्थाहरुले संचालन गरेको लघुवित्त कार्यक्रमको तौर तरिका तथा संचालन प्रकृया, अनुभव र प्रयोगहरुको जानकारी लिने अभिप्रायले जीवन विकास समाज मोरङ र महुली सामुदायिक लघुवित्त वित्तीय संस्था सप्तरीमा ५ दिने अध्ययन अवलोकन भ्रमणमा सहभागि गराईएको थियो।

## ११. स्वाबलम्वन तथा आत्मनिर्भरता लागि चालिएका प्रयासहरु

संस्था दिगो र जीवनत हुन आत्मनिर्भर र स्वावलम्वी वन्नु पर्दछ परमुखापेक्षीपन र दातामुखी धारणा चिन्तन वन्न सक्दैनन् यही कुरालाई आत्मसात गर्दै सिवाईसीले आफुलाई निम्न योजना र कार्यक्रमका साथ स्वावलम्वी वनाउदै लगिरहेको छ।

- **जग्गा खरीद तथा भवन निर्माण कोष**

  CYC कार्यसमिति, कर्मचारीहरुको पहलमा शुरु गरिएको यो कार्यक्रमलाई विस्तार गरी यस कोषवाट संस्थाको नाममा वागलुङ नगरपालिका वडा नं ३ मा ०-६-२-४ क्षेत्रफलको जग्गा रु. ११०००००० मा खरीद गरीएको छ। संस्थाको भवन निर्माणका लागि हकवाला, संस्था कार्यसमिति, कर्मचारी, समाजसेवी, सरकारी, सहकारी, गैरसरकारी, संघ संस्थाहरुसंग सहयोग र समन्वयको लागि पहल भै रहेको छ।

- **अक्षयकोषः**

  विदेशीहरुले आफ्नो खानाको पैसा कटाएर विकासे अभियान संचालन गरेको तथ्यलाई आत्मसाथ गरी सधै परनिर्भरताको आरोप लाग्ने गरेका गै.स.स. हरुलाई आत्मनिर्भर बनाउने अभिप्रायले पुराना पत्रपत्रिकाको संकलन गरी विक्री गर्ने, मुष्टिदान, मासिक अनुदान, सदस्यता शुल्क तालिम शुल्क आदिबाट जम्मा गरिएको यो कोषमा रु. ७,२७,९७,६९२।०२ पुऱ्याईएको छ ।

- **संस्थागत विकासकोष**

  संथालाई दीगो र आत्मनिर्भर रुपमा सञ्चालन गर्नका लागि संस्थागत विकास कोषको स्थापना गरिएको हो। यसवाट संस्था परनिर्भरताबाट मुक्त हुने अपेक्षा राखिएको छ।

- **CYC पेन्सन वचत कोषः**

  गरीबीको रेखामुनि रहेका महिला दिदी बहिनी तथा दाजुभाईहरुको बुढेसकाल सुखद रहोस् भन्ने अभिप्रायले स्थापित पेन्सन बचत व्यवस्था कोषमा हालसम्म रु. १३,५९,७५,७३८।९ संकलन भएको छ।

- **कर्जा सुरक्षण कोष :**
  सिवाईसी लघुवित्त कार्यक्रमका ग्राहक सदस्यहरुको मृत्यु भएको अवस्थामा उनीहरुको नाममा रहेको तोकिए बमोजिमको ऋण मिनाहा र खराव कर्जा अपलेखन गर्नका लागि कर्जा सुरक्षण तथा अपलेखन कोषको स्थापना गरिएको छ।
- **जीवन तथा आवास सुरक्षा योजना कोष**
  लघुवित्त कार्यक्रममा संलग्न सदस्य वा निजको श्रीमान्को जीवन सुरक्षा, सदस्य आफु वसेको घरमा कुनै दैवी विपत्ति आई सो घर क्षती वा नष्ट भएमा उपलव्ध गराईने राहात, सदस्यहरु सुत्केरी हुँदा उनीहरुलाई भेटघाट, स्वास्थ्य परीक्षण सुत्केरी भएको ४५ दिन सम्म कडा प्रकृतिको काम नगर्न उचित वातावरण सृजना गर्ने अभिप्रायले सदस्यको घरमा पुगी सुत्केरी वापत उपलव्ध गराईने राहात र संस्थाको लघुवित्त कार्यक्रममा संलग्न सदस्यका छोराछोरीहरुले सरकारी विद्यालयवाट SEE परीक्षामा विशिष्ठ श्रेणीमा उत्तीर्ण भएमा शैक्षिक सुविधा वापत रकम उपलव्ध गराउनका लागि स्थापित यस कोषमा हाल सम्म रु. १८,४४,६५० संकलन भएको छ।
- **सद्भाव कोष**
  चारतारे युवा क्लव CYC नेपालको वर्तमान कार्यसमितका पदाधिकारी, पुर्व कार्यसमितिका पदाधिकारी सदस्यहरु र संस्थाका सदस्यहरुलाई असजिलो परेको अवस्थामा उनिहरुलाई सहयोग पुऱ्याउने अभिप्रायले स्थापीत यस कोषमा हाल सम्म रु. ४५,४०,५६३।२२ संकलन भएको छ।
- **कर्मचारी उपदान कोष**
  चारतारे युवा क्लव सिवाईसी नेपालको संस्थागत सेवा दरवन्दीमा कार्यरत कर्मचारीहरुलाई भविष्यमा आईपर्ने वाधा व्यवधान हटाई उनिहरुको सामाजिक सुरक्षा गर्नका लागि स्थापीत यस कोषमा हालसम्म रु २०,००,००० संकलन भएको छ।

## १२. लघुवित्त कार्यक्रम

यस संस्थाले नेपाल राष्ट्र बैंकबाट वित्तीय मध्यस्थता सम्बन्धी ऐन २०५५ अनुसार अनुमति प्राप्त गरी बागलुङ, गुल्मी, अर्घाखाँची, पाल्पा, तनहुँ र लमजुङ जिल्लामा लघुवित्त कार्यक्रम सञ्चालन गरिरहेको छ। विपन्न वर्गका महिला पुरुषहरुलाई धितो र विना धितो सामूहिक जमानीमा ऋण उपलव्ध गराई गरिवी न्यूनीकरणको राष्ट्रिय अभियानमा ६ वटा जिल्लाहरुका २१ वटा शाखा कार्यालयहरुबाट सेवा उपलव्ध गराईएको छ। विस्तृत विवरण यस प्रकार रहेको छ :

### क) लघुवित्त कार्यक्रम केन्द्र प्रमुख उप प्रमुख गोष्ठि/वार्षिक समिक्षा तथा योजना तर्जुमा गोष्ठि

महिला सशक्तिकरण र लघुउद्यम विकासका संस्थाका सम्पूर्ण शाखा कार्यालयहरुमा २१ वटा लघुवित्त सम्मेलन/केन्द्र प्रमुख उप प्रमुखहरुको गोष्ठि तथा वित्तीय साक्षरता अभियानको आयोजना गरी १९५२ जना महिला तथा पुरुषहरुलाई कार्यक्रममा समाहित गरिएको छ।

| क्र.स | शाखाको नाम | कार्यक्रम संचालन स्थान | कार्यक्रम संचालन मिति | सहभागी संख्या | महिला | पुरुष | जम्मा सहभागी |
|---|---|---|---|---|---|---|---|
| १. | बागलुङ शाखा | होटल दि राजन बागलुङ बजार | २०७५/०१/२५ | १७६ | १५९ | १७ | १७६ |
| २. | हटिया शाखा | शिवालय मन्दिर, हटिया बजार | २०७५/०१/२३ | १२५ | ११५ | १० | १२५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३. | तम्घास शाखा | न्यू ईभरग्रीन पार्टी प्यालेस, तम्घास गुल्मी | २०७५/०१/१५ | १२४ | ११५ | ९ | १२४ |
| ४. | वेशिसहर शाखा | तमु समुह भवन बेशिशहर | २०७५/०१/२८ | ४५ | ४४ | १ | ४५ |
| ५. | सुन्दरबजार शाखा | सुन्दरबजार ७ कृषि क्याम्पस | २०७५/०१/२९ | ८८ | ८१ | ७ | ८८ |
| ६. | खर्बाङ शाखा | बडिगाड गा.पा.२ खर्वाङ बजार | २०७५/०१/२२ | ९५ | ८० | १५ | ९५ |
| ७. | बुर्तिबाङ शाखा | ढोरपाटन न.पा.१ बुर्तिवाङ | २०७५/०१/२१ | १३२ | १२४ | ८ | १३२ |
| ८. | कुशिमसेरा शाखा | शान्तिदिप वहुमुखी क्याम्पस | २०७५/०१/०९ | १०७ | १०२ | ५ | १०७ |
| ९. | शान्तीपुर शाखा | चक्रेश्वर इङलिस वोडिङ स्कुल | २०७५/०१/१८ | १२८ | ११७ | ११ | १२८ |
| १०. | तानसेन शाखा | रेडक्रस भवन तानसेन | २०७५/०१/१४ | ७६ | ७३ | ३ | ७६ |
| ११. | वेलवगर शाखा | जैमीनी न.पा.-८ | २०७५/०१/१० | ५१ | ४१ | १० | ५१ |
| १२. | वरेङ शाखा | सामुदायीक भवन बरेङ | २०७५/०१/१७ | १३० | १२२ | ८ | १३० |
| १३. | अक्षते शाखा | प्रहरी चौकी अक्षेते | २०७५/०१/२४ | ९२ | ८२ | १० | ९२ |
| १४. | दमौलीशाखा | उद्योग वाणिज्य संघको सभाहल | २०७५/०२/१३ | १२१ | ११५ | ६ | १२१ |
| १५. | खैरेनीटार शाखा | मगर समाज हल खैरेनीटार | २०७५/०१/२६ | ८० | ७१ | ९ | ८० |
| १६. | रामपुर शाखा | होटल श्रीनगर | २०७५/०१/१३ | ६८ | ६४ | ४ | ६८ |
| १७. | भोर्लेटार शाखा | मध्यनेपाल ६ भोर्लेटार | २०७५/०१/३० | ६६ | ६२ | ४ | ६६ |
| १८. | वामीशाखा | मु.न.पा.७ फिल्म हल | २०७५/०१/१९ | ११२ | १०१ | ११ | ११२ |
| १९. | पुर्तिघाट शाखा | श्री जिबनोदार उ.मा.वि.गुल्मी | २०७५/०१/११ | ५७ | ५२ | ६ | ५७ |
| २०. | छत्रगञ्ज शाखा | छत्रदेव ५, छत्रगञ्ज | २०७५/०४/११ | ३६ | ३६ | ० | ३६ |
| २१. | सिमलटारी शाखा | न्यू ईभरग्रीन पार्टी प्यालेस, तम्घास, गुल्मी | २०७५/०१/१५ | २४ | २४ | ० | २४ |
| **जम्मा** | | | | **१९९३** | **१७९३** | **१५४** | **१९९३** |

## ख) सञ्जालको विवरण

| क.स | शाखाको नाम | गा.पा. | न.पा. | वडा | संजाल संख्या | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १. | बागलुङ शाखा | ० | १ | १२ | ७ | १४० | ७ | १४७ |
| २. | हटिया शाखा | २ | २ | १४ | ७ | ११७ | ० | ११७ |
| ३. | तम्घास शाखा | ५ | १ | २६ | ९ | १३७ | ० | १३७ |
| ४. | वेशिसहर शाखा | ४ | २ | १० | ३ | ३९ | ० | ३९ |
| ५. | सुन्दरबजार शाखा | २ | ४ | १६ | ५ | ४८ | ० | ४८ |
| ६. | खर्बाङ शाखा | २ | २ | ९ | ७ | ६८ | १४ | ८२ |
| ७. | बुर्तिबाङ शाखा | ४ | २ | २४ | ६ | १०२ | ० | १०२ |
| ८. | कुश्मिसेरा शाखा | ० | २ | १० | ८ | १२८ | २ | १३० |
| ९. | शान्तीपुर शाखा | ३ | १ | १३ | १३ | १६३ | ७ | १७० |
| १०. | तानसेन शाखा | ४ | १ | २२ | १० | ११३ | ० | ११३ |
| ११. | वेलवगर शाखा | ० | १ | २ | ७ | १३५ | २ | १३७ |
| १२. | वरेङ शाखा | २ | १ | ७ | ५ | ११८ | ० | ११८ |
| १३. | अक्षते शाखा | २ | १ | १० | ७ | ९२ | ० | ९२ |
| १४. | दमौलीशाखा | ३ | २ | १९ | ० | ० | ० | ० |
| १५. | खैरेनीटार शाखा | ३ | २ | १९ | ५ | ५५ | | ५५ |
| १६. | रामपुर शाखा | १ | १ | ९ | ० | ० | ० | ० |
| १७. | भोर्लेटार शाखा | ० | २ | ८ | ४ | ४७ | ० | ४७ |
| १८. | वामीशाखा | २ | १ | ११ | ६ | ८० | २ | ८२ |
| १९. | पुर्तिघाट शाखा | ३ | ० | ६ | ६ | ६५ | १ | ६६ |
| २०. | छत्रगञ्ज शाखा | २ | ० | ५ | १ | १० | ० | १० |
| २१. | शिमलटारी शाखा | ४ | ० | ६ | १ | २४ | ० | २४ |

क) यस आ.व.मा ६१ वटा नयाँ केन्द्र थप गरिएको छ भने, उक्त केन्द्रका ९१५ जना सदस्यहरुलाई ५ दिने समुह प्रवेश पूर्व तालिम संचालन गरिएको छ।

ख) लघुवित्त कार्यक्रमको गुणस्तर वृद्धिका लागी नाजुक तथा कमजोर केन्द्रहरुको छनौट गरी कुल १०७ वटा केन्द्रका २३५४ जना सदस्यहरुलाई १ दिने लघुवित्त कार्यक्रम सम्वन्धि पुनर्ताजगी तालिम सञ्चालन गरिएको छ।

ग) काम गर्ने जोस जाँगर भएका तर आर्थिक स्रोतको अभाव रहेका २२,९२७ जना गरीब तथा विपन्न वर्गका महिला र पुरुष दाजुभाई तथा दिदीबहिनीहरुलाई आयमूलक कार्यका लागि ८७,३६,६७,६५७।- रुपैया कर्जा प्रवाह गरी आयआर्जनका अवसरहरु सृजना गरिएको छ।

घ) यस अवधिमा लघुवित्त कार्यक्रममा संलग्न ९७२ जना सदस्यहरुलाई रु. ३३,७५,३९१।- रुपैया वरावरको राहत सुविधा सहयोग स्वरुप उपलव्ध गराईएको छ। जसको विवरण यस प्रकार रहेको छ।

| क्र.स | शाखाको नाम | सुत्केरी राहत | | जिवन,मृत्यु ,राहत | | शैक्षिक सुविधा | | आवास सुविधा | | स्वास्थ्य सुविधा | | जम्मा संख्या | जम्मा रकम | ऋण मिनाहा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | | | संख्या | रकम |
| १ | वागलुङ शाखा | ४६ | ६९००० | १९ | ५६४५० | ० | ० | ० | ० | १ | २००० | ६६ | १२७४५० | ४ | ७४२५८ |
| २ | हटिया शाखा | ३६ | ५४००० | १९ | ८१००० | ० | ० | ३ | ६००० | ९ | २१००० | ६७ | १६२००० | ६ | ४२८४७४ |
| ३ | तम्घास शाखा | ६४ | ९६००० | १६ | ७७५०० | ० | ० | ० | ० | ४ | ७५०० | ८४ | १८१००० | १ | ८४९९७ |
| ४ | वेशिशहर शाखा | १८ | २७००० | ६ | ३१००० | ० | ० | ० | ० | ० | ० | २४ | ५८००० | ० | ० |
| ५ | सुन्दरवजार शाखा | १६ | २४००० | १२ | ६०५०० | ० | ० | २ | २५०० | ३ | ५००० | ३३ | ९२००० | ३ | १९०३६४ |
| ६ | खर्वाङ शाखा | १९ | २८५०० | १० | ४८००० | १ | १५०० | ३ | ५५०० | २ | ५००० | ३५ | ८८५०० | ० | ० |
| ७ | वुर्तिवाङ शाखा | ६३ | ९७५०० | १९ | ८२००० | ० | ० | ८ | १४५०० | ४ | ७५०० | ९४ | २०१५०० | २ | ६५९७० |
| ८ | कुश्मिशेरा  शाखा | ५० | ७५००० | १६ | ८३८५० | १ | ३००० | १ | १५०० | २ | ३००० | ७० | १६६३५० | ० | ० |
| ९ | शीन्तपुर शाखा | ४९ | ७३५०० | १९ | ९६५०० | ० | ० | ० | ० | १ | २००० | ६९ | १७२००० | १ | ९३०३ |
| Particulars | | Schedules | Current Year Project | Current Year Microfinance | Current Year Total (NRs.) | Previous Year Total (NRs.) |
|---|---|---|---|---|---|---|
| **Incomes** | | | | | | |
| 1. | Accumulated profit upto previous year | | 2,449,043.20 | 83,609,808.40 | 86,058,851.60 | 66,747,961.18 |
| 2. | Current year's profit/(loss) | | 5,736,432.75 | 6,027,053.93 | 11,763,486.68 | 20,263,429.58 |
| 3. | Exchange equalization fund | | | | - | - |
| | **Total** | | **8,185,475.95** | **89,636,862.33** | **97,822,338.28** | **87,011,390.76** |
| **Expenditures** | | | | | | |
| 1 | Accumulated loss upto previous year | | - | - | - | - |
| 2 | Land Purchase and Building Const. Fund | | 847,699.70 | - | 847,699.70 | 16,348.28 |
| 3 | Akchaya Kosh (Eternal Fund) | | 2,692,768.32 | - | 2,692,768.32 | 770,266.12 |
| 4 | Institutional development fund | | 1,979,224.82 | - | 1,979,224.82 | 750,127.74 |
| 5 | Micro Finance Dev. Fund | | - | - | - | - |
| 7 | NRH Fund | | - | | - | (584,203.00) |
| 8 | Exchange equalization fund | | - | - | - | - |
| | **Total** | | **5,519,692.84** | **-** | **5,519,692.84** | **952,539.14** |
| **Transfer to Capital Fund** | | | **2,665,783.11** | **89,636,862.33** | **92,302,645.44** | **86,058,851.62** |

In terms of our report of even date

Prativa Sharma
Account Officer

Rosan Kumar Adhikari
Chief Executive Officer

Chandi Prasad Sharma Paudel
Chairperson

CA. Sagar Acharya
Proprietor
S. Acharya & Associates
Chartered Accountants

Bimala Gurung
Treasurer

Bir Bahadur Kisan
Treasurer

Laxman Khadka
Vice-chairperson

Date: 2075-07-07
Place: Baglung

# CHARTARE YOUVA CLUB NEPAL (CYC NEPAL)

## CASH FLOW STATEMENT

## FROM 1 SHRAWAN 2074 TO 32 ASHAD 2075

| Previous Year (NRs.) | Particulars | Current Year (NRs.) |
|---|---|---|
| | **(A) Cash flow from operating activities** | |
| 58,584,656.51 | Profit before tax after depreciation | 24,000,232.54 |
| 1,255,912.64 | Add: Depreciation for the year | 1,467,721.29 |
| 59,840,569.15 | Profit before adjustment of working capital | 25,467,953.83 |
| | Adjustment: | |
| - | 1. (Increase)/decrease in money at call and short notice | - |
| (20,000.00) | 2. (Increase)/decrease in other short-term investments | (18,050,000.00) |
| (178,743,517.00) | 3. (Increase)/decrease in loans & advances and bills purchase | 76,376,551.00 |
| (36,354,468.10) | 4. (Increase)/decrease in other assets | 61,533,166.28 |
| 118,710,630.00 | 5. Increase/(decrease) in deposit liabilities | 97,105,860.47 |
| 25,222,132.25 | 6. Increase/(decrease) in Loan loss provision | 45,737,789.12 |
| 26,900,903.13 | 7. Increase/(decrease) in other liabilities | (58,835,036.10) |
| **15,556,249.43** | **Cash Flow from Operating Activities** | **229,336,284.60** |
| | **(B) Cash flow from investment activities** | |
| - | 1. (Increase)/decrease in long-term investments | - |
| (1,192,065.00) | 2. (Increase)/decrease in fixed assets | (2,117,279.00) |
| | 3. Interest income from long-term investments | |
| | 4. Dividend income | |
| 16,716.70 | 5. Others- disposed off of fixed assets | - |
| **(1,175,348.30)** | **Cash Flow from Investment Activities** | **(2,117,279.00)** |
| | **(C) Cash flow from financial resources activities** | |
| 3,767,887.49 | 1. Increase/(decrease) in long-term borrowings | (112,358,303.41) |
| 61,206,090.67 | 2. Increase/(decrease) in Fund | 61,794,448.29 |
| | 4. Increase/(decrease) in Other program operating Fund | |
| **64,973,978.16** | **Cash Flow from Financing Activities** | **(50,563,855.12)** |
| **79,354,879.29** | **(E) Cash flow from current year's entire activities** | **176,655,150.48** |
| **69,224,861.59** | **(F) Cash and cash equivalents at beginning of period** | **148,579,740.87** |
| **148,579,740.87** | **(G) Cash and cash equivalents at end of period** | **325,234,891.36** |

In terms of our report of even date

Prativa Sharma
Account Officer

Rosan Kumar Adhikari
Chief Executive Officer

Chandi Prasad Sharma Paudel
Chairperson

CA. Sagar Acharya
Proprietor
S. Acharya & Associates
Chartered Accountants

Bimala Gurung
Treasurer

Bir Bahadur Kisan
Treasurer

Laxman Khadka
Vice-chairperson

Date: 2075-07-07
Place: Baglung

# सभा संचालन कार्यविधि

**प्रस्तावनाः**

चारतारे युवा क्लव CYC नेपालको कार्य समिति बैठक साधारण सभा र अधिवेशनहरु नियमबद्ध र क्रमवद्ध रुपमा संचालन गर्नका लागि विधानको भाग १४ उपदफा (१) वमोजिम यो standing order २०५६ तयार गरी लागु गरिएको छ ।

**१. अध्यक्षताः**

१२ चारतारे युवा क्लव CYC नेपालको कार्यसमितिको बैठक साधारण सभा र अधिवेशन अध्यक्षता चारतारे युवा क्लवको विधान २०४९ को भाग ६ को दफा २१ को उपदफा २ वमोजिम कार्यसमितिको अध्यक्षले गर्दछन् । निजको अनुपस्थितिमा कार्यसमितिका उपाध्यक्ष र निज पनि अनुपस्थित र भएमा बैठकमा उपस्थित सदस्यहरु मध्ये जेष्ठ सदस्यबाट सभाको अध्यक्षता गरिने छ ।

१.२ बैठकको संचालन र आदेशका लागि अध्यक्ष जिम्मेवार हुनेछन् ।

१.३ बैठक सुचारु रुपले संचालन गर्न, कसैलाई पनि बोल्नबाट रोक लगाउन आवश्यक परेको खण्डमा अध्यक्षले बोल्नबाट रोक लगाउन सक्नेछन् ।

१.४ बैठकको अवधिमा अध्यक्षले आवश्यक परेका खण्डमा यो Standing order को व्याख्या र वैठक संचालन विधि सम्वन्धि विवादित प्रश्नहरु बारे Ruling गर्ने छन् ।

१.५ अध्यक्षले Ruling गरेको विषयमा कुनै विवाद उत्पन्न भएमा उक्त ruling लाई तत्काल सभा समक्ष निर्णयका लागि प्रस्तुत गरिने छ ।

१.६ अध्यक्षले कुनै पनि समय बैठकको सत्र स्थगत गर्न सक्नेछन् । अर्को निर्णय नलिएको अवस्था सम्म बैठक स्थगन रही रहने छ ।

१.७ अध्यक्षले कुनै पनि समय वक्ताहरुले समयावधि सीमित गर्न सक्ने छन् । अध्यक्षले वैठकमा बोल्न चाहने सहभागीहरु वारे सूचित गर्न सक्नेछन् र अन्य वक्ताहरुको सूचि वन्द गर्न सक्छन् । यो कुनै पनि सहभागीहरुको प्रतिवेदन प्रस्तुत गर्ने वा भोट हुनु पूर्व प्रस्ताव गर्ने अधिकारीलाई खण्डित गर्नेछैन ।

१.८ अध्यक्षले कुनै पनि समय विषयवस्तु (Agenda) को कुनै खास विषयमा समयावधि सीमित गर्ने वा समयावधि समाप्त भएको घोषणा गरी विषयलाई निर्णयका लागि लैजान वा छलफल बन्द गर्ने प्रावधान लागु गर्न सक्नेछन् तर यो प्रावधानले सहभागीको प्रतिवेदन प्रस्तुत गर्ने प्रतिउत्तर गर्ने अधिकार वा भोट हुनु पूर्व प्रस्ताव पेश गर्ने अधिकारलाई खण्डित गर्ने छैन ।

१.९ अध्यक्षले वैठकमा छलफल भएका कुराहरु टिपोट गनै वैठक संचालनका लागि सहयोग गर्न आवश्यकता अनुसार Reporters हरु नियुक्त गर्ने छन् ।

१.१० कसैले क्लवको वैठकको अवहेलना गरेमा सम्वन्धित बैठकको अध्यक्षता गर्ने व्यक्तिले सो व्यक्तिलाई सचेत गराउन, नसिहत दिन वा एक वर्षमा नवढाई निलम्वन गर्न वा पदबाट हटाउन सक्नेछन् तर वैठकलाई सन्तोष हुने गरी क्षमा याचना गरेमा विचार गर्न सकिने छ ।

१.११ वैठकको अध्यक्षता गर्ने व्यक्तिले तोकेको स्थान र समयमा सदस्य एवं अन्य पदाधिकारीहरुले आसन ग्रहण गर्नुपर्नेछ ।

१.१२ वैठकमा सदस्य एवं पदाधिकारीहरुको बोल्ने पालो वा समय अध्यक्षले तोकिदिए अनुसार हुने छ । प्रस्तावकले बोले पछि सो प्रस्तावमा बोल्न चाहने सदस्यहरुलाई सभाध्यक्षले बोल्न अनुमति दिनुपर्ने छ ।

छलफलको अन्तमा प्रस्तावकले बोल्न चाहेमा अध्यक्षता गर्ने व्यक्तिले वोल्न अनुमति दिनु पर्ने छ। एउटै प्रस्तावमा प्रस्तावक वाहेक अरु सदस्य एवं पदाधिकारीहरुले एक पटक भन्दा बढी बोल्न पाउने छैनन।

१.१३ साधारण सभाको वैठकमा कार्यसमितिका कुनै पदाधिकारी वा सदस्यहरुले फ्लोरबाट वा ड्यासबाट कुनै प्रकारको प्रश्न उठाउन पाइने छैन। यसो गरेमा यस Standing orders को १.१० वमोजिम हुने छ।

१.१४ वैठकमा एउटा सदस्य एवं पदाधिकारीहरु वोलिरहेको समयमा अर्को सदस्य एवं पदाधिकारीहरुले कुरा काटी बीचमा बोल्ने छैनन्।

१.१५ वैठकमा भएको छलफलमा कुनै सदस्य एवं पदाधिकारीहरुले अप्रसाङ्गिक कुरा गरेमा वा विधान विपरित छलफल गरेमा वा आपत्तिजनक शब्द प्रयोग गरेमा अध्यक्षले निजलाई रोक्न, सम्झाउनु वा आपत्तिजनक शब्दहरु फिर्ता लिन आदेश दिन सक्ने छन् उक्त आपत्तिजनक शब्दहरु फिर्ता नलिएमा बैठकबाट ३० मिनेटका लागि निस्कासन गर्न सक्नेछन्। यसो गर्दा पनि नभएमा यसै order १.१० वमोजिम हुने छ।

१.१६ वैठक संचालनको सिलसिलामा सभाध्यक्षले दिएको आदेश र निर्देशन अन्तिम हुने छ।

## २ एजेण्डा (प्रस्ताव)

२.१ कार्यसमितिका सचिव, कार्यकारी निर्देशक र Reporters हरुले सभाध्यक्षसंग सल्लाह गरी साधारण सभाको (एजेण्डा) विषय वस्तु तयार गर्नेछन् र त्यो विषयवस्तु कार्यसमितिमा प्रस्तुत गरिने छ। कार्यसमितिले अनुमोदन गरेपछि उक्त एजेण्डा साधारण सभामा प्रस्तुत गरिने छ।

२.२ साधारण सभामा कार्यसमितिबाट अनुमोदन भै आएका प्रस्तावलाई Adoption का लागि प्रस्तुत तयार गरिने छ। पारित भएपछि यो साधारण सभाको एजेण्डा वन्नेछ। वैठकको स्वीकृति वाहेक अन्य कुनै विषयहरुमा छलफल गरिने छैन।

२.३ कार्यसमितिका सचिव, कार्यकारी निर्देशक र Reporter हरुको कम वैठकको प्रतिवेदन तयार गर्नु हुने छ। त्यस्तो प्रतिवेदनमा वैठकमा निर्णयहरु र छलफलमा प्रतिविम्वित भावनाहरु सम्मिलित हुनेछन्। छलफलको सन्तुलित निचोड र अल्पमतको भावनालाई पनि प्रतिवेदन समेट्ने छ।

## ३. विधान संशोधन प्रस्ताव :-

३.१ वैठक सम्वन्धी कुनै पनि प्रस्तावहरु आधिकारिक र मान्यता प्राप्त सदस्यहरुले मात्र प्रस्तुत गर्न सक्नेछन्।

३.२ अन्य प्रस्तावहरु Emergency Resolution को रुपमा दर्ता गर्न सकिने छ। तर त्यस्तो Emergency Resolution हरु एजेण्डामा समावेश गर्ने नगर्ने निर्णय कार्यसमितिले गर्ने छ।

३.३ चारतारे युवा क्लवको विधान विपरीत वा कार्यसंग असम्वन्धित वा संस्थाको मर्यादामा आँच आउने खालको कुनै पनि प्रस्तावलाई कार्यसमितिले विषय सूचीमा समावेश गर्ने छैन।

## ४. मतदान Voting:

४.१ वैठकमा विधान संशोधन बाहेक अन्य निर्णयहरु सामान्य बहुमतबाट लिइने छ।

४.२ साधारण सभामा भाग लिने सदस्यहरुको नाम १५ दिन पहिले चारतारे युवा क्लवको कार्यालयमा विधिवत् रुपमा दर्ता भएको हुनु पर्नेछ। कम्तीमा पनि ७ दिन पहिले सदस्य तथा पर्यवेक्षकहरुको नाम CYC को कार्यालयमा प्रकाशित हुने छ।

४.३ चारतारे युवा क्लवमा कार्यरत कर्मचारीहरु कार्यसमितिको निर्वाचन साधारण अधिवेशन सम्वन्धमा भएको छलफलमा भाग लिन पाउने छैनन्। तर सदस्य रहेको व्यक्तिलाई भने मताधिकारबाट बन्चित गरिने छैन।

## ५. POINT OF ORDER AND INFORMATION:

५.१ कुनै पनि सहभागीले Points of Order उठाउन सक्नेछन्। तर मतदानको अवधिमा Voting प्रविधि संग सम्वन्धित भएको अवस्थामा Points of Order उठाउन पाइने छैन।

५.२ Points of Order बैठकको संचालन र छलफलको विषयसंग अनिवार्य रुपले सम्वन्धित हुनुपर्ने छ। त्यसले छलफलको विषयवस्तुलाई Refer गर्ने छैन र कुनै अन्य विषयलाई प्रस्तुत गर्ने छैन।

५.३ निम्न विषयहरु Points of Order को रुपमा उठाउन सकिने छ।

- सभाध्यक्षलाई रुलिङ गर्नका लागि अनुरोध गर्न।
- सभाध्यक्षको रुलिङमाथि चुनौती जसको निम्ति अनिवार्य रुपमा अरु २ जना सदस्यहरुको समर्थन आवश्यक हुने छ।
- यदि चाडै मतदान गर्नु पर्‍यो भने, तर त्यो सभाध्यक्षले इच्छामा भर पर्ने छ।
- कुनै प्रस्तावमा मतदान नगर्नका लागि।
- यदि कुनै विषयवस्तुलाई उपसमिति वनाई Refer गर्नु पर्‍यो वा कार्य समितिमा पठाउनका लागि।

६. **Points of Information:**

सहभागीहरुले Points of Information उठाउन सक्नेछन्। तर त्यस्तो Points of Information ले कुनै तर्क प्रस्तुत गर्ने छैन। त्यस्तो Points of Information ले सभाध्यक्ष वा वक्ता समक्ष सम्वन्धित विषयमा सूचनाको आग्रह गर्नेछ।

७. **बाधा अड्काउ फुकाउने अधिकार :**

यो Standing order प्रयोग गर्दा परेका वाधा अड्काउहरु फुकाउन र विधान तथा नियमावलीको अधिनमा रही आवश्यक आदेश तथा निर्दशन दिने अधिकार सभाध्यक्षलाई हुने छ।

८. **जिम्मेवारी तोक्न सक्ने :**

संस्थासंग सम्वन्धित व्यक्तिहरु, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष, लगायतका जिम्मेवार प्राप्त अन्य व्यक्तिहरु अनुपस्थित रहेको अवस्थामा उनीहरुले गर्ने भनेका कार्यहरु सभाध्यक्षले तोकिदिएको व्यक्तिबाट हुनेछ।

९. Standing orders **को संशोधन :**

- यो Standing orders को संशोधनका लागि सामान्य प्रस्तावको रुपमा संशोधन प्रस्ताव पेश गर्न सकिनेछ।
- यो Standing orders मा कुनै संशोधन नभए साधारण सभाको वैठकको प्रारम्भ क्तबलमष्लन orders adoption को Agenda item अन्र्तगत प्रस्तुत गरिने छ। पारित भएमा तुरुन्त लागु भएको मानिने छ।
- यो Standing orders का कुराहरु CYC को विधान अनुसार हुनेछन्।

# सिवाईसी लघुवित्त कार्यक्रम नयाँ संरचनामा

पद्मनाथ शर्मा पौडेल
वरिष्ठ अधिवक्ता



एउटा मुख्य कार्यालय, २१ वटा शाखा कार्यालय ३१ जिल्लामा विस्तारित, सदस्यता २ हजार भन्दा वढि आजीवन, विशिष्ट र ३८ हजार सहयोगी सदस्य, पुर्णकालीन १२१ जना कर्मचारीद्वारा सेवा प्रवाहित सिवाईसी नेपालले २६ औं वसन्त पार गरि २७ औं बर्षमा प्रवेश गर्दैछ । प्रारम्भमा माटो, बाटो, पानी, खाल्टो, अर्थात कृषि, यातायात, पिउने पानी, सिचाई समेतका स-साना योजना मार्फत समाजको सेवा गर्ने उदेश्यले २०४९ सालमा स्थापित यो संस्थाले २०५७ सालदेखी नेपाल राष्ट्र बैकबाट लघुवित्त संञ्चालनको अनुमती पाई लघुवित्तको क्षेत्रमा काम गदै आएको छ । यो संस्था आजको दिनसम्म आई पुग्दा सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्थाको रुपमा फड्को मार्ने क्रममा छ भने सिवाईसी नेपाल गैर सरकारी संस्थाको रुपमा छुट्टै संञ्चालन गर्ने प्रकृया अन्तिम चरणमा पुगेको छ । २७ बर्षको अन्तरालमा संस्थाले चौतारी, पोखारी निर्माण, वरपीपल स्वामी जस्ता वृक्षारोपण, बाटो, कुवा कुलेसो जस्ता समाजलाई प्रत्यक्ष लाभ पुग्ने आयोजनाहरु सम्पन्न गरी यसले जनजनको विश्वास प्राप्त गरेको छ भने गरिबीको रेखामुनि रहेका महिला दिदिबहिनीहरुको सर्वाङ्गीण विकास गर्नु नै यसको मुल उद्धेश्य भएकाले त्यस्ता महिलाहरुको समुह र केन्द्र बनाई बिना कुनै प्रकारको धितो, सामुहीक जमानीमा तीन लाख रुपैयासम्म लगानी गरी त्यसै लगानीबाट महिलाहरुलाई आर्यआर्जनका कार्यहरुमा संलग्न गराउने ,उनीहरुको आर्थिक परनिर्भरता हटाई आत्मनिर्भर बनाउने अभियान संचालन गरीरहेको छ । आज यस संस्थासँग आबद्ध महिला दिदिबहिनी एवं पुरुष समुहमा आबद्ध पुरुषहरुलाई नैतिक शिक्षा, सरसफाई, प्रौढ शिक्षा, अनुशासन समेतको शिक्षा दिई सभ्य नागरिकको रुपमा उतारिएको छ । स-सानो खाचों टार्नका लागी पुरुषको मुख ताक्नु पर्ने पुरुषबाट सहयोग नभएमा निराशमै तड्पिरहनु पर्ने, छिमेकी वा साहुबाट चार पैसा कर्जा पाउन पनि नसकी, समयनै व्यर्थ फालिरहेका दिदिबहिनीहरुलाई यस संस्थाले विना धितो गरिरहेको कर्जा प्रवाहबाट उनीहरुको जीवनमा कायापलट भई रहेको प्रत्यक्ष अनुभव गर्न र देख्न सकिन्छ ।

घरको चार दिवारबाट बाहिर निस्कन नसक्ने दिदिबहिनीहरु आजको अवस्थामा मञ्चमा उभिएर निर्धक्क उभिएर भाषण गर्न सक्ने भएका छन् । साडी चोला मिलाएर लगाउन नसक्ने दिदीवहिनीहरु आफ्ना बच्चा र घर आगन सफासुघर राख्दै समाजको कुरिति, अन्याय र भ्रष्टचारको विरुद्धमा खुलस्त छलफल गर्ने सम्मको क्षमता राख्छन् । आज उनीहरु वनका उपसमिति,

उपभोक्ता समिति, खोप लगाउने कार्यक्रम देखि भिटामिन वितरणसम्म स्वास्थ्य क्षेत्रमा अग्रगामी भुमिका खेल्दै आएका छन् । उनीहरु विस्तारै विस्तारै स्थानीय राजनितीमा सक्रीय हुन थालेका छन् र कतिपय दिदिबहिनीहरु गाउँपालिका र नगरपालिकाका बिभिन्न पद लगायत प्रदेश र संघिय सासंदसम्मको पदमा पुगेका छन् । गरे के हुदैंन ? भन्ने अवस्थामा समाजसामु उदाहरणीय व्यक्तित्वको रुपमा स्थापित भएका छन् । महिला दिदिबहिनीहरुबाट ठाउँठाउँमा फलफुल खेती, कुखुरा पालन, बंगुर पालन, गाईभैसी पालन, ढाकाटोपी, स्वेटर, मोजा, पञ्जा जस्ता बस्तुहरुको उत्पादनको क्षेत्रमा अभ्यस्त र व्यस्त हुदै प्रशस्त आम्दानी गरिरहेका छन् । अव उनीहरु पुरुषहरुको बोझ होइन उनीहरुलाई आर्थिक सहयोग गरी घरको इज्जत प्रतिष्ठा बढाउने देखि लिएर घरघडेरी जोड्ने देखी आफ्ना सन्तानहरुलाई डाक्टर, नर्स, इन्जिनियरसम्मको अध्ययनका लागी आफै लगानी गर्न सक्ने अवस्थामा पुगेका छन् । यस्ता प्रशस्त उदाहरण छन् जस्लाई प्रत्यक्ष देख्न र अनुभव गर्न सकिएको छ । संस्थालाई आफ्नो उद्धेश्य प्राप्तिमा सफलता मिलेको छ

देशले तल्लो वर्गका नागरिकलाई माथी उठाउन कुनै खास कार्यक्रम दिन नसकिरहेको साहु महाजनले धितो वा धरौटी बिना कर्जा प्रवाह नगरिरहेको, बैंक र वित्तीय संस्थाले विना धितो लगानी नगरी रहेको अवस्थामा २०५७ सालदेखी यस संस्थाले केबल समुह जमानीमा जुन कर्जा प्रवाह प्रारम्भ गर्‍यो र गरिरहेको छ त्यो काम सामान्य थिएन र होइन । महिलाहरु पुरुषको तुलनामा मेहनती अनुशासित र इमान्दारी हुन्छन् भन्ने संस्थाको बुझाई छ र महिला दिदिबहिनीहरुबाट यस क्षेत्रमा यो विश्वास कायम गरिरहनु भएकै छ । तथापी मानिसका ठुला ठुला चाहाना ठुला ठुला खाँचो र अभावले गर्दा यस संस्थाले गरेको कर्जा प्रवाहले धान्न नसक्ने अवस्था परि यस क्षेत्रमा काम गर्ने अन्य संस्थाहरुले पनि दोहोरो तेहोरो सहयोग लिने सबैको किस्ता बुझाउन आयस्तर बढाउन नसक्ने, एउटा संस्थाबाट लिएको कर्जा तिर्न वा किस्ता बुझाउन अर्को संस्थाबाट ल्याएको ऋणको प्रयोग गर्ने जस्ता अशुद्ध आचारण पनि यदाकदा देखिन थालेको छ । यसले गर्दा लघुवित्तको प्रभावकारीतामा आँच आउन सक्छ । त्यसैले यससंग सम्वद्ध सबैले वेलैमा सचेत हुन जरुरी छ ।

यस संस्थाले सरकारबाट कुनै प्रकारको अनुदार वा सहयोग पाएको छैन । बैदेशिक सहयोग ग्रहण नगर्ने यसको अडान छ, अरु बाह्य वा आन्तरीक कुनै अनुदान वा सहयोग पाएको छैन । यसको आयस्रोत भनेकै सदस्यता शुल्क र लगानीबाट प्राप्त हुने ब्याज मात्र हो । तर पनि यस संस्थाले जेजति सेवा दिन सकेको छ त्यो स्तुत्य छ । लक्षित वर्गको विकास स्तरोन्नति र उन्नतिमा यो संस्थाले राज्यबाट हुन नसकेका कामहरु भइरहेका छन् । यस संस्थाका लक्षित बर्गहरुमा आएको नैतिक बौद्धिक र आर्थिक सुधारलाई हेर्दा संस्था राज्यबाट सम्मान छ । तर राज्यले उल्टै नलाग्नु पर्ने करहरु थपेर कमजोर बनाउने दिशातिर बढेको देख्न सकिन्छ । यस्ता क्रियाकलापहरु तत्काल रोकिनु पर्दछ र राज्यको तर्फबाट आर्थिक अनुदान दिन नसके पनि होस्टेमा हैसे गरी हिड्नु पर्ने अवस्था छ ।

यसरी सिवाईसी नेपालले लघुवित्त कार्यक्रम समेत मार्फत हजारौ महिला र पुरुषहरुको नैतिक, धार्मिक, चारित्रिक, सामाजिक, आथिक, विकास समेतमा टेवा दिई पश्चिमाञ्चल क्षेत्रकै विशिष्ट स्थान ओगेटी सकेको छ तर पनि अव गैर सरकारी संस्थाहरुले बैकिङ कारोवार गर्न नपाउने निति राज्यले लिएकोले अब यसबाट लघुवित्तलाई अलग गर्न पर्ने बाध्यता आई परेको छ । यसैले सिवाईसी नेपाल र सिवाईसी नेपाल वित्तीय संस्था दुई अलग अलग संस्था बनाउन लागेको छ । निकट भविष्यमै यस्का दुई रुप हामिले देख्न सक्ने छौ । यी दुवै संस्थाले गरेको उन्नति हाम्रो उन्नति हो भने यसका सबै सदस्य र शुभेच्छेकहरुले सम्झनु हुनेछ । यस्लाई निरन्तर गरिरहनु भएको माया र सहयोग गरिरहनु हुने आशा एवं विश्वास लिएको छ ।

**अस्तु,**
**जय सिवाईसी!!**

# सिवाईसी नेपाल विगतदेखि आगतसम्म

**गोपाल कुमार शर्मा**
**कार्यसमिति सदस्य**



## १. परिचय

वि.सं. २०४९/०६/२० गते साविक तित्याङ गा.वि.स.को सालबोटमा स्व. पण्डित रविप्रसाद उपाध्यायको घरमा केही उत्साही युवाहरुले गाउँ संस्था विकास कार्यक्रमको ढाचाँ निमार्ण मार्फत गरीवी न्युनीकरणको परिकल्पना सहित सामाजिक रुपान्तरणको महान लक्ष्य लिएर सूचना, संगठन, बचत र सीपको मूलमन्त्र सहित चारतारे युवा क्लब गठनको जोहो गरेर वि.सं. २०४९।०६।२६ मा जिल्ला प्रशासन कार्यालय बागलुङमा संघ संस्था दर्ता ऐन, २०३४ बमोजिम सामाजिक विकास संस्थाको रुपमा यसको जन्म भयो। त्यही संस्था सामाजिक जीवनका धेरै आरोह अवरोहहरुलाइ चिर्दै आज सिवाईसी नेपाल बन्दै राष्ट्रिय जीवनमा आफ्नो छोइँदो उपस्थिति र सार्थक हैसियत कायम गर्न सफल छ। आज सिवाईसी नेपालले लघुवित्त कार्यक्रमलाई केन्द्रमा राख्दै सांगठनिक हिसावले ६ जिल्लालाई कार्यक्षेत्र बनाउदै २१ वटा शाखा कार्यालय, १ वटा केन्द्रीय कार्यालय मार्फत ३८ हजार सदस्यहरुलाई आफ्नो आयाममा समेट्न पुगेको छ। रु. ५८ करोड बचत, लगानीमा रहिरहेको ऋण रु. ८४ करोड र कुल सम्पति रु. १ अर्ब १२ करोड को यो विशाल वृक्षले ४५ वटा गाउँपालीका र २५ वटा नगरपालिकामा प्रत्यक्ष र धेरै क्षेत्रमा परोक्ष प्रभाव कायम गरेको छ। संस्था स्थापनाको शुरुवातमा ४३२५ रुपैयाँको बजेटबाट आजको स्थितिसम्म आईपुग्दा यो युगान्तकारी परिवर्तनलाई नेतृत्व र सम्पादन गर्न संस्थापक अध्यक्ष श्री चण्डिप्रसाद शर्मा पौडेल जो वर्तमानमा पनि संस्थाको नेतृत्व गरिरहनु भएको छ उहाँ र विभिन्न कालखण्डका उहाँका सहयोगीहरु बधाईका पात्र हुनुहुन्छ जसले यो गौरवशाली चौतारी निर्माण गर्नुभयो।

## २. संस्थागत विकासका प्रारुपहरुः

यो संस्थाले समाजमा शुरुवाति चरणमै आग्रह र पूर्वाग्रहका झुसिला डकारहरु बेह्र्नुपर्‍यो जुन आजसम्म कायमै छ। यसको चिरफार गर्दा शायद यसको बेग तीव्र र स्वरुप संघर्षशील बन्न पुग्यो। सूचना, संगठन, बचत र सीप यसका ४ तारा थिए तर यसलाई राजनैतिक रुपले हेरेर पर्गेल्ने काम भयो। पर्गेल्ने धेरै भए तर त्यही साईनोमा समेटने कम देखिए। माटो, बाटो, पानी, खाल्डोको कार्यक्रमहरु संचालन गर्दै संस्थाले आफूलाई सामाजिक जीवनमा भिजाउने प्रयास गरिरह्यो। साविक मालिका गा.वि.स.मा, गा.वि.स. र जिल्ला खानेपानी कार्यालयसंगको सहकार्य र यस संस्थाको संयोजनमा चर्पी निर्माण गरी २०५५ सालमा उक्त गाविसलाई

खूल्ला दिसामुक्त गा.वि.स. घोषणा गर्ने ऐतिहासिक कार्य भयो । जुन कार्यक्रम नेपाल सरकारले त्यसको डेढ दशकपछि अभियानको रुपमा संचालन गरेको थियो । त्यस्तै साविक तित्याङ, पाला, भिमपोखरा, मल्म, काँडेवास, अमरभूमि, दगातुन्डाँडा, नारायणस्थान, पैयुपाटा, अमलाचौर, बुर्तिवाङ र बोवाङ गा.वि.स.मा. विश्व शिक्षासंगको सहकार्यमा गुणस्तरीय शिक्षाका लागि अनौपचारिक शिक्षा कार्यक्रम संचालन गर्दै विद्यार्थी भर्ना अभियान, टिकाउ र विकाउको रणनिति अन्तर्गत ती गा.वि.स.हरु मध्ये तित्याङ र मल्म गाविसलाई पूर्ण साक्षर गा.वि.स. घोषणा गरेको सिवाईसीले एक ढंगले ईमान्दारिपूर्वक भन्नुपर्दा राष्ट्रिय कार्यक्रमहरुलाई समेत दिशानिर्देश गरिरहे जस्तो लाग्थ्यो । लघुवित्त कार्यक्रममा क्रेडिट प्लसका हाम्रा कार्यक्रमहरु धेरैका लागि पथ प्रदर्शकका सन्दर्भ बनेवाट सिवाईसी नेपाल आकारमा मात्र होईन गुणस्तरमा पनि आफूलाई अव्वल साबित गरिरहयो र गरिरहेछ भन्ने कुरा प्रमाणित हुन्छ ।

शुरुवाती दौडमा बाटो खन्ने काम, सरसफाई अभियान, बृक्षारोपण बागलुङ बजार, चिप्लेटिदेखि भकुण्डेको मूलावारीसम्म घोडेटो बाटो पर्यटन विकास बोर्डको सहकार्यमा ७-१/२ कि.मी. बाटो खन्ने कामले पर्यटन प्रवर्द्धन तर्फको संस्थाको रुची र जोडलाई देखाएको थियो । RIDP अन्तर्गत ग्रामीण पूर्वाधार विकास कार्यक्रमको तहमा बागलुङ, बुर्तिवाङ ९० कि.मि., बागलुङ कुश्मिसेरा १९ कि.मि.सडक मा सामाजिक परिचालनको काम र बायो ईन्जीनियरिङको काम समेत संस्थाले गऱ्यो । SSMP को सहकार्यमा दीगो कृषि कार्यक्रम, किसान किसान कृषि प्रसार कार्यक्रम, टनेल खेती, अर्गानिक कृषि खेती गर्दै कृषकको जीवनस्तर उकास्ने काम, स्थानीय निकायमा १५ प्रतिशत बजेट मागको परम्परा पनि सिवाईसीले थालेको हो र कृषकको सचेतना बृद्धि गराउने प्रयास गरेको हो । त्यसैगरी फण्डबोर्डसंगको सहकार्यमा खानेपानी मुहान संरक्षण लगाएतका ९ वटा योजना सम्पन्न भए जसमध्ये बागलुङ खरवाङमा पश्चिमाञ्चलकै ठूलो खानेपानी कार्यक्रम तारेभीर योजना सम्पन्न भयो ।

वि.सं. २०५२ पछि स्वास्थ्य, शिक्षा र लघुवित्तबाट उज्यालो भविष्य कार्यक्रमतर्फ संस्थाले आफूलाई केन्द्रित गऱ्यो । युवाका लागि सुमार्ग, सकरात्मक सोच, सुर्तिजन्य वस्तु न्यूनीकरण, प्रजनन् स्वास्थ्य, महिला स्वास्थ्य, स्वयंसेविकाको क्षमता अभिबृद्धि सुरक्षित मातृत्व, विभिन्न सचेतनामूलक कार्यक्रम, पण्डित झाँक्रीहरुलाई तालिम, स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम, मुष्ठिदान, समयदान, समयव्यवस्थापन जस्ता कार्यक्रमहरुले क्रसकटिङ ईस्यूको रुममा आफ्ना विकासे चरण अगाडि वढायो ।

### ३. संस्थागत नवप्रवर्त्तनः

वि.सं २०५२ देखि २०५७ सम्म सिवाईसीले आक्रमक विकासे चरणलाई अन्जाम दियो । त्यसपछि यसले आफूलाई लघुवित्त कार्यक्रममा केन्द्रित गऱ्यो । लघुवित्त मार्फत गाउँका दुरदराजमा पूँजी, चेतना र अवसरबाट वञ्चित महिलाहरुलाई सामूहिकता, सचेतना र स्वावलम्वनको कोणबाट आत्मनिर्भर बनाउँदै सशक्तीकरण गर्ने र गरीवी न्यूनीकरण मार्फत समाज रुपान्तरण र देशको समृद्धि अभियानमा टेवा पुऱ्याउने यो कार्यक्रमलाई सिवाईसी नेपालले अर्जुन दृष्टिको रुपमा अगाडि बढायो । करिव ३८ हजार घरपरिवारसम्म आफ्नो प्रत्यक्ष आयामलाई विस्तार गर्दै शाखा सञ्जाल गठन र परिचालन, लघुवित्त प्रवक्ताको विकास, पुरुष लघुवित्त कार्यक्रम संचालन, लघुवित्त सचेतना केन्द्र स्थापना, समयदान र समय व्यवस्थापन कार्यक्रम, सामाजिक सुरक्षा र सशक्तीकरण, सचेतना कार्यक्रम, परिवारका सदस्यहरुलाई विरामी पर्दा, सुत्केरी हुदाँ र मृत्युको अवस्थामा भेट्ने कार्यक्रम लगायत सामाजिक कल्याण तथा क्रेडिट प्लसका थुप्रै कार्यक्रमहरु सञ्चालित भए । संस्थागत नवप्रवर्तनको यो चरणमा सिवाईसी नेपालले थुप्रै भगिनी संस्थाहरुलाई जन्माएर संस्थागत गऱ्यो । सिवाईसी सहकारी ,सिवाईसी एग्रोभेट, मुक्तिनाथ स्वास्थ्य सहकारी, मिनि CYC Creative Youth Council , लघुवित्त विकास बैंक जस्ता थुप्रै संस्थाहरुले जीवन र गति पाइरहेका छन् । लघुवित्त संस्थाको गुणस्तरमा आएको ह्रास व्यवस्थापन अहिलेको

चुनौति हो भने लघुवित्त संचालन गरिरहेका धेरै संस्थाहरु बीच आफूलाई स्थापित गराउनु अवसर पनि हो ।

**४. सिवाईसी नेपालको अबको यात्रा**

"सामाजिक एकता आजको आवश्यकता" भन्ने मूल नाराका साथ आफ्नो सामाजिक र संस्थागत यात्राको थालनी गरेको सिवाईसी नेपाल अहिले पनि आफ्नो मूलनारामा केन्द्रित छ । सिवाईसी समुहको रुपमा संस्थाको जारी यात्रा सिवाईसी साकोस, सिर्जनशिल युवा काउन्सिल, सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्था, सिवाईसी स्वंयसेवी समुह विभिन्न संस्थाहरुलाई संस्थागत बनाउन लागिरहेको छ। संस्थाको निरन्तरताका लागि अक्षयकोष, संस्थागत विकास कोष, जीवन आवास तथा सामाजिक सुरक्षा कोष लगायतका कोषहरुले संस्थागत विकासलाई मूर्त रुप दिइरहेको छ । स्वावलम्वन र आत्मनिर्भरताको सिवाईसीको यात्राले परिपक्वता पाएको छ र वित्तीय संस्थाको रुपमा तब्दिल भइसकेको छ । सिवाईसीको अवको यात्रा यथावत स्वावलम्वन र पारस्पारिकताको हुनेछ। स्वावलम्वन याने की आत्मनिर्भरता र त्यसैले जन्माउने शाश्वत स्वतन्त्रता अनि पारस्पारिकता याने कि सामाजिक हित तथा एकता । सिवाईसी साझेदारीको, रणनीति मार्फत आपसी सम्बन्धको विकास र स्थानीय निकायसँग आफ्ना सदस्य तथा आम नागरिक समाजको एकता र हितका लागि खवरदारी र सहयोगको जोइन्ट भेन्चर एप्रोजमा काम गर्नेछ । संस्थाले सशक्तीकरण र सचेतनाका दुवै आयामहरुमा आफूलाई केन्द्रित गर्नेछ । स्वयंसेवी दस्तालाई प्रशिक्षित गदै राहत व्यवस्थापनका काम हुने छन् । युवा उद्यमशिलताको विकास गरिनेछ । संश्लेषणको आधारमा परियोजनाका कामहरु हुनेछन् । आफूले विगतमा उठाईरहेका मुद्धाहरुको संवोधन Cross Cutting Issues को रुपमा अगाडि बढाइनेछ । सिवाईसीले आफूलाइ Global age को Challenge का साथै Investment company को रुपमा विकास, Training parts हरु सघन ढंगले संचालित हुनेछन् जसबाट विकासलाई टेवा पुग्नेछ् । युवाहरुमा देखिएको डरलाग्दो मूल्य विचलन पलायन र अर्कमण्यतालाई सृजनात्मक संवोधन दिन युवाहरुको माध्यमबाट उद्यमशीलताको विकास र skill transfer गरिनेछ । उनीहरुमा सकारात्मक सोचं विकास गदै दक्ष जनशक्तिलाई देशभित्रै खपत हुने वातावरणमा समायोजन र पहल गरिनेछ । यो आसमा होइन प्रयासमा बाच्ने संस्था हो । परनिर्भरतालाई हामीले साठीको दशकमै छाडिसकेका छौ । अवको सिवाईसी नेपालको यात्रा शुन्यबाट शुरु हुने नभै यी दुई लक्ष्य र पाटालाई जोडेर गोलार्ध बनाउने हो । अनि बल्ल सही र सार्थक तवरमा हामीले शुरुवाती दौडबाटै आत्मसात गरेको नारा सामाजिक एकता आजको आबश्यकताको संवोधन हुन सक्छ । संस्थाको बारेमा अनावश्यक समय खर्चेर आफ्नो निःशुल्क सुझावले सडक पदांगिनी तताउने केही So Called शुभचिन्तकहरुलाई सिवाईसी नेपाल केही भन्दैन मात्र भन्छ :

**"मेरा लाखौ सहृदयीहरु बोक बोक मलाई<br>सेता अग्ला हिमशिखरको नाप्न पाँऊ उचाई"**

मतलब संस्था अझै उचालिन चाहान्छ, हिमाल नाप्न चाहान्छ । विकास र रुपान्तरणको अनवरत यात्रामा सबैलाई आफ्नो आँचलमा समेटेर अगाडि बढ्न चाहान्छ । संक्षेपमा सिवाईसीको अवको यात्रा र मार्गचित्र स्वावलम्वन र पारस्पारिकताको हुनेछ किनकी जीवनयापन स्वावलम्वनमा आनन्ददायी र स्वतन्त्र हुन्छ भने सामाजिक पुँजीको विकास पारस्पारिकतामा निर्भर गर्छ ।

**जय सिवाईसी !!**

# आत्मनिर्भरता

**सीता शर्मा**
**कार्यसमिति सदस्य**



आफुभित्र प्रेमको वात्सल्य जगाएर अर्कालाई संसार देखाउन सक्ने अर्काको घरलाई आफ्नो घर सम्झेर प्रेमले सिंचाई गरी सबै तिर हराभरा तुल्याउन सक्ने क्षमता भएर पनि समाजको हरेक पक्षको अगाडि आफुलाई कम्जोर ठान्ने र कमजोर रुपमा प्रस्तुत गर्न वाध्य पारिनुले पनि आज नारी शक्ति हुदा हुँदै र हार्न नचाहादा नचाहादै पनि हार्नपर्ने वाध्यता छ । समाज गतिसिल र परिवर्तनशिल दुवै छ । जव गतिशिलता रोकिन्छ तव परिवर्तन पनि रोकिन सक्छ । त्यसैले यसलाई गतिशिल गराउदै परिवर्तन गर्ने दायित्व तपाई हाम्रो सामु रहेको छ । जव मैले समाजलाई बुझ्दै गए तव मेरो मनमा केही कुराहरु पलाउदै आए यसो हुनुको पछाडि म काम गरिरहने उर्जाशिल र क्रियाशिल सिवाईसी नेपाल र त्यसमा सधै जुजारु बनेर लाग्ने सिवाईसी नेपालका अध्यक्ष (मेरा श्रीमान) उहाँको महत्वपूर्ण योग्दान रहेको छ । जब म समाजमा हरेक गतिविधीलाई केलाउदै भित्र पसे तव मलाई एउटै कुराले पिरोली रहन्थ्यो । के छोरी भएर जन्मे पछि अरुको कमाई र खटन पटनमा मात्र बस्नुपर्ने हो । के उ संग आफुले आफ्नो पहिचान गराउने कुनै चिज छैन के उ आफु काम गरेर अरुलाई पाल्न सकिदिन ? के उ पुरुषको बराबरी दाँजोमा पुग्न सक्दीन ? के उसंग परिवारको कुनै पनि जिम्मेवारी छैन ? यति हुँदा हुदै पनि उ कहिल्यै पनि खाली त बसेकी छैन विहान सबै भन्दा पहिला उठ्छे अनि ढिला मात्र सुत्छे र पनि किन उ सधै सबैको अपहेलनामा परेकी हुन्छे आदी आदी प्रश्नले सधै भरी जगेडि रहन्थ्यो । विवाहरुको कुरा चल्दा यतिको भए त पाल्छ अनी विवाह गरेर दिदा "**पाले पुन्य, मारे पाप**" भनी बुढी औंला समाई कपाल खौरेर आफ्नो गोत्र अरुलाई सार्दाको पिडा कहिल्यै माफि योग्य देखिदैनथ्यो तर पनि चुपचाप यी सबै कुरा सहनु पर्ने वाध्यता थियो यहाँ **"एकले थुके सुकि, सयले थुकी नदि भने भै"** एक दुई जनाले बोलेर कस्ले पो सुन्थ्यो । हिजो बज्यैले यहि भोग्नु भयो, आमा यहि भोग्दै हुनुहुन्छ, म यहि भोग्दै छु अनि हाम्रा कलिला फुल जस्ता छोरीहरु पनि.......

यो कहिलेसम्म चलीरहन्छ यसका पछाडि अरु कुनै कुरा छैनन् यसो हुनुको मुख्य दोष कस्को हो यसलाई कसरी रोक्न सकिन्छ आदी आदी विचार रुपी वादलहरु मेरो मन र मस्तिष्कमा मडारिरहन्थे यसै कारण मेरो मनमा उब्जीएका विचार र भावनाहरुलाई उजागर गर्दै सिवाईसी नेपालको ग्रामिण कन्दरा नामक पत्रीकामा केहि लेख्ने प्रयास गरेको थिए भने आज केहि वर्ष पछि पुन म त्यहि विषय त्यही प्रश्नको सेरोफेरोमा रहेर आफ्ना मनका तरङ्गीत विचार तथा भावनालाई अक्षररुपी भावबाट पस्कने जमर्को गरिरहेकी छु । जुन विषय **"आत्मनिर्भर छोरी की योग्य ज्वाई"** यो मेरो अत्यन्तै नीजी तर समाजसंग जोडिएको विषय हो यसैका कारण समाजमा हत्या हिंसा बलात्कार सती प्रथा देउकी प्रथा, घुम्टो प्रथा, दाईजो छाउपडी आदि जस्ता विषयले सजिलै मौलाउने अवसर पाए, यो या त्यो निहुँमा महिलालाई बन्देज लगाउन नीति नियमहरु वनाईए, घर परिवार र समाजका

घोकीएका गतिविधि वाहेक अनेत्र सहभागि हुने परिवारको स्वीकृत लिनुपर्ने वाध्यात्मक स्थिती बन्यौ कुनै कारणबस तोकीएको समय या ठाउँ भन्दा फरक हुँदा विभिन्न गाली गलौज र लान्छना भोग्न पर्ने वाध्यता बन्यो जसले गर्दा घर परिवार र समाजले वढी भन्दा वढी हिंसा गर्ने यातना दिने कार्य गरे महिलाले यो सबै गतिविधिहरु चुपचाप सहन वाध्य भए उनिहरुसंग अर्को कुनै विकल्प भएन माईती जाउँ भने कन्यादान गरी पठाए, घर छोडेर जाउँ भने कहाँ जाउँ के खाउँ आदी आदी कारणले महिला माथि थिचोमिचो वढ्दै गयो। हुँदा पनि उनीहरु चुपचाप हुन बाध्य भए भने अर्को तर्फ परिवार तथा माईतीको ईज्जत रक्षाका लागि आफु पटक पटक ज्यूदै मरेर पनि अरुहरुलाई जीवीत राख्ने प्रयास गरे तपाई कल्पना गर्नुहोस् उसको श्रीमान योग्य छ कुनै कार्यालयमा हाकीम छ , पढेलखेको छ, राष्ट्रका अर्थपुर्ण स्थानमा उसको निर्णय अव्वल मानिन्छ तर उसको योग्यतालाई कदर सम्मान गरेर त्यस घरमा भित्रीएकी एउटा शुसील नारी उसको अवस्था के हुन्छ ? घरमा परिवारको हेरचाहा, खेती पातीको काम विरामीको हेरचाहा, पाहुनको सत्कार, बालबच्चाको हेरचाह जस्तै आदी आदी त्यस्तै अव्वल मानीने योग्य पुरुष कसैले उनलाई सोधोस तपाईको श्रीमती के गर्नुहुन्छ उनि सजिलै जवाफ दिन्छन् उनी केही गर्दैनन् घरमै बस्छीन अनी सारा काम गर्ने घरमा को छ त ? र सजिलै जवाफ आउछ उनै गर्छिन यिनै कुराहरुलाई गहिरीएर विश्लेषण गर्ने हो भने पनि घरको सारा काम गर्ने व्यक्ति केही नगर्ने किन भयो त ? भन्दा घरको कामलाई मूल्यमा गणना गरिएन यदि घरमा काम गर्ने महिलाको पनि घण्टाका आधारमा कामको मुल्याङकन गरिन्थ्यो उसको हातमा श्रोत पर्थ्यो भने यो अवस्थाको सृजना हुने थिएन त्यसैले पनि हामी छोरीको आत्मनिर्भरतामा वढि भन्दा वढि जोड दिनु पर्दछ। आत्मनिर्भर बन्नु पर्छ भन्ने सवालले योग्य बनाउने कार्यमा आफ्से आफ उत्प्रेरण जगाई रहेको हुन्छ । भनिन्छ **"माछा मारेर दिनु भन्दा माछा पाल्ने सिप सिकाउनु"** उपयुक्त हुन्छ भने आत्मनिर्भर व्यक्ति हरेक चुनौतीको सामाना गर्नसक्छ अहिले समाजमा देखिएको हरेक प्रकारका वेचविखन र आत्महत्या आत्मनिर्भर नभएकै कारणले देखिएका घट्नाहरु हुन।

**"जहाँ अभाव, त्याहाँ तनाव"** भनेझै यी सबै कुरा अभावकै कारणले हुने वा घट्ने गर्दछन् स्वतन्त्रता पारदर्शिता यी दुवै नभई नहुने कुरा हुन तर पनि कुन विषयमा कति भन्ने कुरा पनि बुझ्न जरुरी छ। जब परिवारमा श्रीमान श्रीमती छोरी ज्वाई, छोरा बुहारी आफै स्वावलम्वी बन्छन र एक अर्का विचमा सबै कुराको समझदारी छ भने सबै कुरा सम्भव हुन्छ। त्यसैले हामी आत्मनिर्भर स्वावलम्वी सुसज्जीत सु संस्कृतीक समाजको निर्माण गर्ने हो भने छोरी र छोरी ज्याँई, छोरा र बुहारी दुबैलाई आत्मनिर्भर गराई आत्मनिर्णय गर्न सक्ने वातावरणको सिर्जना गर्नुपर्दछ तवमात्र समाजमा हत्या हिंसा बलात्कार लगाएतका अनेकौ हिंसाहरु घट्दै जान्छन्।

एकले अर्कालाई सम्मानको वातावरण सिर्जना हुन्छ भन्ने मान्यताका साथमा २०४९ असोज २६ गते स्थापना भएको सिवाईसी नेपाल बागलुङ्ले २७ औं बसन्तमा प्रवेश गरी रहँदा देशका ६ वटा जिल्लाका ३७ हजार ५ सय ६० भन्दा वढि महिलाहरुलाई आत्मनिर्भरताको विषयमा जोड दिदै शशक्तिकरणका विभिन्न प्रयासहरु थालनी गरेको छ। आय आर्जन हुने विभिन्न क्षेत्रका पहिचान गरी लगानीमा जोड दिईरहेको छ । हिजो शशक्तिकरण भनी हिड्ने सिवाईसी नेपालले आज शशक्तिकरण पछिको सुचक खोज्न थालेको छ। हिजो अरुले भेला बैठकमा वोलाउदा मात्र जाने दिदी वहिनीहरु आज आफै भेला बैठक तालिमको आयोजना गरी अरुलाई आमन्त्रण गर्ने भएका छन्। आफुले कमाई गरी जग्गा जमीन जोड्ने देखि पारिवारीक खर्चमा समेत सहयोग गर्ने थालेका छन्। एक वर्षमा नै नेतृत्व परिवर्तन हुने प्रकृयाले गर्दा कोही कसैको हिंसामा पर्नुपर्ने अवस्था होईन तर पनी केही टाँठा वाठा महिलाहरुको चलखेलमा अलि कमजोर महिला पर्न बाध्य छन् जे भएपनि यो विषयलाई संस्थामा काम गर्ने व्यक्तिहरुले गम्भीरता पूर्वक उठान गर्ने हुँदा आफु आफैमा सजग बन्न थालेका छन् । यसरी काम गर्दै जादा आज आत्मनिर्भरताको यात्रामा सिवाईसी नेपालको साथ पाएर हजारौं महिला दिदीवहिनीहरु होस्टेमा हैसे गरिरहेका छन् । हजारौं दिदीवहीनी आत्मनिर्भरताको प्रेरणाको श्रोत बनिरहेका छन्।

अन्तमा, सिवाईसी नेपालको २७ औं वार्षिक साधारण सभा सबैको आत्मनिर्भरता र आत्मनिर्णयको दरिलो अस्त्र बनोस भन्ने शुभकामना एवं सुभेच्छा समेत व्यक्त गर्न चाहान्छु।

# चारतारेको सन्देश



**विष्णु प्रसाद शर्मा मैत्रेय**
सह-प्रा. ईतिहास
२०५६।०८।२८

१. छर्दै लाली उदयचलको शिरमा पूर्व तर्फ ।
झुल्के सुर्य झलमल सबैतर्फ फैलाई हर्ष ॥
जागे प्राणी जगतभरका दिव्य आलोक पाई ।
ब्यूँझायो रे प्रथमतः तित्याङ सालबोट गाउँलाई ॥

२. झुल्के संध्या समय नभमा "चारतारा" समान।
त्यै ताराले अभिप्रेरित भई देशका नौजवान ॥
जागे लागे प्रगति पथमा जोश उल्लास साथ।
बागलुङ धौलागिरी वरिपरि जगमगायो प्रकाश॥

३. जन्म्यो युवा क्लव, कहलियो चारतारे (सिवाईसी) ।
चन्दा माग्यो घर घर डुली देउसी खेली धौसी ॥
बाटा, विद्यालय, बन, सफा चर्पी धारा बनेक्यै।
गोठी मला अभिमुखीकरणले छरी चेतना क्यै ॥

४. झुप्रा कुर्ने क ख नचिन्ने रोग अज्ञान ग्रस्त ।
युगौ देखि अझ तक सहि वर्णनातीत कष्ट॥
भोका बस्ती, दलीत जनका निम्ती बन्दै सहारा।
आशा छर्दै नव किरणका झुल्किए चारतारा॥

५. रक्सी, गाँजा, ककड र जुवासंग गर्दै भिडन्त ।
लैङ्गिक भेदभावका कतिपय कुसंस्कार पारेर अन्त्य ॥
रच्दै आफ्ना श्रम मगजले स्वावलम्वी समाज ।
ल्यायो हलचल क्रमिक संगयै क्लवले हामी माझ ॥

६. नेपाली हो अझ पनि कति ? सुत्दछौ जाग जाग ।
माग्छौ अर्कोसंग अभ कति ? कर्ममा लाग लाग ॥

७. आयो अर्बो डलर गरिवी ज्यूँको त्यूँ नै छ बाँकी ।
खाए नेताहरु सव मिली के रह्यो खान बाँकी ?
भोका नाङ्गा निरिह जनता छक्किदा बार बार ।
बन्दैछन् रे अव ठुलो क्रान्ती गर्न तयार ॥

८. चारतारेले अनिमियतता संग संघर्ष गर्दै ।
स्वार्थी साँग्रा प्रचलित असद् भ्रमको जाल चिर्दै ।
ल्याई छाडला प्रगति सुख त्यो सबै कल्याणकारी ।
हाँस्लान निर्धा जनहरु पनि टन्न खाई डकारी ॥

९. और्धोदैहिक रकम, सुविधा, बृद्धभत्ता विमाका ।
ल्याई छाड्ला अझ कति लघुवित्तमा यो धमाका ॥
मुद्धा राम्रा प्रतिघर सहकारी, सेवा, सुरक्षा ।
उर्जा, पर्यावरण र कृषि उन्नती सर्वपक्ष ॥

१०. कोल्टो फेर्दै समय संगमा पंख ज्योति फिँजाई ।
नाघी राष्ट्र अझ अघि वढि एसीयाली उचाई ॥
छोला, होला क्रमिकसंग यो विश्व विख्यात संस्था ।
चारतारेका प्रतिफल बनुन सुध्रिएका अवस्था ॥

११. स्वतःस्फुर्त भ्रम रहित सिवाईसीमा आउ विन्ती ।
खाका कोर्दै ऋण बचत समृद्ध देशका निम्ति ॥
चारतारेका सब घटक हुन बृद्धवाला वयस्क ।

# लघुवित्त तथा गरिबी निवारण

**डा. शालिकराम पोखरेल**




लघुवित्त गरिबी निवारणमा प्रभावकारी औजार साबित भएको धेरैजसो अन्तराष्ट्रिय अध्ययनबाट देखिएको छ तथापि कुनै कुनै अध्ययनले लघुवित्तले गरिबी घटाउनुभन्दा बढाएको पनि देखिन्छ । नेपालका सन्दर्भमा गरिबी निवारणमा (शिक्षा, आवास, उपभोग, आम्दानी र सम्पत्तिको सञ्चय) लघुवित्तले सकारात्मक प्रभाव पारेको देखिएको छ।

न्यून आर्थिक वृद्धि, गरिबी, असमानता, कमजोर आन्तरिक उत्पादन न्यून गार्हस्थ बचत तथा लगानी, कमजोर लगानीमैत्री वातावरण, अनौपचारिक आर्थिक क्षेत्र, उच्च व्यापार घाटा, प्रतिभा पलायन, विप्रेषणमुखी अर्थतन्त्र र बेरोजगारी लगायतका आर्थिक समस्या भोगिरहेको अहिलेको पृष्ठभूमिमा लघुवित्त, आर्थिक वृद्धि र रोजगारीलाई जोड्न सक्नुपर्छ जसबाट प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा रोजगारी सिर्जना गरी, उत्पादन वृद्धि, आम्दानी वृद्धि र आर्थिक वृद्धि गर्न सकिने र माथि उल्लेखित आर्थिक समस्यालाई केही हदसम्म हल गर्न सकिने अध्ययनले देखाएका छन् ।

सङ्घीय शासन प्रणाली अनुरूप केन्द्र, प्रदेश र स्थानीय तहमा स-साना लगानीका स्रोत र साधनको उपलब्धता, सुनिश्चिता, समन्यायिक बाँडफाट र स्रोत साधनको परिचालनमा एउटा स्तरका जनसमुदायमा लघुवित्त सेवालाई केन्द्रीकृत गरी कृषि, पर्यटन र अन्य लघु व्यवसाय मार्फत् उच्च र दिगो आर्थिक वृद्धिदर हासिल गरी गरिबी निवारण गर्न सकिन्छ।

हाल सञ्चालिन लघुवित्त सेवालाई परम्परागत बैङ्किङ सेवा भन्दा पनि अलि पृथक रूपमा सञ्चालन गर्नुपर्ने आवश्यक छ। लघुवित्त वित्तीय संस्था सञ्चालन गर्ने सञ्चालकलाई लघुवित्त वित्तीय संस्था र अन्य 'क', 'ख' र 'ग' वर्गका बैङ्क तथा वित्तीय संस्था, कसरी किन, भिन्न छन् भन्ने बुझाउनुपर्ने देखिन्छ। 'क', 'ख' र 'ग' वर्गका बैङ्क तथा वित्तीय संस्थाले प्रदान गर्ने वित्तीय सेवा परिणाम तथा प्रक्रिया मात्र भिन्न छैनन, यस्ता संस्थाले प्रदान गर्ने सबै सेवा भिन्न नै हुनु आवश्यक छ तर लघुवित्त वित्तीय संस्थाले परम्परागत बैङ्किङ सेवा मात्र सञ्चालन गरेको देखिन्छ। लघुवित्तको क्षेत्रमा बङ्गलादेशका प्रा.डा.युनुसले नोवेल पुरस्कार नै प्राप्त गरेबाट यो क्षेत्र गरिबी निवारण र विकासको क्षेत्रमा जल्दोबल्दो विषयको रूपमा स्थापित भइसकेको छ। हाम्रो नेपालमा लघुवित्त वित्तीयसंस्था त्यति प्रभावकारी रूपमा सञ्चालन नहुनुमा मुख्य दुई कारण रहेको देखिन्छ। पहिलो, संस्था सञ्चालनका लागि इजाजतपत्र दिने निकाय नेपाल राष्ट्र बैङ्कले लघुवित्त वित्तीयसंस्था दर्ता गर्दा संस्थाका सञ्चालक सम्बन्धित विषयमा जानकार छन् भन्ने मान्यतामा आधारित रहेको इजाजतपत्र दिनु। दोस्रो, पछिल्ला समयमा स्थापना भएका संस्थाका सञ्चालकमा लघुवित्त सेवालाई परम्परागत बैङ्किङकै रूपमा मात्र सोचिनु। यी दुवै अवस्थालाई स्पष्ट पार्नुपर्ने अहिलेको आवश्यकता हो।

लघुवित्त संस्था परम्परागत बैङ्किङका लागि मात्र स्थापना नभई यस्ता संस्थाले आफ्नै संस्थाका सदस्यका बीच बचत तथा ऋण लगानी तथा वित्तीय साक्षरतालगायत अर्थतन्त्रका अन्य सम्भाव्य क्षेत्रमा सीपमूलक तालिम तथा कार्यशालामार्फत् उत्पादन बढाउने, बजार सिर्जना पनि गर्दै र वित्तीय पहुँचका लागि लघु कर्जा तथा बचत, लघु बीमा र लघु रकमको हस्तान्तरण गर्ने हो। नेपालमा लघुवित्त संस्थाले हाल लघु कर्जा तथा बचत मात्र गरिरहेका छन्। लघु कर्जा तथा बचतले मात्र लघुवित्त संस्था दिगो हुँदैनन्। लघु बीमाको शुरुवात भएकै छैन जबकि बीमा र लघुकर्जालाई जोड्न कर्जा सुरक्षाका लागि पनि अति आवश्यक छ।

## लघुवित्त किन र कसका लागि ?



संसारमा २ थरीका जनसमुदाय हुन्छन्। एकथरी वित्तीयसेवा लिन आफैँ सक्षम जोसँग ज्ञान हुन्छ, सीप हुन्छ, कर्जा धितोका लागि सम्पत्ति हुन्छ र व्यवसाय गर्ने व्यवसायिक क्षमता पनि हुन्छ। बैङ्क तथा वित्तीय संस्थासँग सजिलै पहुँच हुन्छ। बैङ्कले पनि त्यस्ता वर्गलाई सजिलै पत्याउँछन्। ती वर्गलाई बैङ्क पहुँच जनता (बैङ्ककेवल) भनिन्छ। अर्कोथरी जो वित्तीय सेवा लिन आफैँ सक्षम हुँदैन, ज्ञान, सीप पनि हुँदैन, कर्जा लिन धितोका लागि प्रसस्त सम्पत्ति पनि हुँदैन, पिछडिएका तथा वित्तीय पहुँच नभएका स्थानमा बस्छन्। बैङ्क तथा वित्तीय संस्थासँग सहज पहुँच पनि हुँदैन। त्यस्ता वर्गलाई बैङ्कले विश्वास पनि गर्दैन। त्यो वर्गलाई गैर बैङ्क पहुँच (नन्बैङ्ककेवल) जनता हो। लघुवित्त दोस्रो वर्गको जनसमुदायलाई वित्तीय पहुँच मार्फत् लघु वित्तसेवा प्रदान गर्ने हो। लघुवित्त संस्थाले त्यसै वर्गलाई आधार मानि आफ्नो वित्तीयसेवा दिने हो। यो पूर्ण बैङ्किङ होइन भन्ने विषयमा प्रष्ट हुन जरुरी छ।
नेपालको कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान अझै ३० प्रतिशतको हाराहारीमा छ। विश्व बैङ्कले सन् २०१६ मा प्रकाशित तथ्याङ्कलाई आधार मान्ने हो भने नेपालको कुल रोजगारीको करिब ६७ प्रतिशत हिस्सा अझै कृषिमा आधारित छन्।

कृषिमा आधारित धेरैजसो जनता नन्बैङ्ककेवल नै छन्। नन्बैङ्ककेवल जनतालाई स्थानीय स्तरमा कृषि व्यवसायको कुन क्षेत्रमा सम्भावना छ। त्यसका आधारमा लघुकर्जा प्रदान गरी सम्भाव्यताका आधारमा लघुवित्त मार्फत उन्नत धान खेती, तरकारी खेती, माछापालन, मासुजन्य पशुपालन, दूधजन्य पशुपालन, निर्यातजन्य चिया तथा अलैंचीजस्ता उच्च सम्भावना भएका खेतीलाई प्रर्वद्धन गर्न सकिन्छ, जसबाट नेपालको कुल रोजगारीको करिब ६७ प्रतिशत आधार मानिएको कृषि क्षेत्रमा उत्पादकत्व बढाउनका साथै, रोजगारी सिर्जना गरी, उत्पादन वृद्धि, आम्दानी वृद्धि र आर्थिक वृद्धि गर्न सकिन्छ। लघुबीमा मार्फत् त्यस क्षेत्रका व्यवसायलाई सुरक्षित गरी संस्थाको लगानी तथा सेवाग्राहीलाई सुरक्षित पार्न सकिन्छ। लघुबीमालाई पुनर्बीमाबाट सुरक्षित पार्न सकिन्छ।

## यसबाट के-के हुन्छ ?

२०७२ र २०७३ सालमा अर्बौं रुपियाँ बराबरका खाद्यान्न, दलहन, माछा, मासुजन्यजस्ता वस्तुको आयात गरिएको तथ्याङ्कले देखाउँछ। यसरी बर्सेनि अर्बौं रुपियाँ त्यस्ता वस्तुको आयातमा खर्च भइरहेको छ, जुन हाम्रै देशमा सहज रूपले उत्पादन गरी आयात प्रतिस्थापन गर्न सकिन्छ, प्रशस्त रोजगारी सिर्जना गर्न सकिन्छ र जसले दिगो आर्थिक

वृद्धिमा समेत निकै ठूलो टेवा दिन सक्छ। यसबाट वित्तीय पहुँचमा वृद्धि, रोजगारी सिर्जना, आयात प्रतिस्थापनका साथै आर्थिक समृद्धिको ढोका खुल्छ ।

**कसरी गर्ने ?**

आयातित वस्तु जुन नेपालमै उत्पादन गर्न सकिन्छ। त्यस्ता वस्तुको पहिचान गरेर त्यस्ता वस्तुको उत्पादकका घर परिवारलाई सम्बन्धित विषयमा व्यावहारिक तालिम दिने। सम्बधित विषमा तालिम प्राप्त घर परिवारलाई लघुवित्त वित्तीयसेवा सँग जोड्ने। लघुवित्त वित्तीय संस्थाले आफ्नै समन्वयमा सेवाग्राही घर परिवारबाट उत्पादित वस्तुको बजार व्यवस्थापनमा पूर्णरूप मातादम्यता मिलाउने र उत्पादित वस्तुलाई बजारसँग पहुँच प्रदान गर्ने।
लघुवित्त सेवा पूर्ण रूपले बैङ्किङ सेवामात्र होइन। यो विषय नियमन निकाय र लघुवित्त सेवा प्रदान गर्न स्थापना भएका संस्थाले जान्न जरुरी छ। यस सेवासँग वित्तीय सचेतना तथा तालिम र अन्य सेवा पनि जोडिएका हुन्छन् र पूर्ण नाफामुखी मात्र नभई सोसियल विजनेसको रूपमा पनि लिन आवश्यक छ। त्यसैले लघुवित्त सेवा प्रदान गर्ने संस्थालाई स्थापना गर्दा यस विषयमा स्पष्ट हुन जरुरी छ। नेपालमा विद्यमान बङ्कैकिङ संरचना अनुसार ‘क’, ‘ख’, ‘ग’ र ‘घ’ वर्गका बैङ्क तथा वित्तीय संस्था रहेका छन्। यी मध्ये ‘ख’ र ‘ग’ वर्गका वित्तिय संस्थाको आवश्यकता र औचित्यको बारेमा छुट्टै बहस आवश्यक होला तर ‘क’, ‘ख’ र ‘ग’ का वर्गका बैङ्क तथा वित्तीय संस्थाभन्दा ‘घ’ को वित्तीय संस्था नित्तान्त रूपमा फरक हुन आवश्यक छ। त्यसैगरी, लघुवित्त सेवाप्रदान गर्ने सहकारी संस्था, गैरसरकारी संस्था तथा अन्य अन्तराष्ट्रिय गैरसरकारी संस्थाका सेवालाई पनि तालिम, उत्पादन र बजारसँग जोड्न आवश्यक छ। त्यस्ता संस्थमा गरिने नियमन, अनुगमनलाई समेत नियमित तथा प्रविधिमैत्री बनाउनु नित्यान्त आवश्यकता देखिन्छ।

**२०७४।०७।१० गते गोरखा-पत्र दैनीकमा प्रकाशित**

---

## आत्मनिर्भर बनौं हैं ।

नबसौँ है कसैको आस भरमा
लघुवित्त आको छ घरघरमा
बचत गरौ खर्च घटाउँ है
श्रम गरी उद्यमी वनेर आत्मनिर्भर
बनौ है ।

सदुपयोग गरेर ऋणलाई
विसाउनु छ दुःखका दिनलाई
बचत गरौँ खर्च घटाउ है
श्रम गरी उद्यमी वनेर आत्मनिर्भर
बनौ है ।

हत्या हिंसा बलत्कार छिनछिनमा
चल्नुपर्ने पुरुष कै अधिनमा
नारीलाई यो कस्तो वाध्यता
संविधानमा लेखीयोस सत्तेता नसोच्नु
है अन्नेथा ।

नारी पुरुष भन्दैछन् समान
किन हुन्छ नारीमा दमन
नारीनै हो देशका कर्णधार
आयो भन्छन् लोकतन्त्र देशमा खै त
हामीलाई नारी अधिकार

गरे पनि कानुनका कुरा
कसले गर्ने व्यवहारमा यो पुरा
नारी नै हो देशका कर्णधार
अव हामी हुदैन छुटेर
खोज्नु पर्दछ नारी अधिकार ।

हिड्न सिकौ वन्धन तोडेर
विदा हुन्छौं यो सन्देश छोडेर
नारी नै हो देशका कर्णधार
नारी विना चल्दैन यो संसार
विदा हुन्छौ हस्त नमस्कार ।

सफलताका कथाहरु

# बाख्रा पालन व्यबसाय बाट उद्यमी बनेकी समिक्षा

*जन्मथलो म्याग्दी उनको कर्म थलो गुल्मी*
*भन्छीन उनले सधै भरि सिवाईसी लाई चुन्नी ।।*



**दिलमाया थापा**
जुनीयर के.व्य
शाखा कार्यालय वामी



म्याग्दी जिल्ला बेनि नगरपालीका वडा न.३ गौश्वारा दोकान स्थित बाबा अधिराज मल्ल र आमा विजया मल्लको तीन वटा सन्तान मध्ये तेस्रो सन्तानको रुपमा २०५०।१२।२१ गते जन्म लिनुभएको थियो समिक्षा मल्ल सानै उमेर देखि लगनशील मेहनती रहनु भएको उहाँले बिहान बेलुका घरधन्दा गरेर पनि आफ्नो पढाई लाई निरन्तर रुपमा अगाडि बढाएकी थिईन् । उहाँको परिवार ठुलो र संयूक्त परिवार भएको कारण परिवार १४ जना को थियो । ठूलो बाबा पुलिसमा काम गर्नु हुन्थ्यो भने उहाँको बाबा ले प्रोजेक्टको काम गर्नु हुन्थ्यो कान्छा बाबा घरमा नै बाख्रा पालन गर्नु हुन्थ्यो । ठुलो परिवार भएकाले र घरमा खान नपुग्ने भएकाले उनको परिवारको जीवनयापनमा कठिन थियो । सोही समयमा समिक्षाको घरमा आगोलागि भएर सम्पूर्ण घर क्षति हुन पुग्यो घरको चिन्ताले बुवाले आफनो जागिर समेत गुमाउनु पऱ्यो । घरमा दिदिको विबाह भैसकेकोले पनि उनको पढाईमा समेत असर पर्न गयो । यस्तै विषम परस्थीतिमा सात कक्षा पढ्दा पढ्दै उनले सानै उमेरमा विवाह गर्नुपऱ्यो ।



ठूलो परिवार त्यसमाथि त्यो समयमा समाजमा छोरीले धेरै पढ्न हुदैन भन्ने मान्यताले सानै उमेरमा विवाहमा बन्धनमा वाधिन बाध्य हुनु भयो समिक्षा । लाउँ लाउँ खाउँ खाउँ भन्ने १५ वर्षकै कलिलो उमेरमा गुल्मी जिल्ला मुसिकोट न.पा. ४ साविक वडागाउ ९ धारापानी निवासी वुवा भुवन सिहं ठकुरी र आमा हिरा सिहं ठकुरीका कान्छा छोरा विमलेश सिहंसंग २०६५।८।८ गते विवाह गर्नु भयो र बिबाह गरेर आएको कर्म थलोमा पनि ठूलो परिवार भएकोले समस्या हुन थाल्यो । उहाँको

जीवन केवल घर धन्दा र कृषि मै सीमित रह्यो । ठूलो परिवार भएकाले घर चलाउन पनि निकै कठिन हुंदै गयो । श्रीमान पनि विवाह पछि विदेश जान छोडेर घरमै कुखुरा पाल्न थाल्नुभयो ।



उहांकै घरपरिवार को प्रेरणाले गर्दा सासुको सट्टामा २०६७।०९।११ गते सिवाईसी नेपालको लघुवित्त कार्यक्रम अर्न्तगत केन्द्र नं. ६ चेतना आत्मनिर्भर महिला केन्द्रमा प्रवेश गर्नुभयो । उहाँले गाउंघरमा साहुको ऋण लिएर पालेको कुखुरा सबै मर्दै गयो र उहांलाई त्यस कुखुरापालनबाट पनि घाटा भयो तरपनि उहाँले हार नमानी फेरि अर्को व्यवसायको लागि सिवाईसी नेपालबाट सुरुमा २० हजार रुपैया ऋण लिएर बाख्रा पालन व्यवसाय सुरु गर्नुभयो साथै कृर्षीलाई पनि निरन्तर रुपमा अगाडि बढाउनुभयो । उहाँले पहिलो ऋण तिरेर दोस्रो पटकमा रु. ५० हजार रुपैया ऋण लगेर भैसी र बाख्रा पालन गर्नुभयो उहांलाई भैसी र बाख्रा पालनबाट राम्रो फाईदा हुन लाग्यो । त्यसपछि क्रमश दोस्रो ऋण पनि चुक्ता गरेर तेस्रो ऋण रु १ लाख रुपैया लिनुभयो उहाँले त्यस ऋणबाट पुनः भैसी र बाख्रा किन्नु भएको छ ।

व्यवसायबाट राम्रै फाईदा गर्न सफल समिक्षालाई उहाँको श्रीमानको पनि राम्रो साथ मिलेको छ श्रीमानले गाउँ गाउँबाट बाख्रा खरिद गरि विक्री गर्ने गर्नुहुन्छ । उहाँहरुको बागलुङ बजारमा समेत आफ्नै मासु पसल रहेको छ । पहिले आफ्नै परिवार पाल्ना धौ धौ भएको समिक्षाको अहिले आफ्नै व्यवसायमा २ जना कामदारहरु राख्न सफल हुनु भएको छ । आफ्नो व्यवसायलाई अझै ठुलो बनाउनका लागि समिक्षाले पुन सिवाईसीबाट रु. २ लाख रुपैया ऋण लिएर आधुनिक बाख्रा फर्म बनाउनु भएको छ । सानो सानो व्यवसायबाट सुरुवात भएको व्यवसायमा हाल उहाँको ६० वटा बाख्रा २ वटा भैसिका साथै कृषि व्यवसाय पनि गर्नुभएको छ ।

समिक्षाका २ वटा छोरी घरका १३ जना परिवारलाई समेत पालनपोषण गर्न सफल हुनु भएको छ । बेरोजगार दिदी बहिनि हरुलाई पनि सिवाईसीबाट ऋण लगि आफूजस्तै उद्यमि बन्न सिकाउनु भएको छ । सिवाईसी नेपाल हाम्रो माईतिघर समान हो यसले गर्दा आज म जस्ता दिदी बहिनी सक्षम, आत्मनिर्भर भएका छन । सिवाईसी नेपालमा लागौ बचत गरौ उद्यमि बनौ थोपा थोपा मिलेर नदी बग्छ भन्नु हुन्छ उहाँ ।

# सफलताको बराबर लाइन





**विष्णु पौडेल**
शाखा प्रवन्धक
सिवाईसी लघुवित्त कार्यक्रम

**"एउटै कक्षाका सवै प्रथम हुन सक्दैनन तर सवैले प्रथम श्रेणी ल्याउन अवश्य सक्छन्"** यहि वाक्यको प्रमाणीकता उदारणको रुपमा लिन सकिने तथ्यहरु सायद कमै हुन्छन् । एउटा व्यक्तीले सफलता प्राप्त गर्न जति सजिलो हुन्छ त्यो भन्दा जटिल जति जना व्यक्तिहरु मिलेका हुन्छन् त्यत्ती वढि हुन्छ । किनकी मेहनत सवैले समान रुपमा गर्नुपर्दछ । सिवाईसी नेपालले आफ्नो स्थापना काल देखिनै मूल मन्त्र ठानी अगाडी वढाई रहेको एउटा सुत्र **"सामाजिक एकता आजको आवश्यकता"** को सही प्रयोगको रिजल्ट नै यो सामुहिक सफलता हो । समाज हरेक क्षेत्रका लागि खुला किताव हो । सामाजिक जीवनको अध्ययन भनेको एउटा रगं भएको गुलाव फूलको अध्ययन गर्नु जस्तो होइन अर्थात जसरी हरेक फुलको अध्ययन सहज छैन् ठिक त्यसरीनै हरेक व्यक्तिहरुको व्यवहार संयोजन गर्नु निकै चुनौतिपूर्ण कार्य हो । सामूहिक सफलता हरेकको संयोजन हो त्यसको स्वाद स्तर पनि एक पृथक उपादयता भित्र पर्दछ । सिवाईसिको महान लक्ष्य समाजका हरेक पछाडि पारेका समुदायहरुको स्तरउन्नति सहित जीवनस्तरमा सुधार ल्याउनु हो । समाज रुपान्तरणको यी अभियानहरुलाई अगाडि वढाउन सिवाइसी नेपालले विविध कार्यक्रमहरु समाजमा सञ्चालन गर्दै आईरहेको छ । सिवाईसी नेपालले हाल लघुवित्त कार्यक्रम मार्फत नेपालका विभिन्न छ जिल्लामा समुह मार्फत वचत, कर्जा सामूहिक जमानी तथा व्यत्तिगत जमानिका आधारमा परीचालन गरिरहेको छ । सदस्यहरुको क्षमता वढाउन सञ्चालन हुने विविध क्षमता अभिवृद्धिमुलक कार्यक्रमहरुवाट विभिन्न सेवासुविधाहरु सहित आफ्नो ज्ञानको क्षेत्र वढाइरहेका छन् । सिवाईसिले आफ्ना हरेक सदस्य, केन्द्र, तथा शाखा स्तरमा समेत वार्षिक मुल्याङ्कन वाट उत्कृष्टता निर्धारण गर्ने गर्दछ । यसको मूल उद्देस्य भनेको खुला स्पर्धा सहित स्वउत्प्रेरित सदस्यहरु तथा समुहहरु निर्माण गर्नु रहेको छ । म यहां एउटा त्यस्तो केन्द्रको वारेमा चर्चा गर्न गइरहेको छु कि जसले पटक-पटक

अन्यका तुलनामा आफुलाई अव्वल प्रमाणीत गरी देखाएको छ।

म वाग्लुङ् जिल्ला साविक सिगाना गा.वि.स. हाल कांठेखोला गाउपालिका वडा न १ चनौटे स्थित मिती २०६३।१२।०३ मा श्री वराह आत्म निर्भर महिला केन्द्रको रुपमा गठीत केन्द्र, केन्द्र नं. ५१ को विगत देखि हाल सम्मको वस्तुस्थिती वारे केहि तत्थ्यहरु वाहिर ल्याउने जमर्को गर्दै छु । जतिवेला देशमा द्वन्द चरमउत्कर्षमा पुगीरहेको थियो । त्यसवेला समाजमा समूह निर्माण गरी यस्ता आर्थिक गतिविधिहरु सञ्जालन गर्न निकै जटिल थियो । वित्तिय कारोवारमा आम ग्रामीण जनताहरु विश्वास कम मात्रामा गर्दथे। सिगाना वागलुङ जिल्ला सदरमुकामदेखि निकै नजिकको दुरीमा पर्ने स्थान हो । जतिवेला सिवाइसी नेपालले लघुवित्त कार्यक्रम त्यहां पुर्‍याउने योजना वनायो त्यो वेला त्यहां केहि भजन समुह अर्थात विदेश वाट कोहि आएमा सहयोग उठाउने र केहि गर्ने गरी निर्माण गरीएका साना समूह वाहेक अन्य कुनै संघ सस्था थिएनन्। सिवाइसी नेपाल शाखा कार्यालय वागलुङवाट खटिएका कर्मचारीहरु खड्क थापा, सचिन श्रेष्ठ लगायतको टिमले समुहमा आवद्ध गर्न त्यही स्थानमा रहनुभएकी दिदी श्री सोमकुमारी मल्लको नेतृत्वमा केन्द्र निर्माण भएको थियो । सुरुमा २५ जना सहभागि भई सुरुवात भएको त्यही केन्द्रको सदस्य श्री रिमा मल्ल वताउनु हुन्छ । सुरुको अवश्थामा सवैमा विश्वासको अभाव भएको, पैसा भएपनि जम्मा गर्न डर लाग्ने वताउनु हुन्छ, अझै कतिपय सदस्यहरुले । पहिले मासिक जम्मा १२५० रुपैया मात्र उठ्ने सो केन्द्रमा हाल मासिक २००,००० भन्दा वढी वचत तथा कर्जा उठ्दछ । समुह विकास गर्न केन्द्र गठन भएको ११ वर्ष सम्म केन्द्रमा क्रमस सोम कुमारी मल्ल, सुमित्रा मल्ल, दिल कु खड्का, सारदा मल्ल, मनमाया थापा, रिमा मल्ल, तिल कु मल्ल, सुमि मल्ल लगाएत केन्द्रप्रमुख भइ केन्द्रको सफल संचालन गर्नु भएको छ । समुहमा व्यस्थापन मिलाउने कार्य एक चुनौतिपुर्ण कार्य हो किनकी समुहमा सवैको सोचाई फरक-फरक हुन्छ । फरक विचार मिलाउन सफल यो केन्द्र सिवाइसी नेपालद्धारा पटक-पटक सफलताको पुरस्कार प्राप्त गर्न सफल भएको छ । प्रारम्भमा रु ५००० रुपैया कर्जा वाट आफ्नो कर्जा कारोवार सुरु गनुभएको उहाहरु हाल १५०००० रुपैया कर्जासिमा सस्था वाट प्रयोग गर्नु भएको छ। कुल ४५ जना सदस्य सहित पुर्ण केन्द्र वन्न सफल यस केन्द्रको कुल वचत ७,७५,०३९ रुपैया रहेको छ भने कर्जा हाल लगानीमा वाकि ८,७४,३३० रहेको छ जसमा कर्जा लिनुहुने सदस्यहरुको संख्या हाल ३५ जना रहेको छ। घांटि हेरी हाड निल्नु पर्छ भन्ने मान्यतामा विश्वास गर्ने यहाका सदस्यहरु वचत तथा कर्जाको मामिलमा निकै सचेत छन् । सिवाईसी नेपालद्वारा आयोजना हुने कुनै पनि कार्यक्रम नछुटाउने, केन्द्रमा हुने नियमित उपस्थीतीहरु, विभिन्न समयमा हुने छलफलमा सक्रियता पुर्वक हुने सहभागिताले गर्दानै यो सम्भव भएको हो। केन्द्रका लागि अत्यावश्यक तत्वहरु केन्द्रघर, वस्ने व्यवस्था, माइनट, साईन वोर्ड लगाएका कुराहरु रहेका छन्। केन्द्रका सम्पुर्ण सदस्यहरु आफ्नो नाम आफैं लेख्न सक्नुहुन्छ । समुह तथा केन्द्र आधारभुत मान्यताहरु अनुसार संचालन हुने वैठक संचालन प्रकृया निकै उल्लाहसपर्ण रहेको अनुभव यो लेखक आफैं गरेको छ। समुहमा वेला वेलामा हुने नियमित छलफलले झनै यस केन्द्रको वारेमा वताउछ।

केन्द्रमा हुने प्राय गुणहरु भएको यस केन्द्रमा समयदान व्यस्थापन, मुष्ठी दान अर्न्तगत पनि वेला वेलामा उपचारका लागि समुहको तर्फवाट सहयोग समुह भित्र र वाहिरका सदस्यहरुलाई उपलव्ध गराइरहेको वताउनु हुन्छ यस केन्द्रकी पुर्व प्रमुख रिमा मल्ल।

विगत ४ वर्ष देखि निरन्तर पुरस्कार जित्न सफल यो केन्द्र शाखा स्तरमा प्रथम स्थान प्राप्त गर्न सफल यस अगाडिनै भइ सकेको छ। यस वर्ष २०७४ मा समेत द्धितिय स्थान प्राप्त गर्न सफल यो केन्द्र अन्य केन्द्रहरुका लागि उदारणीय वन्न सक्छ। सुरुको अवस्थामा आफ्नो नाम सम्म पनि भन्न डराउने यहाका सदस्यहरु हाल आफ्नो नाम ढुक्क साथ भन्न सक्नुहुन्छ । विगतमा भन्दा हाल परिवारको विश्वास साथ र सहयोगका कारण आफुहरुलाई थप सहयोग पुगेको वताउनुहुन्छ यहाका सदस्यहरु। समुहमा मिलेर वस्न सक्नु एक छुट्टै खूवीको कुरा रहेको वताउने यहांका दिदी वहिनीहरु सामुहिक एकता र भावनाको मुद्धामा सवल हुनुहुन्छ । वर्तमान समयमा लघुवित्त कार्यक्रममा देखिएका समस्याहरुलाई केलाउदै यहांका सदस्यहरु केन्द्रमा हुने र हुन सक्ने विकृतिहरु प्रति निकै सचेत छन् । अन्य समुहका दिदीवहिनीहरुलाई तथा केन्द्रप्रमुखहरुलाई पनी उहाहरुले सल्लाह दिदै भन्नुहुन्छ कि सिवाईले वचत, कर्जा, अन्य सेवा सुविधा दिएको छ त्यो भन्दा ठुलो कुरा सस्कार र सभ्यता सिकाइरहेको छ । यस केन्द्रको सफलताको कथाले अन्य केन्द्रहरुलाई पनि सफल हुनका लागि प्रेरण प्रदान गरेको छ। केन्द्रका प्रमुख तथा सबै सदस्यको सामूहीक

प्रयासबाट मात्र यो सम्भव भएको हो भन्नेमा द्विविधा छैन।

# परिश्रमले नै सफलताको बाटो देखाउछ





सञ्जु गौतम
जुनीयर के.व्य
शाखा कार्यालय

अर्घाखाँची जिल्ला साविक अर्घातोष गा.बि.स मा मिती २०२९ साल फागुन ०९ गते बुवा शिबलाल बि क र आमा सुन्तली बि क को सन्तानको रुपमा जन्मनु भयो दिलदमाया बि.क. । उहाँले बाल्यकालको करिब १४ बर्ष आफ्नो जन्म घरमै समय बिताउनुभयो । १४ बर्षको सानै कलिलो उमेरमा बि स २०४३ सालमा कर्ण बहादुर बि. क. संग बैबाहिक जीवनमा बाधिनुभयो । बिवाह पछि दिलमायाले माईतीको जस्तो शुख पाउनु भएन । घरमा घास काट्ने, खेतिपाती गर्ने, भैसिपालन काम गरेर दिन बिताउनु भयो । उहाको श्रीमान प्रहरी मा जागिरे हुनुहुन्थ्यो । श्रीमानको जागिरले उहाको जीवन सोचेजस्तो चल्न सकेन, चाहिएजती खर्च गर्न पाउनु भएन दिन अभाममा नै बित्ने गर्दयो । बि स २०५५ सालमा श्रीमान पनि जागीर छोडेर घरमा आउनुभयो । घरमा आम्दानरकिो श्रोत केही नभए पछि उहालाई जीवन चलाउन दिन प्रति दिन गाह्रो हुदै गयो । त्यसपछि केहि आम्दानी गर्ने र परिवार राम्रोसंग पाल्नका लागी परिवारले नै घर छाड्ने सल्लाह बमोजिम आफ्नो परिवार दुई छोरा र एक छोरी श्रीमान अनि आफु संगै घरबाट निस्कि पाल्पा तानसेन बजारमा आई त्यतिबेला थोरै मात्र पैसा भएकोले बस्ने खाने गर्नका लागी सानो तरकारी पसल खोली जीवन चलाई रहनु भएको थियो ।

आफुसंग पैसा नभएको र ठाउ नया भएको कारण कसैले ऋण माग्दा नपत्याई नदिने हुदा उहालाई दिन चलाउन गाह्रो परिरहेको बेला त्यही समयमा मिती २०६७ सालमा तानसेन बजारमा चारतारे युवा क्लब सिवाईसी नेपाल स्थापना भएको खबर थाहा पाएपछि यस संस्थाले गरिब तथा आर्थिक अबस्था कमजोर भएका तथा सिप र जागर भएका महिलाहरुलाई ब्यबसाय गर्नका गाली ऋण दिन्छ भन्ने कुरा थाहा पाई आफ्नो टोलका १० महिला दिदीबहिनीहरु जम्मा गरि ७ दिन सम्म पि.ज.टि. तालिम लिई २०६७।०९।२३ मा यस संस्थाको केन्द्र नं १ मा आबद्द हुनुभयो ।

सिवाईसी लघुवित्तमा आबद्द भएपछि सुरुमा रु. दश हजार ऋण लिई तरकारी पसल थप गर्नुभयो । यसबाट मासिक किस्ता चलाउन र खान लाउन मात्र ठिक्क हुने भयो । यसै क्रममा पहिलो ऋण चुक्ता भई दोश्रो ऋण ऋण रु. विस हजार लिई पसल बढाउनुभयो र बिस्तारै पसल राम्रो चल्दै जान थाल्यो र बचत पनि गर्न लाग्नु भयो । त्यसै क्रममा श्रीमानले पनि सिवाईसी बाट ऋण लिएर बाख्रा किनबेच कार्य शुरु गर्न थाल्नुभयो ।

पसलबाट राम्रो आम्दानी र श्रीमानको ब्यबसायबाट पनि राम्रो आन्दानी हुदै गएपछि अहिले उहाले रु. एक लाखसम्म ऋण चलाई ब्यबसाय गर्न सफल हुनुभएको छ । भनिन्छ जसले निरन्तर मेहनत संगै काम गर्न उसलाई कहिल्यै पछि हट्नु पर्दैन यो उखान दिलमायाको जीवनमा मेल खान्छ । थारै तरकारी पसलबाट ब्यबसाय शुरु गरेकी दिलमाया अहिले ५ जनाको परिवारको छोराछोरीको शिक्षा,औषधी उपचार , घरखर्च र चाहेको बेलामा जति पनि खर्च गर्न सक्ने भई आत्मनिर्भर बन्नु भएको छ दिलमाया । एक छोरालाई एस.एल.सी. पास गराउनु भएको छ । एक छोरा र एक छोरी साथमा

हुनुहुन्छ । छोरी स्तानक दोश्रो बर्ष र छोरा कक्षा १० मा अध्ययरतर छन् । अहिले उहाले तानसेनमा आफ्नै नाममा घडेरी पनि किन्न सफल हुनुभएको छ । थोरै तरकारी पसलबाट सुरु गरेको भएपनि किस्ता, तिरेर मासिक रु. पन्ध्र हजार बचत गर्न सफल हुनुभएको छ । उहाँ भन्नुहुन्छ यो सबै सिवाईसीको देन हो ।

उहाँ आफ्नो सफलताको बृतान्त सुनाउदै भन्नुहुन्छ बिगतको दिलमाया र अहिलेको दिलमायामा धेरै अन्तर छ । सिवाईसीले बिना धितो लगानी गरि व्यवसायीक बन्ने मोका दिएको कारण आज यो सब भएको छ । **सिवाईसी नेपाल मेरो माईती भन्दा पनि प्यारो छ** र म यस संस्थालाई धेरै भन्दा धेरै धन्यबाद दिन चाहन्छु । गरिबलाई पैसा नपत्याई ब्याज चर्को भन्छन्, दश हजार ऋण लिई ५० हजार आम्दानी भए १८ प्रतिशत ब्याज तिर्न के गाह्रो हुन्छ मैले कती हजार कमाई गरे त्यो हेर्ने की नहेर्ने, एउटा चाउरिएको अनुहारमा खुशी लयाएको हेर्ने की नहेर्ने । आर्थिक कार्यका साथै सामाजिक क्षेत्रमा पनि ब्यक्तित्व बिकाश बनाएको छ त्यसैले सिवाईसी मेरो माईती भन्दा प्यारो छ ।

अन्तमा सबै कर्मचारी तथा संस्थालाई धन्यबाद दिदै सिवाईसीको देन बाट आफु जस्तै अन्य गरिब महिला दिदी बहिनीलाई पनि आफु जस्तै सक्षम बनाउन सकोश र अझ प्रगती तर्फ अगाडी बडोस सफलताको शुभकामना सिवाईसी परिवारलाई ।।।

जय सिवाईसी !!

# देख्दैमा मुख रसाउने बुर्तिवाङको सेल रोटी !

**शब्द/चित्र सुमन जीसी,**



सेल रोटी नेपालीहरुबीच निकै प्रिय मानिन्छ । सेल रोटी त्यस्मा पनि भाँगो दलेको आलुको अचार भने पछी स्मरण मात्रले जिब्रो रसाउन थाल्छ । बिभिन्न चाडबाड होस या बिबाह र ब्रतबन्ध या पूजारपाठ या बेला बखत आयोजना गरिने बिबिध कार्यक्रमहरु नै किन नहुन, सेल रोटी अति नै रुचिकर खाद्यबस्तु ( खाजा) को रुपमा प्रयोग गरिन्छ ।

पछिल्लो समय ढोरपाटन नगरपालिको बुर्तिवाङ बजारमा फास्टफुड र किराना पसल सन्चालन गर्दै आएकी भबरेटाकी विष्णु रानाले हालेको सेल रोटी भनेपछी हुरुक्कै नहुने बिरलै होलान् । उनले हालेको सेल रोटीको स्वाद औधी मीठो मानेर खान्छन स्थानीयहरुले । उनलाई सेल रोटी हाल्न भ्याई नभ्याई छ ।

ब्यापार व्यवसायबाट दिनको ४ देखि ५ हजार सम्म आम्दानी हुने गरेको उनी बताउछिन् । उनी सीवाईसी लघुबित्त कार्यक्रमबाट सहयोग (ऋण) प्राप्त उद्यमी हुन् । सीवाईसी लघुबित्त कार्यक्रम बुर्तिवाङ शाखाका प्रवन्धक दयाराम थापा भन्छन, 'बिष्णु यस क्षेत्रकै सफल उद्यमी हुन् ।'

लेख/रचनाहरु

# चारतारेको सन्देश



**विष्णु पौडेल**
शाखा प्रवन्धक
सिवाईसी लघुवित्त कार्यक्रम

## लघुवित्तले

साच्चै हो, लघुवित्तले वाच्न सिकाउछ,
आफ्नै खुट्टाले, आफै नाच्न सिकाउछ ।
आजको पैसा भोलिलाई भनि साच्न सिकाउछ,
साच्चै हो, लघुवित्तले वाच्न सिकाउछ ॥

साच्चै हो लघुवित्तले सिक्ने वनाउछ,
दुनियांमा ढुक्क संग विक्ने वनाउछ ।
एक-पटक सहि प्रयोग गरेर त हेर,
तिम्रो मेहनत संसारले भिक्ने वनाउछ ॥

साच्चै हो लघुवित्तले वुझ्ने वनाउछ,
आफ्नै लागि पसिनाजल रुज्ने वनाउछ ।
किन औजारविहिन ठान्छौं आफैलाई,
खोल आंखा दुनियाले पुज्ने वनाउछ ॥

साच्चै हो, लघुवित्तले वाच्न सिकाउछ,
आफ्नै खुट्टाले, आफै नाच्न सिकाउछ ।
आजको पैसा भोलिलाई भनि साच्न सिकाउछ,
साच्चै हो, लघुवित्तले वाच्न सिकाउछ ॥

## जान्न्पर्ने क्रा११

कसैको प्रलोभनमा पर्नु होला है,
पैसा लिई अरुलाई फेरि, छर्नु होला है ।
यसैले त तपाइलाई अप्ठ्यारोमा पार्छ ,
खराव आनि वानीबाट पर-बस्नु होला है ॥

वुन्छन् अनेक ताना वाना सोच्नु पर्छ,
प्रयोग कस्तो भएको छ ? खोज्नु पर्छ है ।
आंखा चिम्म गरी वसे, पछुताउनु पर्छ,
उत्तम के छ, आफ्नो लागि रोज्नु पर्छ है ॥

चलाउनु पर्छ कर्जा, आफ्नै नाममा,
लगाउनु पर्छ ठिक ठाउमा, भनेकै कामना ।
दुरुपयोग गरे, दुख्ने आफ्नै टाउको नै त हो ,
ख्याल ठट्टा नसोचेर, अनुशासित वनौ
दाममा ॥

कमाईलाई जमाउने, कति अघि वढे ,
हिजो सडक पेटि आज, सगरमाथा चढे ।
तपाई अझैं, चुपचाप वस्ने ,
कर्जा दुरुपयोग गर्ने यहां, कति डुबे डुबे ॥

कसैको प्रलोभनमा पर्नु होला है ,
पैसा लिई अरुलाई फेरि, छर्नु होला है ।
यसैले त तपाइलाई अप्ठ्यारोमा पार्छ ,
खराव आनि वानीबाट पर बस्न होला है ॥

समचारहरु

# ४३२५ वार्षिक बजेट रहेको सिवाईसीको अरबौको कारोवार



बागलुङ २६, आश्विन २०७४

श्रम र समयको महत्वलाई बुझ्रेर गाउँमा खेर गईरहेको तथा निरुत्साहित रहेको मानवीय शक्तिलाई एकत्रित गरी सामाजिक एवं विकास निर्माणका विविध पक्षहरुमा वालवालिका, युवा, महिला, बृद्ध लगायत सवै जनसमुदायहरुलाई सकृयरुपमा सहभागी गराई बागलुङ जिल्लाको साविक तित्याङ गाविसको समग्र विकासको लागि सामाजिक जनशक्तिलाई उचित परिचालन गर्ने उद्देश्यले मिति २०४९ आश्विन २६ गतेका दिन स्थापीत सामाजिक विकास संस्था चारतारे युवा क्लव नेपालले आफ्नो २६ औं स्थापना दिवस आज विविध कार्यक्रमहरु सम्पन्न गरी मनाएको छ।

स्थापना दिवस कार्यक्रमको उद्घाटन प्रमुख अतिथी संस्थाका संरक्षक वरिष्ठ अधिवक्त पद्मनाथ शर्मा पौडेलले पानसमा दिप प्रज्वलन गरी र संस्थाका अध्यक्ष चण्डिप्रसाद शर्मा पौडेलले संस्थाको २६ औं वर्षगाठको केक काटी संयूक्त रुपमा उद्घाटन गरेका थिए । उद्घाटन पश्चात कार्यक्रमलाई सम्वोधन गर्दै प्रमुख अतीथी पौडेलले संस्थाले सञ्चालन गरेका क्रियाकलापहरुले प्रत्यक्ष रुपमा जनताहरुको आर्थिक, सामाजिक र सास्कृतीक परिवतर्नमा योगदान गरेको बताएका थिए । कार्यक्रममा संस्थाका सल्लाहाकार देववहादुर श्रेष्ठ, नेपाल रेडक्रस सोसाईटि जिल्ला शाखा बागलुङका उपसभापती राजेन्द्र आचार्य, मानव सेवा आश्रम धौलागिरी अञ्चल बागलुङका अध्यक्ष मनिष रायमाझि, सिवाईसी लघुवित्त कार्यक्रम शाखा स्तरीय सञ्जाल बागलुङ शाखाका निर्देशक जमुना श्रीस, हटिया शाखाका पूर्व निर्देशक सरस्वती कार्की, कुश्मिसेरा शाखाका निर्देशक ममकुमारी थापा विक, अक्षते शाखाका निर्देशक उजेली शर्मा, शाखा स्तरीय सञ्जाल अक्षतेका सल्लाहाकार सीता थापा लगायतले शुभकामना मन्तव्य राखेका थिए।

स्थापना दिवसका अवसरमा संस्थाको सामाजिक दायीत्व अनर्गत संस्थाले सञ्चालन गरिरहेको मुष्ठिदान कार्यक्रम मार्फत मानव सेवा आश्रम धौलागिरी अञ्चल बागलुङले गरेको सामाजिक कार्यको उच्च मूल्याङ्कन र प्रशंसा गर्दै आश्रमका लागि ३ वर्षसम्म मासिक रु १ हजार रुपैयाका दरले ३६ हजार उपलब्ध गराउने प्रतिवद्धता अनुसार आज एक वर्षको १२ हजार रुपैपा आश्रमका अध्यक्ष मनिष थापा र केन्द्रिय अभियन्ता नवराज के.सीलाई चेक हस्तान्तरण गरेको छ । सोही अवसरमा संस्थाले सञ्चालन गरिरहेको लघुवित्त कार्यक्रमको प्रथम केन्द्र बागलुङ जिल्ला बागलुङ नगरपालीका वडा नं. ९ तित्याङ स्थित मनकामना आत्मनिर्भर महिला केन्द्र, केन्द्र नं १ लाई लघुवित्त कार्यक्रमको नीति, नियम र परिधि भित्र रहि संस्थाले लिएको गरिवी न्यूनीकरणको लक्ष्यमा सहयोग पुऱ्याए बापत प्रशंसा-पत्रद्धारा सम्मान गरेको छ । त्यस्तै कार्यक्रमकै अवसरमा संस्थाका संस्थापक, बर्तमान कार्यसमिति सदस्य सीता शर्मालाई संस्थाले समाजमा पछि परे पारीएका व्यक्ति तथा समुदायको चेतना स्तरमा बृद्धि गरी गरिवी न्यूनिकरण गराउने अभिप्रायले सञ्चालन गरिरहेको लघुवित्त कार्यक्रमको सुरुवात गरी संस्थालाई यो अवस्थासम्म ल्याई पुऱ्याउन महत्वपूर्ण योगदान पुऱ्याउनु भएकोमा सम्मान-पत्र द्धारा सम्मान गरिएको थियो ।

स्थापना कालमा ४३२५ वार्षीक बजेटबाट सुरुवात भएको सिवाईसी २५ औं बसन्त पार गरिसक्दा अरबौं रुपैयाको कारोवार गर्ने आत्मनिर्भर संस्थाको रुपमा विकास भईसको छ । तित्याङको सानो भुगोलबाट स्थापीत संस्थाको हालको कुल सम्पत्ती मात्र १ अरब ११ करोड बराबर रहेको छ । स्थापना कालमा सुचना, संगठन, बचत र सिप जस्ता ४ वटा मुल मन्त्रलाई आत्मसाथ गरी कार्य अगाडि वढाएको संस्थाले संस्थाको विकासक्रमसंगै कामलाई पनि परिवर्तन गर्दै गईरहेको संस्थाका अध्यक्ष चण्डिप्रसाद शर्मा पौडेलले बताए । विगतमा माटो, बाटो, पानी ,खाल्टो भन्ने मूख्य ध्येयका साथ काम अघि बढाए पनी यसले मात्र जनअपेक्षालाई सम्बोधन गर्न नसकेपछि पछिल्लो समयमा स्वास्थ्य, शिक्षा, लघुवित्तबाट उज्यालो भविस्यमा ध्यान केन्द्रित गरेको पौडेलको भनाई थियो । सामाजिक विकासका लागि विभिन्न कार्यक्रम प्राथमिकतामा रहेको र सबै क्षेत्रमा संस्थाले काम गर्ने उनले बताए । गैसस माग्ने हुन् भन्ने आम मान्यतालाई चिर्दै माग्ने मात्र होइन अहिले गैससले पनि अनुदान दिन सक्छन् भन्ने प्रमाणित भएको उनूले बताए । देशका विभिन्न जिल्लामा ३८ हजार बढि सदस्यसंग काम गरिरहेको सिवाईसी अब संस्था मात्र नरहेर सिवाइसी ग्रुपको रुपमा स्थापित भएको छ र हजारौ महिला दिदीवहिनीहरुको लागि माइतीको रुपमा स्थापीत भएको अध्यक्ष पौडेलले बताए ।

कार्यक्रम संस्थाका अध्यक्ष चण्डिप्रसाद शर्मा पौडेलको अध्यक्षता उपाध्यक्ष लक्ष्मण खड्काको स्वागत र सचिव विरवहादुर किसानको सञ्चालनमा सम्पन्न भएको थियो । कार्यक्रमको उद्देश्य तथा संस्थाका गतिविधिहरुको बारेका प्रवन्धक संगिता शर्मा पौडेलले जानकारी गराएकी थिईन ।

संस्थाले हाल देशका ६ वाटा जिल्लामा २० वटा कार्यालयहरु र १३० जना कर्मचारीहरु मार्फत ग्रामिण भेगमा रहेको गरिव, विपन्न तथा पछाडि पारे पारिएका वर्गहरु माझ लघुवित्त कार्यक्रम मार्फत वित्तीय तथा गैर वित्तीय सेवा प्रदान गर्दै आईरहेको छ। संस्थामा हाल ३८ हजार सदस्यहरु, ४७ करोड बचत, ९६ करोड लगानीमा रहिरहेको ऋण, ११ करोड कोष र १ अरब ११ करोड बरावरको कुल सम्पत्ती रहेको छ ।

# धौलागिरी अञ्चल अस्पताललाई पोषण पुर्नस्थापना गृह हस्तान्तरण

बागलुङ, ०१ श्रावण २०७५

धौलागिरी अञ्चल अस्पताललाई आज पोषण पुर्नस्थापना गृह हस्तान्तरण गरिएको छ । नेपाल युथ फाउण्डेसन काठ्माण्डौ र नेपाल सरकारको वाल स्वास्थ्य महाशाखाको सहयोगमा निर्माण गरिएको सो गृह एक कार्यक्रमका विच हस्तान्तरण गरिएको हो ।

विगत ५ वर्षदेखि नेपाल युथ फाउण्डेसन, चारतारे युवा क्लव, नेपाल र धौलागिरी अञ्चल अस्पतालको त्रिपक्षीय सम्झौतामा शुरु गरिएको पोषण पुर्नस्थापना गृह, हस्तान्तरण कार्यक्रमका प्रमुख अतीथी, सिवाईसीका सल्लाहाकार एवं जैमीनी न.पा.का नगरप्रमुख ईन्द्रराज पौडेल र सिवाईसीका अध्यक्ष चण्डिप्रसाद शर्मा पौडेलले अस्पतालका मेडिकल सुपरीटेण्डेन डा. सागारकुमार राजभण्डारीलाई गृहको चावी र फाईल प्रदान गरी हस्तान्तरण गरेका थिए ।

गृहको हस्तान्तरण कार्यक्रममा वोल्दै प्रमुख अतीथि पौडेलले गृह निर्माणमा सहयोग पुऱ्याउने संस्थाहरुलाई धन्यवाद दिदै अस्पतालको विकासका लागि आफुले सक्दो सहयोग गर्ने बताएका थिए । कार्यक्रममा अस्पतालका मेडिकल सुपरीटेण्डेन डा. राजभण्डारीले नेपालमा वर्षेनी कुपोषणका कारण धैरै वालवालीकाहरुको मृत्यू हुने बताउदै यसको रोकथामका लागि पनी पोषण पुर्नस्थापना गृहको आवश्यकता रहेको बताएका थिए । उनले गृह आज देखि पूर्ण रुपमा अस्पतालको जिम्मामा आएकाले यसलाई व्यवस्थीत गर्दै जिल्लामा रहेको कुपोषित वालवालीकाहरुलाई सेवा प्रदान गर्ने प्रतिवद्धत समेत व्यक्त गरेका थिए ।

सोही क्रममा जिल्ला जनस्वास्थ्य कार्यालयका वरिष्ठ जनस्वास्थ्य प्रशासक दिपकप्रसाद तिवारीले बागलुङ जिल्लामा खाद्यान्नको कमीले भन्दा पनी खाने कुराको व्यवस्थापन गर्न नजान्दा वालवालीकाहरु कुपोषणको



सिकार हुने बताएका थिए । कार्यक्रममा चारतारे युवाक्लव नेपालका अध्यक्ष चण्डिप्रसाद शर्मा पौडेलले सिवाईसीको संयोजनमा बनको गृह नेपाल सरकारको निकायलाई हस्तानतरण गर्न पाउनु सिवाईसीका लागि गर्वको विषय भएको बताए । पौडेलले संस्थाको तर्फवाट हस्तान्तरण भएतापनी अस्पतालले आवश्यकता महशुस गरेका विषयहरुमा सदैव सिवाईसी सहकार्य गरेर अगाडि वढ्ने समेत प्रतिवद्धता व्यक्त गरेका थिए ।

कार्यक्रममा नेपाल युथ फाउण्डेसन र पोषण पुर्नस्थापना गृह बागलुङको बारेमा फाउण्डेसनका सञ्चालन निर्देशक रीश्व गोर्खाली र पोषण संयाजक सुनीता रिमालले जानकारी गराएका थिए । गृहमा पौष्टीक आहारको कमीले कुपोषित भएका विरामी वालवालीकाहरुलाई पुनर स्थापना गरिने, गृहमा १० वटा वेड रहेको र विरामी लगाएत कुरुवालाई समेत खाना बस्नेको सुविधा रहेको, हालसम्म गृहबाट ५०४ जनालाई पोषण सुविधा प्रदान गरिसकीएको एवं गृहमा ८ जना कर्मचारीहरु कार्यरत रहेको कार्यक्रममा जानकारी गराईएको थियो ।

अस्पताल विकास समितिका अध्यक्ष राम्जी सुवेदीको अध्यक्षतामा सम्पन्न कार्यक्रमको स्वागत सिवाईसीका कार्यसमिति सदस्य सीता शर्मा र सञ्चालन संस्थाका प्रवन्धक संगिता शर्मा पौडेलले गरेकी थिईन ।

# क्रिस्टलका गहना निर्माण सम्वन्धि तालिम पश्चता सहभागिहरू उत्साहीत



बागलुङ १८, श्रावण २०७५

चारतारे युवा क्लव नेपाल र सिवाईसी बचत तथा ऋण सहकारी संस्था लि. बागलुङले संयूक्त रुपमा आयोजना गरेको क्रिस्टल गहना निर्माण सम्वन्धि प्रशिक्षक प्रशिक्षण तालिम शुक्रवार सम्पन्न भएको छ।

सोमवारदेखि सुरु भएको उक्त तालिमका सहभागिहरु तालिम समापन भईसक्दा निकै नै उत्साहीत देखीएको छन् । सहभागिहरुले तालिम धैरै नै उपलब्धीमुलक भएको र यसले आफुहरुलाई उद्यम गर्न थप प्रेरीत गरेको बताएका थिए । ५ दिनमा क्रिस्टलको प्रयोग गरी माला, चुरा, औंठी, लकेट लगाएत विभिन्न प्रकारका गहना बनाउने सिप सिक्न सफल भएको बताउदै सहभागिहरुले यस तालिमले महिलाहरुमा आत्मनिर्भर बन्ने पेरणा दिएको समेत बताएका थिए।

तालिमबाट प्रभावित भई धम्जा स्थायी घर भएकी तालिममा सहभागि सिवाईसीका सदस्य भिमकुमारी श्रीसले बिहीवार बा.न.पा.-२ दुरसञ्चार रोडमा आफ्नो उद्यम/पसल पनी सञ्चालन गरिसकेकी छन्।

तालिम समापनका क्रममा समापन सत्रका प्रमुख अतीथी संस्थाका पूर्व सल्लाहाकार, विशिष्ट सदस्य एवं स्वास्थ्य विज्ञ डा. तरुण पौडेलले तालिमवाट सिकेको सिपलाई प्रमाण-पत्रमा सिमीत नराखी व्यवसायीक बन्न सहभागिहरुलाई आग्रह गर्नुभएको थियो । सोही अवसरमा वोल्दै उपभोक्त मञ्च बागलुङका अध्यक्ष शैलेन्द्र श्रेष्ठले यस्ता किसीमका सिपमुलक तालिमले महिलाहरुलाई आत्मनिर्भर र व्यवसायीक बन्न सघाउ पुऱ्याउने बताउनु भएको थियो।

समापन कार्यक्रममा सिवाईसी नेपालका कार्यसमिति सदस्य सीता शर्मा, तालिमका प्रशिक्षक कमला सुवेदी लगाएतले पछिल्लो समयमा क्रिस्टलका गहनाको माग बढेकाले आफुले सिकेको सीप व्यवसायीक रुपमा प्रयोग गर्न सहभागिहरुलाई सुझाव दिनुभएको थियो।

बागलुङ र गुल्मी जिल्ला गरी सिवाईसीका ३० जना उद्यमी सदस्यहरुको उपस्थिती रहेको कार्यक्रमको समापन गर्दै संस्थाका अध्यक्ष पौडेलले सहभागिहरुबाट उत्पादीत सामाग्रीहरुको बजार व्यवस्थापन र प्रचार प्रसारमा सिवाईसीले सधै सहयोग गर्ने बताउनु भएको थियो । उहाँले सिवाईसीको अवको लक्ष्य भनेको सदस्यहरुलाई कसरी धनी बनाउने भन्ने रहेकाले यस्ता खालका सिपमुलका तालिमहरु वर्षभर नै सञ्चालन गर्ने समेत बताउनु भएको थियो।

५ दिन सम्म सञ्चालीत कार्यक्रम समापन सत्रको अध्क्षता संस्थाका अध्यक्ष पौडेल र सञ्चालन प्रवन्धक संगिता शर्मा पौडेलले गरेकी थिईन।

# वित्तीय व्यवस्थापन विना समृद्धि असम्भव-ढुङ्गाना




बागलुङ २६, श्रावण २०७५

जिल्ला समन्वय समिति बागलुङका प्रमुख राजेन्द्र ढुङ्गानाले वित्तीय व्यवस्थापन विना समृद्धि असम्भव रहेको बताएका छन् ।

चारतारे युवा क्लव सिवाईसी नेपालले सञ्चालन गरिरहेको वित्तीय साक्षरताको अभियान अन्तर्गत शनिवारदेखि बागलुङ बजारमा संस्थाका सिनीयर कर्मचारीहरुका लागि आयोजना गरेको वित्तीय साक्षरता प्रशिक्षक प्रशिक्षण तालिमको उद्घाटनका क्रममा सो कुरा बताएका हुन ।

प्रमुख अतीथि ढुङ्गानाले जनताको जनस्तर, जीवनस्तर र चेतनास्तर परिवर्तन गर्न वित्तीय साक्षरता अत्यावश्यक रहेको बताउदै जीवन सुखमय गराउनका लागि बचतलाई विशेष प्राथामिकता दिनुपर्ने भनाई राखेका थिए । विदेशमा रहेका नेपालीहरुले ठुलो मात्रमा रेमीट्यान्स नेपालमा पठाउने गरेतापनी त्यसको सहि सदुपयोग र बचत हुन नसकेको ढुङ्गानाको भनाई थियो ।

प्रमुख अतीथि ढुङ्गानाले २०४६ को परिवर्तन पश्चात जिल्लामा धैरै संस्थाहरु स्थापना भएतापनी केही संस्थाहरुले मात्र आफुहरुलाई स्थापीत गर्न सकेको बताउदै सिवाईसीले समाजको विकास र समृद्धिका लागि पुऱ्याएको योगदान प्रशंसनीय रहेको बताए ।

उद्घाटन कार्यक्रममा सिवाईसी नेपालका संरक्षक एवं वरिष्ठ अधिवक्ता पद्मनाथ शर्मा पौडेल, जिल्ला स्वास्थ्य सहकारी संघ लि. बागलुङका अध्यक्ष एवं सीवईसीका संस्थापक सीता शर्मा, तालिम कार्यक्रमका प्रमुख प्रशिक्षक विनोद अधिकारी, सिवाईसीका कार्यसमिति सदस्य रेशमवहादुर के.सी लगाएतले कार्यक्रम सफलताको शुभकामना व्यक्त गरेका थिए ।

४ दिनसम्म सञ्चालन हुने तालिम कार्यक्रमको उद्घाटन सत्रलाई समापन गर्दै संस्थाका अध्यक्ष चण्डिप्रसाद शर्मा पौडेलले संस्थालाई संस्थागत गर्न आफ्नो टिमले भोगेका दुखःका दिनहरु अहिले खुसीमा परिणत भएको अनुभुती आफुले गरिरहेको बताएका थिए । सिवाईसी अव अर्को चरणमा प्रवेश गरिसकेको बताउदै पौडेलले सिवाईसीले अव संस्थामा लागिसकेपछि सदस्यहरुमा के परिवर्तन आयो भन्ने विषयलाई प्रथामिकता दिने बताएका थिए । संस्थाले सञ्चालन गरिरहेको वित्तीय साक्षरताको अभियान आफ्ना सदस्यहरुलाई उद्यमी र जागरुक बनाउनका लागि रहेको पौडेलको भनाई थियो ।

संस्थाका २१ वटा शाखा कार्यालयबाट ३५ जनाको सहभागि रहेको तालिमको सहजिकरण प्रशिक्षक द्धोय

विनोद अधिकारी र प्रेम वाग्लेले गर्ने संस्थाले जनाएको छ।

कार्यक्रम संस्थाका अध्यक्ष पौडेलको अध्यक्षता कोषाध्यक्ष विमला गुरुङर स्वागत र प्रवन्धक संगिता शर्मा पौडेलको सञ्चालनमा सम्पन्न भएको थियो।

# सिवाईसीको २६ औं वार्षिक साधारण सभा सम्पन्न

## २६ वर्षमा अरब भन्दा माथिको कारोवार



जिल्लाको साविक तित्याङ गाविस वडा नं. ९ मा २०४९ आश्विन २६ गतेका दिन स्थापीत सामाजिक विकास संस्था चारतारे युवा क्लव नेपालले आफ्नो २६ औं वार्षिक साधारण सभा शनिवार सम्पन्न गरेको छ ।

साधारण सभाको उद्घाटन प्रमुख अतिथी संस्थाका संरक्षक वरिष्ठ अधिवक्त पद्मनाथ शर्मा पौडेलले पानसमा दिप प्रज्वलन गरेका थिए । उद्घाटन पश्चात कार्यक्रमलाई सम्वोधन गर्दै प्रमुख अतीथी पौडेलले संस्थाले सञ्चालन गरेका क्रियाकलापहरुले प्रत्यक्ष रुपमा जनताहरुको आर्थिक, सामाजिक र सास्कृतीक परिवतर्नमा योगदान गरेको बताए । पौडेलले संस्थाले पछाडि परे पारीएका गरिव तथा विपन्न महिला, पुरुषहरुलाई लघुवित्त कार्यक्रमको मार्फत आय आर्जनका कार्यहरुमा संलग्न गराई उद्यमको सिर्जना गरिरहेको बताउदै केही गर्छु भन्ने आँट भएका तर पैसाको अभावमा केही गर्न नसकेका व्यक्तीहरुका लागि सिवाईसी सारथी बनीरहेको बताएका थिए । संस्थाले वित्तीय कारोवारसंगसंगै समाजमा प्रत्यक्ष प्रभाव पार्ने धैरै प्रकारका कार्यहरु गरिरहेको समेत पौडेलले बताएका थिए ।

कार्यक्रममा संस्थाका सल्लाहाकार देववहादुर श्रेष्ठ, सल्लाहाकार जगन्नाथ आचार्य, संस्थाका विशिष्ट सदस्य एवं नेपाली कांग्रेस जिल्ला सभापती दिपेन्द्रवहादुर थापा, संस्थाका विशिष्ट सदस्य एवं उद्योग वाणिज्य संघ बागलुङका पूर्व अध्यक्ष बसन्तकुमार श्रेष्ठ, कार्यसमिति सदस्यहरुको तर्फवाट कार्यसमिति सदस्य सीता शर्मा, उद्यमी सदस्यहरुको तर्फवाट हटिया शाखाका सल्लाहाकार सरस्वती कार्की, बागलुङ शाखाका भिमकुमारी श्रीस, पुरुष लघुवित्त केन्द्रका उद्यमी सदस्य चन्द्रवहादुर छन्त्याल, अक्षते शाखा स्तरीय सञ्जालका सल्लाहाकार सीता थापा लगाएतले शुभकामना मन्तव्य राखेका थिए ।


साधारण सभाका अवसरमा संस्थाले समुदायमा सिवाईसी कार्यक्रम अन्तर्गत बागलुङ शाखा कार्यालय अन्तर्गतको बराहथान आत्मनिर्भर महिला केन्द्र मालिकालाई स्टेचर वितरण गरिएको थियो । कार्यक्रममा अक्षते शाखा अन्तर्गतका सीता थापा (कविता) को टोलीले चेतनामुलक गित प्रस्तुत गरेका थिए ।

स्थापना कालमा ४३२५ वार्षीक बजेटबाट सुरुवात भएको सिवाईसी २६ औं वार्षिक साधारण सभासम्म आईपुग्दा अरबौं रुपैयाको कारोवार गर्ने आत्मनिर्भर संस्थाको रुपमा विकास भईसकेको छ । तित्याङको सानो भुगोलबाट स्थापीत संस्थाको हालको कुल सम्पत्ती मात्र १ अरब भन्दा माथि रहेको छ । कार्यक्रमको समापनका

क्रममा संस्थाका अध्यक्ष चण्डिप्रसाद शर्मा पौडेलले स्थापना कालमा सुचना, संगठन, बचत र सिप जस्ता ४ वटा मुल मन्त्रलाई आत्मसाथ गरी कार्य अगाडि वढाएको संस्थाले संस्थाको विकासक्रमसंगै कामलाई पनि परिवर्तन गर्दै गईरहेको बताएका थिए । विगतमा माटो, बाटो, पानी ,खाल्टो भन्ने मूख्य ध्येयका साथ काम अघि बढाए पनी यसले मात्र जनअपेक्षालाई सम्बोधन गर्न नसकेपछि पछिल्लो समयमा स्वास्थ्य, शिक्षा, लघुवित्तबाट उज्यालो भविस्यमा ध्यान केन्द्रित गरेको पौडेलको भनाई थियो । सामाजिक विकासका लागि विभिन्न कार्यक्रम प्राथमिकतामा रहेको र सबै क्षेत्रमा संस्थाले काम गर्ने उनले बताए ।

साधारण सभामा संस्थाका सचिव विरवहादुर किसानबाट प्रस्तुत आर्थिक वर्ष ०७३।०७४ को प्रगती तथा ०७४।०७५ को प्रस्तावीत नीति तथा कार्यक्रम र संस्थाका कोषाध्यक्ष विमला गुरुङबाट प्रस्तुत आर्थिक वर्ष ०७३।०७४ को आर्थिक प्रगति तथा ०७४।०७५ को प्रस्तावीत आय व्यय विवरण व्यापक रुपमा छलफल भई सर्वसम्मतीवाट पारीत भएको थियो ।
कार्यक्रम संस्थाका अध्यक्ष चण्डिप्रसाद शर्मा पौडेलको अध्यक्षता उपाध्यक्ष लक्ष्मण खड्काको स्वागत र सचिव विरवहादुर किसानको सञ्चालनमा सम्पन्न भएको थियो

संस्थाले हाल देशका ६ वाटा जिल्लामा २० वटा कार्यालयहरु र १२७ जना कर्मचारीहरु मार्फत ग्रामिण भेगमा रहेको गरिव, विपन्न तथा पछाडि पारे पारिएका वर्गहरु माफ लघुवित्त कार्यक्रम मार्फत वित्तीय तथा गैर वित्तीय सेवा प्रदान गर्दै आईरहेको छ। संस्थामा हाल ३८ हजार सदस्यहरु, ४६ करोड बचत, ९६ करोड लगानीमा रहिरहेको ऋण, ११ करोड कोष र १ अरब भन्दा माथिको कुल सम्पत्ती रहेको छ।



ने.रा. बैंक अनुमतिपत्र नं. ५।२०५६।५८

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
गैर बैंक व्यवस्था विभाग
वित्तीय मध्यस्थताको काम गर्ने अनुमतिपत्र

श्री ५ को सरकार, गृह मन्त्रालय, जिल्ला प्रशासन कार्यालय, बाग्लुङ ... मा संस्था दर्ता ऐन, २०३४ अन्तर्गत मिति २०४६ / ६ /२६ मा दर्ता नं. ..५४... ... ... ... अन्तर्गत दर्ता भएको ..चारतारे युवा क्लब., बाग्लुङ... ... ... ... लाई वित्तीय मध्यस्थताको काम गर्ने संस्था सम्बन्धी ऐन, २०५५ को दफा ६ को उप-दफा (१) बमोजिम यस बैंकवाट तोकिएका संलग्न शर्तहरुको अधिनमा रही वित्तीय मध्यस्थताको काम गर्न वित्तीय मध्यस्थता सम्बन्धी नियमावली, २०५६ को नियम ५ को उप-नियम (२) बमोजिम यो अनुमतिपत्र प्रदान गरिएको छ ।

मिति: २०५६।२।२३

मुख्य व्यवस्थापक

# युवाहरूको सहभागिता विना विकास असम्भव-प्र.जि.अ. खरेल

बागलुङ २७, श्रावण २०७५

बागलुङका प्रमुख जिल्ला अधिकारी वेदप्रसाद खरेलले युवाहरुको सहभगिता विना विकास असम्भव रहेको बताउनु भएको छ ।



अन्तराष्ट्रिय युवा दिवसका अवसरमा जिल्ला युवा समिति बागलुङ र बागलुङ नगरपालीकाको संयूक्त आयोजना तथा चारतारे युवा क्लव सिवाईसी नेपालको सहयोग एवं सहकार्यमा आयोजीत कार्यक्रममा बोल्दै प्रमुख अतीथि खरेलले सो कुरा बताउनु भएको हो ।

युवाहरु परिवर्तनका संवाहाक भएको बताउदै खरेलले परिवर्तनका लागि नयाँ सोच, उर्जा, चेतना, मौलीकता र गर्न सक्छु भन्ने आँट चाहीने र त्यसका लागि युवा अपरिहार्य भएको बताउनु भयो । नेपालमा युवा शक्तिको उचीत प्रयोग र सहि अर्थमा परिचालन गर्न नसकिएकाले देशको समृद्धिमा चूनौती थपिरहेको खरेलको भनाई थियो । हाम्र देशका युवाहहरु रोजगारी, अध्ययन तथा रोजगारको खोजीमा विदेश जाने क्रम उल्लेख्य रहेको उल्लेख गर्दै खरलले युवाहरुको विदेश पलायनलाई रोक्नका लागि राज्यले नीतीगत कदम चाल्नुपर्ने बताउनु भएको थियो ।

कार्यक्रममा सिवाईसी सञ्जालका अध्यक्ष चण्डिप्रसाद शर्मा पौडेलले समृद्ध देश बनाउन युवाहरुको महत्वपूर्ण भूमिका हुने बताउनु भएको थियो । नेपालको राजनीतीले युवाहरुलाई तोड फोड गर्न मात्र सिकाएको भन्दै युवाहरुलाई कृषि मार्फत आत्मनिर्भरता तर्फ लैजानुपर्ने पौडेलको भनाई थियो । कार्यक्रममा जिल्ला स्वास्थ्य सहकारी संघ लि. बागलुङका अध्यक्ष सीता शर्मा लगाएतले शुभकामना मन्तव्य राख्नु भएको थियो ।

कार्यक्रमका क्रममा जिल्ला युवा समितिका कार्यालय प्रमुख एवं जिल्ला शिक्षा विकास तथा समन्वय ईकाईका कुश्मराज उपाध्यायले युवा समितिले गर्ने कार्यहरु, नेपालमा युवाको अवस्था, युथ भिजन २०२५, बागलुङ जिल्लामा युवाको अवस्था लगाएतका विषयहरु समेटीएको कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । सोही क्रममा जिल्ला शिक्षा विकास तथा समन्वय ईकाईका बागलुङका श्रोत व्यक्ती ढकवहादुर पुनले ग्लोबल सिटिजन विषयमा सहजिकरण गर्नुभएको थियो ।

कार्यक्रममा प्रमुख जिल्ला अधिकारी खरेलले आफ्नो सम्मानको संस्कार अन्तर्गत सिवाईसीको माध्यमवाट देशको आर्थिक विकास र समृद्धिमा महत्वपूर्ण योगदान पुऱ्याए वापत सिवाईसी नेपालका अध्यक्ष चण्डिप्रसाद शर्मा पौडेल र युवा प्रतिभा सम्मान अन्तर्गत जिल्ला शिक्षा विकास तथा समन्वय ईकाईका बागलुङका श्रोत व्यक्ती ढकवहादुर पुन सहभागिहरु अर्जून ढकाल, मनिषा गौतम र अस्मिता शर्मालाई टिका तथा खादाबाट सम्मान गर्नुभएको थियो ।

कार्यक्रम बागलुङ नगरपालीकाका प्रमुख प्रशासकीय अधिकृत भिमप्रसाद कुँवरको अध्यक्षता युवा समितिति बागलुङका प्रमुख उपाध्यायको स्वागत तथा उद्देश्य माथी प्रकाश र सिवाईसी नेपालका प्रवन्धक संगिता शर्मा पौडेलको सञ्चालनमा सम्पन्न भएको थियो ।

अन्तराष्ट्रिय युवा दिवसकै अवसरमा चारतारे युवा क्लव सिवाईसी नेपालले बागलुङको ट्राफिक चोकदेखि मालढुङ्गासम्म युवा डौड कार्यक्रम पनी सम्पन्न गरेको थियो । डौडमा ४७ जना युवाहरुको सहभागिता थियो ।

अन्तराष्ट्रिय युवा दिवस १९९९ देखि विश्वभरिका राष्ट्रहरुले उत्सवका रुपमा मनाउदै आईरहेका छन् । संयुक्त राष्ट्र संघले युवाका मुद्धाहरुलाई स्थापीत गर्न प्रत्येक वर्षको १२ अगस्टलाई अन्तराष्ट्रिय युवा विसका रुपमा घोषाण गरेको छ । युवाका सवालमा विश्वका सरकार तथा सरोकारवालालाई सचेत तथा जागरुक गराउन यो दिवस घोषण गरिएको हो । नेपालमा पनी आजको दिन देशभरमा विभिन्न कार्यक्रमहरु गरी मनाउने क्रम जारी छ ।

# सकरात्मक सोचका साथ अगाडि वढ्न सके जीवन सुन्दर हुन्छ- अधिकारी




बागलुङ २९, श्रावण २०७५

मानव सेवा आश्रमका केन्द्रिय अध्यक्ष एवं सामाजिक अभियन्ता राम्जी अधिकारीले सकरात्मक सोचका साथ अगाडि वढ्न सके जीवन सुन्दर हुने धारण व्यक्त गर्नुभएको छ।

चारतारे युवा क्लव सिवाईसी नेपालले आयोजना गरेको सकरात्मक परिवर्तनका लागि उत्प्रेरणा सम्वन्धि ब्रहत सभालाई सम्वोधन गर्दै प्रमुख अतीथि अधिकारीले यस्तो क़ुरा बताउन् भएको हो ।

संस्थाका विभिन्न २१ वटा शाखा कार्यालयका १५० जना कर्मचारी र सिवाईसीका उद्यमी सदस्यहरुको उपस्थिती रहेको कार्यक्रममा सकरात्मक सोच सम्वन्धि आफ्ना विचार राख्ने क्रममा अधिकारीले विचारको परिवर्तनले मानीसको जीन्दगीलाई नै परिवर्तन गर्न सक्ने बताउदै मरेपछी स्वर्ग र नर्गको परिकल्पना गर्नु भन्दा यो धर्तिमा रहुन्जेल आफ्नो मलमलमय जीवनलाई अलमलमा नराखीकन आफ्नो जीवनलाई सुन्दर बनाउने यात्रामा लाग्नु पर्ने बाताउनु भएको थियो ।

सकरात्मक सोच निर्माणका लागि विभिन्न उदाहरणहरु प्रस्तुत गर्दै अधिकारीले मानीसको उचाई वर्षले होइन कर्मले नाप्नुपर्ने र जीवनमा लम्वाईको भन्दा पनी उचाईको महत्व धैरै हुने धारण व्यक्त गर्नुभएको थियो । अधिकारीले करिब २ घण्टा सकरात्मक परिवर्तनका लागि उत्प्रेरण विषयमा आफ्ना विचारहरु मार्फत सहभागिहरुलाई उत्प्रेरीत गराउनु भएको थियो ।

कार्यक्रममा मानवसेवा आश्रमका केन्द्रीय सचिव रुपा के.सी, केन्द्रिय कोषाध्यक्ष होमनाथ तिमील्सीना, जिल्ला स्वास्थ्य सहकारी संघ लि. बागलुङका अध्यक्ष सीता शर्मा, वित्तीय साक्षरता सम्वन्धि विज्ञ विनोद अधिकारी लगाएतले शुभकामना मन्तव्य राख्नु भएको थियो । कार्यक्रमकै क्रममा संस्थाको बुर्तिवाङ शाखाका प्रवन्धक दयाराम थापा, तम्घास शाखाका प्रवन्धक हेमप्रसाद गुरुङ र उद्यमी सदस्य भिमकुमारी श्रीसले कार्यक्रम पश्चात आफूलाई लागेका विषयहरुमा मन्तव्य राख्नु भएको थियो । कार्यक्रमकै क्रममा सिवाईसीले सञ्चालन गरिरहेको मुष्ठिदान कार्यक्रम अन्तर्गत मानवसेवा आश्रमलाई आर्थिक सहयोग समेत उपलब्ध गराएको थियो ।

कार्यक्रममा संस्थाका अध्यक्ष चण्डिप्रसाद शर्मा पौडेलले सिवाईसीले थालानी गरेका प्रत्येक अभियानहरु मानव सेवासंग सम्वन्धित रहेको बताउदै मानविय समवेदना भन्दा ठुलो विषय अरु केही हुन नसक्ने बताउनु भएको थियो । पौडेलले पछिल्लो समयमा युवाहरुमा मौलाउदै गईरहेको नकरात्मक सोचलाई परिवर्तन गर्न नसकेमा देशको समृद्धि भाषाणमा मात्र सीमीत हुने बताउदै आर्थिक समृद्धिका लागि सिवाईसीले यस आर्थिक वर्षमा सकरात्मक सोच निर्माणसंगसंगै, सिपमुलक तालिम तथा वित्तीय साक्षरताको अभियाननै सञ्चालन गर्ने बताउनु भएको थियो ।

संस्थाले वित्तीय साक्षरताको अभियान अन्तर्गत २३ गतेदेखि विभिन्न कार्यक्रमहरु सञ्चालन गरिरहेको छ सोही कार्यक्रम अन्तर्गत आज बेलुका ६.३० बजेबाट वित्तीय साक्षरता जागरण सम्वन्धी र्‍याली सहित बजार परिक्रम गरी लोकतान्त्रीक चोकमा दिप प्रज्वलन गरी वित्तीय साक्षरता जागरण अभियानको सुरुवात भएको घोषणा गर्ने संस्थाले जनाएको छ ।

कार्यक्रम सस्थाका अध्यक्ष पौडेलको अध्यक्षता कार्यसमिति सदस्य रेशमवहादुर के.सीको स्वागत र प्रवन्धक संगिता शर्मा पौडेलको सञ्चालनमा सम्पन्न भएको थियो ।

# सिवाईसी लघुवित्त कार्यक्रमको वार्षिक समिक्षा तथा योजना तर्जुमा गोष्ठिको अन्तीम दिन तनहुँको दमौलीमा सम्पन्न ।

## आर्थिक समृद्धिका लागि उद्यम सिजर्ननाको विकल्प नरहेको-अध्यक्ष पौडेल



दमौली तनहु १३ जेठ २०७५

चारतारे युवा क्लव सिवाईसी नेपालको लघुवित्त कार्यक्रम अन्तर्गतको आ.व. ०७४।०७५ को वार्षिक समिक्षा तथा योजना तर्जुमा गोष्ठिको अन्तीम दिन अर्थात २१ औं दिन संस्थाको दमौली शाखा कार्यालयमा आईतावार सम्पन्न भएको छ।

लघुवित्त कार्यक्रममा देखिएको विकृत्तीहरुको अन्त्य तथा केन्द्र संचालनमा सदस्यहरुको उत्साह र सहभागिता कस्तो छ ? केन्द्रले भोगेका कठिनाईहरु लगाएतका विषयहरुमा सदस्यहरुसंगै छलफल तथा समिक्षा गर्ने र आगामि वर्षको कार्ययोजना निर्माण गर्ने उद्देश्यले बैशाख ९ गते संस्थाको शाखा कार्यालय कुशिमसेराबाट सुरुवात भएको कार्यक्रमको अन्तीम दिन आज दमौलीमा सम्पन्न भएको थियो।

दमौलीमा सञ्चालीत कार्यक्रमलाई सम्वोधन गर्दै संस्थाका अध्यक्ष चण्डिप्रसाद शर्मा पौडेलले आर्थिक समृद्धिका लागि उद्यम सिर्जनाको विकल्प नरहेको बताए । देशमा व्याप्त रहेको बेरोजगारीको समस्यालाई अन्त्य गर्नका लागि ग्रामिण क्षेत्रमै स-साना उद्यमहरुको सिर्जना गरी सबैलाई स्वदेशमै बस्ने वातावरण सिर्जना गर्ने सिवाईसी लघुवित्त कार्यक्रमको उद्देश्य रहेको पौडेलको भनाई थियो । सदस्यको समृद्धि र खुसीका लागि सिवाईसी लघुवित्त कार्यक्रममले सधै कार्य गर्ने बताउदै उनले लघुवित्त कार्यक्रम मार्फत प्रदान गर्ने ऋण लगानी ईमान्दार, केही गर्छु भन्ने आँट भएका र अवसर नपाएका व्यक्तिहरुलाई क्षमतामा आधारित रहेर गरेमा कुनै समस्या नहुने धारण राखेका थिए।

कार्यक्रममा उद्योग वाणिज्य संघ तनहुका अध्यक्ष मानकाजी श्रेष्ठले लघुवित्त कार्यक्रम मार्फत लगानी भएको कर्जालाई सहि ठाउँमा सदुपयोग गरी उद्यमहरुको सिर्जनामा जोड दिनुपर्ने धारण राखेका थिए । सोही क्रममा शाखा स्तरीय सञ्जालका प्रवक्ता शान्तमाया खवास, उद्यमी सदस्यहरुको तर्फवाट शोभा वाग्ले, उद्यमी सदस्य एवं व्यास न.पा.का वडा सदस्य श्रीमाया वि.क, केन्द्रप्रमुखहरुको तर्फवाट अस्विना गोद्धार लगाएतले मन्तव्य राखेका थिए।

कार्यक्रममा महिलाहरुको शशक्तिकरण र आय आर्जनमा उल्लेख्य काम गरी वार्षिक केन्द्र मूल्याङ्कनवाट शाखा स्तरमा उत्कृष्ठ हुने ३ वटा केन्द्रलाई नगद सहित पुरस्कृत

गरिएको थियो । पुरस्कृत हुने केन्द्रहरुमा क्रमशः मेलमिलाप आत्मनिर्भर महिला केन्द्र व्यास न.पा. ५, सेतीमोदी आत्मनिर्भर महिला केन्द्र व्यासस न.पा. १२ र नमुना आत्मनिर्भर महिला केन्द्र व्यास न.पा. १२ तनहु, प्रथम, दृतिय र तृतीय स्थान हाँसील गरेका थिए।

दमौली शाखा कार्यालय अन्तर्गतका केन्द्र प्रमुखहरुको उपस्थिती रहेको कार्यक्रममा वित्तीय साक्षरता सम्वन्धमा सहजिकरण संस्थाका प्रमुख कार्यकारी अधिकृत रोशनकुमार अधिकारीले गरेका थिए।

कार्यक्रमकै क्रममा संस्थाका बचत तथा ऋण अधिकृत शान्ति शर्माले लघुवित्त कार्यक्रम सम्वन्धि कविता प्रस्तुत गरेकी थिईन भने केन्द्र नं. ८ मेलमिलाप आत्मनिर्भर महिला केन्द्रका सदस्यहरुले गित र नृत्य प्रस्तुत गरेका थिए।

संस्थाका अध्यक्ष पौडेलको अध्यक्षतामा सम्पन्न् कार्यक्रमको स्वागत तथा शाखा कार्यलयको बारेमा जानकारी शाखा प्रवन्धक नगेन्द्र आचार्य र सञ्चालन मुख्य कार्यालयका प्रवन्धक संगिता शर्मा पौडेलले गरेकी थिईन।

२०४९ असोज २६ गतेका दिन तित्याङबाट स्थापीत संस्थाले हाल देशका ६ वाटा जिल्लामा २१ वटा कार्यालयहरु र १३० जना कर्मचारीहरु मार्फत ग्रामिण भेगमा रहेको गरिव, विपन्न तथा पछाडि पारे पारिएका वर्गहरु माफ लघुवित्त कार्यक्रम मार्फत वित्तीय तथा गैर वित्तीय सेवा प्रदान गर्दै आईरहेको छ। संस्थामा हाल ३८ हजार सदस्यहरु, ५५ करोड बचत, ८९ करोड लगानीमा रहिरहेको ऋण, १४ करोड कोष र १ अरब १४ करोड बरावरको सम्पत्ती रहेको छ।

# एसीयामै पहिलो पटक स्वास्थ्य अधिकार वर्ष पुस्तक प्रकाशन हुने

**बागलुङ २६, आश्विन २०७४**

प्राथामिक स्वास्थ्य सेवा श्रोत केन्द्र काठ्माण्डौले एसियामै पहिलो पटक स्वास्थ्य अधिकार वर्ष पुस्तक २०१९ प्रकाशन गर्ने भएको छ । बिहीवार बागलुङ बजारमा केन्द्रको सहयोग तथा स्वास्थ्य अधिकार तथा सुर्ति नियन्त्रण जिल्ला सञ्जाल बागलुङ र जिल्ला समन्वय संस्था सिवाईसी नेपालले संयुक्त रुपमा आयोजना गरेको पत्रकारहरुसंगको भेटघाट कार्यक्रममा एसीयामै पहिलो पटक पूस्तक प्रकाशन गर्न लागिएको बताईएको छ।

सबैलाई सहज र सुलभ रुपमा स्वास्थ्य सेवा दिनुपर्छ भन्ने मान्यताका साथ अगाडि वढिरहेको केन्द्रले देशका ५८ वटा जिल्लामा आफ्नो सञ्जाल विस्तार गरी सञ्जालहरु मार्फत स्वास्थ्य अधिकार तथा सुर्तिजन्य बस्तु नियन्त्रण सम्वन्धी कार्यहरु गर्दै आईरहेको छ । सोही अनुसार बागलुङमा पनि २०६० साल देखि स्वास्थ्य अधिकार तथा सुर्ति नियन्त्रण जिल्ला सञ्जाल बागलुङले सुर्तिजन्य पदार्थ प्रयोग न्युनिकरण गर्न विभिन्न जनचेतनामुलक कार्य गर्दै आएको छ । जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, अञ्चल अस्पताल, जिल्ल जनस्वास्थ्य कार्यालयसंग समन्वय गरेर सुर्तिजन्य पदार्थको प्रयोग न्युनिकरण अभियान सञ्चालन गर्ने सञ्जालका अध्यक्ष चण्डिप्रसाद शर्माले जानकारी दिए। संस्थाले हाल सम्म २ सय जनालाई सुर्तिजन्य पदार्थ प्रयोगकर्तालाई सुर्ति छुटाएको जनाएको छ।

जनताको स्वास्थ्य सेवा पाउनुपर्ने आधारभुत अधिकारलाई प्रत्याभूति राज्यले गरोस् भनी पैरवि र वहस गर्दै आईरहेको केन्द्रले सरकारले उपलब्ध गराउने निःशुल्क स्वास्थ्य सेवा र आमा सुरक्षा कार्यक्रमका बारेमा अध्ययन गर्ने पनि बताएको छ । आधारभुत स्वास्थ्य जनताको नैसर्गिक अधिकार भएकाले निःशुल्क रुपमा स्वास्थ्य सुविधा प्रदान गर्न केन्द्र अग्रसर भएको भेटघाटटमा जानकारी गराइएको छ।

स्थानीय तहमा जनताको क्षमताद्धारा स्वास्थ्यको सर्वाङगिण विकास र सुधार ल्याउनका लागि पनि पहल गरेको केन्द्रले जनाएको छ। कार्यक्रम स्वास्थ्य अधिकार तथा सुर्तिजन्य बस्तु नियन्त्रणका लागि जिल्ला सञ्जाल बागलुङका अध्यक्ष चण्डीप्रसाद शर्माको अध्यक्षता, जिल्ला समन्वय संस्था सिवाईसी नेपालका सि. मानव श्रोत विकास तथा सुचना अधिकृत सुमन जिसीको स्वागत, प्रवन्धक संगिता शर्मा पौडेलको सञ्चालन र नेपाल

पत्रकार महासंघका सचिव राम थापा अबिरलको समापन मन्तव्य सहित सम्पन्न भएको थियो।

# नोट/टिप्पणी